# रातो खबर साप्ताहिक
Ratokhabar weekly

वर्ष ८ अङ्क ९ पूर्णाङ्क ३२७ २०७९ भदौ १५ गते बुधबार | Wednesday, 31 August 2022 | www.eratokhabar.com/ www.ratokhabar.com | मूल्य रु. १०


## बालेनलाई क्रान्तिकारी ट्रेड युनियन महासङ्घको चेतावनी



काठमाडौँ/ नेकपा (बहुमत) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ केन्द्रीय समितिले काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहलाई फुटपाथ मजदुरहरूमाथि बुल्डोजर आतङ्क बन्द गर्न चेतावनी दिँदै बालेनका मतदाताहरूलाई आफूले दिएको मतबारे पुनर्मूल्याङ्कन गर्न आग्रह गरेको छ ।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका अध्यक्ष विनोद थापाले बिहीबार प्रेस विज्ञप्ति जारी गरी काठमाडौँ महानगरपालिकाका नवनिर्वाचित कथित स्वतन्त्र उम्मेदार बालेन शाहले

... बाँकी ५ पृष्ठमा

# सरकारले सहमति पालना नगरे हामी क्रान्ति गर्न स्वतन्त्र छौँ : कञ्चन

### बन्दी रिहाइ, मुद्दा र पक्राउपुर्जी फिर्ता नगरे प्रतिवाद गर्ने नेकपा (बहुमत) को चेतावनी






काठमाडौँ/ नेकपा (बहुमत) ले सरकार सहमति पालना नगर्न स्वतन्त्र छ भने पार्टी पनि क्रान्ति गर्न स्वतन्त्र रहेको चेतावनी दिएको छ । नेकपा (बहुमत) का संयोजक कञ्चनले सरकारले पार्टीसँग गरेको तीनबुँदे सहमति पालना नगरेमा प्रतिवाद गर्ने चेतावनी दिएका हुन् ।

नेकपा (बहुमत) केन्द्रीय समितिले आइतबार काठमाडौँमा आयोजना गरेको पत्रकार सम्मेलनमा पार्टी संयोजक कञ्चनले तत्कालीन नेकपासँग सरकारले गरेको तीनबुँदे सहमतिप्रति आफ्नो पार्टी प्रतिबद्ध रहे पनि सरकार इमानदार र जिम्मेवार नभएको भन्दै सरकारले सहमति पालना नगरे प्रतिरोध गर्ने चेतावनी दिए ।

संयोजक कञ्चनले भने, 'हामीसहित तत्कालीन नेकपा र केपी ओली नेतृत्वको सरकारबीच भएको सहमतिबाट देउवा नेतृत्वको वर्तमान सरकार पछि हटेको छ । यसमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सरकार सहमतिबाट पछि हट्न स्वतन्त्र छ भने हामी पनि सङ्घर्षमा जान स्वतन्त्र छौँ ।'

सरकारले ३२२ वटा मुद्दा फिर्ता लिन नसकिने बताउनु गम्भीर भएको भन्दै पार्टी संयोजक कञ्चनले भने, 'यसले समस्या समाधान गर्दैन । थप जटिलता ल्याउँछ । तीनबुँदे सहमति इमानदारीपूर्वक कार्यान्वयन गरी जेलमा राखिएका बन्दीलाई तत्काल रिहा गर्न आग्रह गर्दछु ।' कञ्चनले दलाल पुँजीवादी व्यवस्थामा हुने चुनावले जनताका समस्या समाधान नहुने पनि प्रस्ट पारे ।

संयोजक कञ्चनले भने, 'यो व्यवस्था नै जनविरोधी छ । यो दलाल संसदीय व्यवस्था रहेसम्म हुने चुनावको नतिजा पनि दलालकै पक्षमा हुन्छ । यसबाट जनताले केही पाउँदैनन् । यो व्यवस्थामा हुने चुनावमा जनताका प्रतिनिधि नभएर दलालकै प्रतिनिधिले जित्नेछन् । त्यसैले देश र जनताको मुक्तिका लागि यो व्यवस्थाको अन्त्य भएर वैज्ञानिक समाजवादी व्यवस्था स्थापना हुनुपर्छ । हामी यो व्यवस्थाले गराउने चुनावमा भाग लिँदैनौँ । बहिष्कार गर्छौँ ।'

नेता कञ्चनले राष्ट्रघाती नागरिकता

... बाँकी ३ पृष्ठमा

## विद्यार्थी नेता गणेश रोकाय अखिल (क्रान्तिकारी) मा प्रवेश

काठमाडौँ/ नेकपा (बहुमत) निकट अखिल क्रान्तिकारीको केन्द्रीय समितिको तेस्रो पूर्ण बैठक काठमाडौँमा सम्पन्न भएको छ । बैठककै क्रममा नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियु स्थायी समिति सदस्य गणेश रोकाय अखिल क्रान्तिकारीमा ध्रुवीकृत भएका छन् ।

... बाँकी ५ पृष्ठमा

## भीनपास्थित राजेन्द्र निर्माण सेवामा कालो ब्यानर

कञ्चनपुर/ नेकपा (बहुमत) को सुदूरपश्चिम प्रदेशअन्तर्गत कञ्चनपुर-कैलाली-डँडेल्धुरा जिल्लाको संयुक्त अभियानकै क्रममा कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका ९ मटैनामा काङ्ग्रेस नेता भीम साउदको राजेन्द्र निर्माण सेवाका काला कर्तुत उल्लेख गरेर कालो ब्यानर टाँसिएको छ ।

राजेन्द्र निर्माण सेवा प्रालिलाई सढलासुस्ती,

... बाँकी ५ पृष्ठमा

## युवा जनस्वयम्सेवक र ट्रेड युनियन महासङ्घको संयुक्त सम्मेलन

गमानसिङ घर्तीमगर, दाङ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट युवा जनस्वयम्सेवक नेपाल र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ दाङ जिल्लाको संयुक्त जिल्ला सम्मेलन तुलसीपुरमा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि पार्टी केन्द्रीय सचिवालय सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज शार्दूलले दलाल

... बाँकी ५ पृष्ठमा

## 'जनताले लिएको ऋण मिनाहा गर, बन्धकी राखिएको सम्पति फिर्ता गर'

### लघुवित्त संस्थाहरूको शोषणविरुद्ध आन्दोलनमा उत्रिन पीडितहरूलाई नेकपा (बहुमत) को आह्वान

काठमाडौँ/ नेकपा (बहुमत) ले सर्वसाधारण जनताले सहकारी र लघुवित्तका नाउँमा लिएको सम्पूर्ण ऋण मिनाहा गरी बन्धकी राखिएको जनताको सम्पूर्ण सम्पत्ति फिर्ता गर्न सरकारसँग माग गरेको छ । पार्टीका संयोजक कञ्चनले बुधबार प्रेस विज्ञप्ति जारी गरी विपन्न वर्ग सहकारी र लघु वित्तका नाउँमा ऋण र चर्को ब्याज तिर्न नसकेर आत्महत्या गर्न बाध्य बनेको थाहा पाउँदापाउँदै तिनै सहकारी र लघुवित्त सञ्चालकहरूको लुटलाई वैधानिकता दिन र उनीहरूका विरुद्ध आवाज उठाउनेलाई ठाडै कारबाही गर्न गृहमन्त्रीले भदौ १ गते प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको भन्दै आक्रोश पनि व्यक्त गरेको छ ।

पार्टी संयोजक कञ्चनले विज्ञप्तिमा भनेका छन्, 'हामी उक्त निर्देशनको घोर भर्त्सना गर्दै सहकारी र लघुवित्तका नाममा जनताको सम्पत्ति हडप्ने काम तत्काल बन्द गर्न र उक्त संस्थाहरूबाट लिइएका सबै ऋणहरू माफ गरी धरौटी वा बन्धकीका नाममा रहेका सबै सम्पत्ति फिर्ता गर्न अपिल गर्दछौँ । साथै यस्ता लघुवित्त संस्थाहरूका विरुद्ध आन्दोलनमा उत्रिन सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दछौँ ।'

पार्टी संयोजक कञ्चनद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'अहिले देशैभरि मूल रूपमा गरिब तथा मध्यम वर्गका जनता महँगी, आर्थिक अभावका कारण गाँस, बास र कपासका साथसाथै शिक्षा र स्वास्थ्य क्षेत्रमा आक्रान्त मात्र भएका छैनन्, आत्महत्या गर्न बाध्य भएका छन् । मानसिक रोगी हुन पुगेका छन् । उनीहरूसँग रहेको सीमित पुँजी वा चलअचल सम्पत्ति खिइँदै गएको छ । उनीहरूसँग रहेको सम्पत्ति बैङ्क, सहकारीलगायत लघु वित्तीय संस्थाहरूका माध्यमबाट घरजग्गा,

... बाँकी ३ पृष्ठमा

## सहिद कुमार पौडेलको परिवारद्वारा अभियानलाई स्वागत



सर्लाही/ नेकपा (बहुमत) मधेस प्रदेश ब्युरोको आयोजनामा पार्टी केन्द्रीय नीतिअन्तर्गत सञ्चालित दुईमहिने राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान २०७९ भदौ २ गते सहिद रामवृक्ष यादवको २८ औँ स्मृति दिवसको अवसरमा उद्घाटन गरी मधेस प्रदेशका जिल्लाहरूमा निरन्तर चलिरहेको छ ।

अभियान भदौ ८ गते सर्लाही जिल्ला प्रवेश गरी सहिद कुमार पौडेलको गाउँ पुग्दा सहिदका बुबा र आमाले अभियानलाई स्वागत गरेको समाचारमा जनाइएको छ । अभियान टोलीलाई सहिद कुमार पौडेलका बुबा खिलकराज पौडेल, आमा दुर्गादेवी पौडेलले खादा र अबिर लगाएर स्वागत गरेका थिए ।

... बाँकी ५ पृष्ठमा

## पार्टी नेता राजीवलाई अविलम्ब बिनासर्त रिहा गर : सुदर्शन



काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का प्रवक्ता सुदर्शनले पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्य राजीव तामाङलाई अविलम्ब बिनासर्त रिहा गर्न सरकारसँग माग गरेका छन् । पार्टीले राष्ट्रियता, जनतन्त्र, जनजीविका विषयमा देशव्यापी रूपमा 'राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियान' सञ्चालन गरिरहेको र अभियानमा जनसेवा, जनसंवाद, अन्तरक्रिया, जनसभा, भित्तेलेखन, पर्चा वितरणलगायत कार्यक्रमहरूमार्फत राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी विषयहरूमा पार्टीको नीतिलाई जनसमक्ष प्रकाश पार्ने कार्यक्रम गरिरहेको अवस्थामा शुक्रबार पार्टी नेता राजीवलाई बिनाकारण गिरफ्तार गरिएकोमा निन्दा गर्दै प्रवक्ता सुदर्शनले बिनासर्त रिहा गर्न माग गरेका हुन् ।

प्रवक्ता सुदर्शनद्वारा शनिबार जारी विज्ञप्तिमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले देशव्यापी रूपमा राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियान सञ्चालन गरिरहेको सर्वविदितै छ । अभियानअन्तर्गत जनसेवा, जनसंवाद, अन्तरक्रिया, जनसभा, भित्तेलेखन, पर्चा वितरणलगायत कार्यहरूमार्फत

... बाँकी ३ पृष्ठमा

## पार्टीको राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान तीव्र





काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले यही भदौ २ गतेबाट आरम्भ गरेको दुईमहिने 'राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान' सुदूर पूर्वको एक नम्बर ब्युरोदेखि सुदूरपश्चिमको महाकालीसम्म तीव्रताका साथ अघि बढिरहेका समाचार प्राप्त भएका छन् । अभियानका क्रममा सङ्गठन विस्तार, भेला, सम्मेलन, भित्तेलेखन, कोणसभा, सहिद परिवार भेटघाट, भ्रष्टाचारी र तस्करहरूको भन्डाफोर, दलाल संसदीय व्यवस्थाको भन्डाफोर, वैज्ञानिक समाजवादी क्रान्तिको प्रचार भइरहेको अभियानस्थलबाट प्राप्त समाचारमा जनाइएको छ ।

यसै क्रममा नेकपा (बहुमत) चितवनले राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान तीव्र पारेको छ । अभियानकै क्रममा रत्ननगर नगरपालिकाको पार्टी भेला सम्पन्न भएको छ भने भेलाले इन्चार्ज सविन र संयोजक अभयसहित २५ सदस्यीय नगर समिति गठन गरेको छ ।

राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियानका क्रममा विभिन्न जवस/मोर्चाका संयोजक पनि चयन गरिएको नेकपा (बहुमत) चितवनले जनाएको छ । जागरण अभियान जिल्ला पार्टीका संयोजक विजय शर्माको नेतृत्व र नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य रणदीपको विशेष उपस्थितिमा सञ्चालन

... बाँकी ५ पृष्ठमा

## सुर्खेत सुनकाँडाबासीमाथिको अत्याचार : समस्त नागरिकको सरोकार

### देश/परिवेश
■ कञ्चन



सुर्खेत जिल्लाको चौकुने गाउँपालिकामा पर्ने सुनकाँडा गाउँबाट बस्ती उठाउने र केही दलालहरूले त्यहाँका बासिन्दाको घर-जमिनजस्तो आधारभूत सम्पत्ति हडप्ने प्रयत्न गरेको देखियो । हुनत जनताको सम्पत्ति विकाका लागि दखल गरिएको भनिएको छ तर जनताको सम्पत्ति दखल गर्दा राज्यले केही ध्यान पुन्याउनु अनिवार्य हुन्छ । त्यही कारण त राज्यको आवश्यकता पर्छ जनताका लागि । राज्यको भूमिका स्थानीयदेखि प्रदेशसम्म कानुनको जरा समात्लेमा तल्लीन देखिन्छ तर जनताको जरा समात्न बिर्सिएको छ ।

सुनकाँडाबस्तीमा बसेका बासिन्दाको ऐतिहासिक अवस्था र जमिन हडप्न गरिएका केही हर्कतहरू यसप्रकार छन् : विक्रम संवत् २०२२ सालतिर सुनकाँडामा बसेका बसिन्दाको जमिन २०२८ सालतिर नापी भएको थियो । त्यतिबेला जति बासिन्दा बसेको भए पनि तत्कालीन पञ्च, मुखिया र कर्मचारीहरूको छलछामपूर्ण व्यवहारस्वरूप सबै किसानको जमिन सामूहिक रूपमा केही व्यक्तिहरूका नाममा दर्ता गरियो । त्यतिबेला जसको नाममा जमिन दर्ता गरिएको थियो उसैबाट मोहीधनीहरूसँग जमिनको तिरो उठाइन्थ्यो र जिल्ला सदरमुकाम पुन्याउने गरिन्थ्यो । केही वर्षपछि, जमिनको महत्व बढ्दै गए पनि सामूहिक रूपमा दर्ता गरिएका जमिनहरू साधारण मानिसहरूले खाइकरहरूलाई नामसारी गरिदिए तर तत्कालीन पञ्च र मुखियाहरूले मोहीलाई जमिन नदिने र आफ्नो सम्पत्तिका रूपमा प्रयोग गर्ने विधि अपनाए जसको कारण सुर्खेत जिल्लाका पश्चिम क्षेत्रका तमाम जमिन केही पञ्चहरूका नाममा रहन पुग्यो ।

त्यही प्रकृतिको जमिन सुनकाँडाको थियो जहाँ तत्कालीन अवस्थामा त्यहाँका केही किसानहरूका नाममा ४१७ रोपनी जमिन दर्ता गरिएको थियो । सुनकाँडामा पानीको मूल छैन । कतैबाट कुलो पुन्याउन पनि सहज बनेन । वर्षात्तुमा पानीको मूल उम्रने र वर्षाकै पानीले खेती गरिने मैदान भएको कारण त्यहाँका बासिन्दा न स्थायी रूपमा बस्न सक्थे न जमिन छाडेर अन्य क्षेत्रमा बसोबास नै गर्न सक्थे । छिमेक बनेका उत्पीडित समूह न त कुनै स्थानमा नयाँ जमिन खरिद गर्न सक्थे, न नयाँ स्थानमा नयाँ बस्ती बसाउन सक्थे । वरिपरि ठूलो जङ्गल र बीचमा मैदान भएका कारण खेतीका साथै

... बाँकी ३ पृष्ठमा

## सम्पादकीय

# ‘तिमी तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले लड्छौँ’

सरकारले तीनबुँदे सहमति नमान्ने निर्णय सुनाएको छ । कथित स्थानीय तहको चुनावपछि आफूलाई बलियो ठानेको सरकारले हठात् यस्तो गलत निर्णय सुनाएको हो । पाँचदलीय गठबन्धन सरकारका गृहमन्त्री, कानुनमन्त्री र महान्यायाधिवक्ताले संयुक्त पत्रकार सम्मेलन गरी उनीहरूकै भाषामा ‘नकारात्मक ३२२ वटा मुद्दा’ फिर्ता लिन नसकिने सार्वजनिक गर्नु हिजो केपी वली सरकारसँग गरिएको तीनबुँदे सहमतिको गम्भीर उल्लङ्घन हो । पुष्पकमल दाहाल–केपी वली नेतृत्वको तत्कालीन सरकारले २०७५ साल फागुन २८ गतेदेखि तत्कालीन नेकपा (हालको नेकपा बहुमत) माथि प्रतिबन्ध घोषणा गरेको समयमा हजारौँ नेता–कार्यकर्तालाई झूट्टा मुद्दा लगाउँदै गिरफ्तार गरेर चरम यातना दिने, मुद्दा चलाइएका नेता–कार्यकर्ताको चलअचल सम्पत्ति तथा सेवासुविधा रोक्का एवम् निलम्बन गर्ने गैरराजनीतिक र अलोकतान्त्रिक निर्देशनसमेत दिएको छ । २०७७ साल फागुन २१ गते सरकार र तत्कालीन नेकपाका बीचमा ३ बुँदे सहमति भएको १९ महिना पुगिसक्दा पनि सहमति कार्यान्वयन गर्नुको साटो उल्टै पत्रकार सम्मेलन गरी मुद्दा तोकेरै फिर्ता नलिने घोषणा गर्नु, पार्टीका नेतामाथि पक्राउ पुर्जी जारी गर्नु, सहमतिविपरीत पार्टी नेता–कार्यकर्तालाई जेलमै बन्दी बनाइराख्नु सरकारले जनतालाई मुठभेडका लागि गरेको आह्वान हो । यस्तो मूर्खतापूर्ण निर्णय गरेर सरकारले आफैँ पर्ने खाल्टो खनेको छ ।

नेकपा (बहुमत) ले पत्रकार सम्मेलन आयोजना गरी सहमति नमान्ने सरकारी निर्णयप्रति गम्भीर असहमति जनाएको छ । पार्टीले दलाल पुँजीवादी व्यवस्थाले आफ्नो सत्ता अझ सुदृढ बनाउनका लागि घोषणा गरेको कथित प्रदेश र सङ्घको चुनाव बहिष्कार गर्ने, उक्त चुनाव र व्यवस्थाको भन्डाफोर गर्ने, वैज्ञानिक समाजवादी क्रान्ति र वैज्ञानिक समाजवादी व्यवस्थाको प्रचारप्रसारका लागि अभियान सञ्चालन गर्ने घोषणा गरेको छ । नेकपा (बहुमत) ले के कुरा पनि प्रस्ट पारेको छ भने सरकार तीनबुँदे सहमति पालना नगर्न स्वतन्त्र छ भने पार्टी पनि सङ्घर्ष र क्रान्ति अघि बढाउन स्वतन्त्र छ । यसको अर्थ पुरानो सत्ता अर्थात् दलाल पुँजीवादी सत्ता हिजो विद्रोहीसँग गरेको सहमति लागू नगरेर देशमा द्वन्द्व कायमै रहेको र सरकार कुनै पनि समयमा विद्रोहीमाथि अझ कडा दमन गर्न तयार छ भन्ने बुझिन्छ । सरकारको इँटको जबाफ पत्थरले दिँदै नेकपा (बहुमत) ले पनि सरकार सहमति पालना नगरेर, सहमति तोडेर, कार्यकर्ता जेलमै राखेर, नेताहरूमाथि पक्राउ पुर्जी जारी गर्न र विभिन्न बहानामा नेता–कार्यकर्तालाई धमाधम गिरफ्तार गरी मुठभेडकै वातावरण निर्माण गर्न चाहन्छ भने पार्टी पनि सङ्घर्ष अघि बढाउन स्वतन्त्र रहेको उद्घोष गरेको छ । यो परिस्थिति तत्कालका लागि मुलुकलाई मुठभेडतर्फ लैजाने सङ्केत हो । सरकारले जनता र देशमाथि उत्पीडन र क्रूरता लादेर फेरि प्रत्यक्ष रूपमा मुठभेड सुरु भएमा त्यसको फाइदा कसलाई होला, त्यो त निकट भविष्यले देखाउला तर देश र जनतामाथि निरन्तर क्रूरतापूर्वक दोहन गरिरहेको दलाल पुँजीवादी सत्ता र सरकारविरुद्ध आक्रोश अभिव्यक्त गरिरहेका जनताले रोज्ने भनेको दलाल पुँजीवादविरुद्ध विद्रोहकै र मुक्तिकै बाटो हो । यो भन्ने प्रस्ट छ किनकि इतिहासमा कुनै पनि दलाल र तानाशाही व्यवस्था वा पात्रहरूले होइन, जनताले जित्दै आएका छन् ।

कतिपय मानिसहरूलाई लाग्न सक्छ, जनताले बारम्बार किन विद्रोहकै बाटो, लडाइँ र जोखिमकै बाटो अँगालिरहन्छ ? तर यो भ्रम मात्र हो । मानिसको मूल प्रवृत्ति भनेको विद्रोही र स्वतन्त्रता–समानताप्रेमी नै हो । मानिसले समानता र स्वतन्त्रताकै धेरै लगानी गरेको छ । धेरै रगत–पसिना बगाएको छ र मुख्य कुरा बलिदान गरेको छ । विगतमा देश र जनताको स्वतन्त्रता र मुक्तिका नाउँमा धेरै आन्दोलन, विद्रोह र युद्धहरू भए । विद्रोह र युद्धले मात्र आमूल परिवर्तन ल्याउन सकेन भन्दै जनक्रान्ति आरम्भ गरियो र १२ जनाको बलिदान तथा हजारौँमाथि जेल, हिरासत, झूट्टा मुद्दा, यातना र प्रताडना भयो । अझै पनि कयौँ योद्धाहरू जेलको चिसो छिँडीमा बस्न विवश छन् तर पनि जनताको जीवन बदलिएको छैन । देशमाथिको सङ्कट टरेको छैन । देशमा भ्रष्टाचार मौलाइरहेकै छ । महँगी, मूल्य वृद्धि, तस्करी, विभिन्न बहानामा शोषण, दमन, हत्या, अन्याय, अत्याचार, व्यभिचार अझै बढेको छ । लोकतन्त्र र गणतन्त्रको बोक्रोले जनताको आङ ढाकिने र पेट भरिने अवस्था नभएपछि शरीरमा केही शक्ति बाँकी भएका झन्डै एक करोड हाराहारी युवा कामको खोजीमा भौँतारिँदै विदेशको जोखिमपूर्ण श्रममा लाग्न विवश छन् । साम्राज्यवादले नयाँनयाँ योजनामा दलाल र भ्रष्ट नेताहरू जन्माइरहेको छ र देशलाई आफ्नो चक्रव्यूहमा फसाइरहेको छ । एमसीसीदेखि राष्ट्रघाती नागरिकता विधेयकसम्म यसका केही उदाहरण हुन् । एउटा नटवरलालले दस हजार योद्धासहित नेपाल आमाका सत्र हजार सन्ततिको रगत बगेपछि जनतालाई धोका दिँदै क्याम्प फेरेको थियो । अर्को नटरवरलाल जन्मिएर फेरि अरू योद्धाको रगत बगिसकेपछि आत्मसमर्पण गरेर वर्गसङ्घर्षमाथि गद्दारी गरेको छ । यो अवस्थामा देशभक्त, क्रान्तिकारी, कम्युनिस्ट शक्तिहरूमाथि नयाँ उचाइको, सम्झौताहीन सङ्घर्ष अघि बढाउने, दलाल पुँजीवादी व्यवस्थाले लादेका सबै किसिमका अन्याय, जालझेल, षड्यन्त्र, अभाव र सङ्कटबाट देश र जनतालाई मुक्त पार्ने गहन जिम्मेवारी थपिएको छ । यसका लागि एउटा शक्तिशाली निर्णय गर्नैपर्ने र कार्यान्वयन गर्नैपर्ने अवस्था उत्पन्न भएको छ । सरकार क्रान्तिकारीमाथि विश्वासघात गरेर युद्ध लाद्न चाहन्छ भने क्रान्तिकारीहरू सम्झौता र सहमतिमा रुमल्लिइरहनु हुँदैन । दलाल पुँजीवादी सत्ताको रहर पूरा गरिदिनुपर्छ । दलालहरूको रहर पूरा गरिदिँदा श्रमिक उत्पीडित जनताको इच्छा र आवश्यकता पनि पूरा हुन्छ र देशका साथै जनता पनि मुक्त हुन्छन् । त्यसैले दलाल सत्ताले हिजो सहमति खोजेको समयमा सहमति गर्नु सम्पूर्ण हिसाबले नभए पनि एक हिसाबले सही थियो भन्ने मान्दै आज उसले आफैँले गरेको सहमति लत्याएर सङ्घर्षका लागि आह्वान गरेको समयमा उसको इच्छा पूरा गरिदिनुपर्छ । उसले सहमति उल्लङ्घन गरेको जनता र सबै पक्षले राम्ररी देखेका र बुझेका छन् । क्रान्तिकारीहरूका लागि पुरानो सत्ताले नै मुठभेडका लागि निम्तो दिने अवस्था एउटा अवसर पनि हो । राष्ट्रघाती र जनविरोधी सत्ताका कतिपय मूर्खतापूर्ण निर्णयहरूले नयाँ सम्भवना बोकेर आएको हुनसक्ने अवस्थालाई क्रान्तिकारी, मार्क्सवादीहरूले समयमै बुझ्नुपर्छ ।

जनयुद्धको प्रक्रियाबाट आएका पुष्पकमल दाहाल समूह, बाबुराम समूह, रामबहादुर थापाहरू यो वा ऊ बहानाले यही दलाल पुँजीवादमा भासिइसकेका छन् । नेत्रविक्रम चन्द समूह पनि क्रान्तिको नाउँ लिँदालिँदै केही धनदौलत जम्मा पारेपछि र केही पात्रको व्यवस्थापन मिलाएपछि क्रान्तिपट्टि पिठ्युँ फर्काएर यही सत्तालाई स्वीकार्दै वर्गसङ्घर्षबाट सुइँकुच्चा ठोकिसकेको छ । जनयुद्धबाट आएका दुईवटा शक्ति नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीच क्रान्ति अघि बढाउने र दलाल पुँजीवादी सत्तालाई ध्वस्त पार्दै वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्घोषका साथ पार्टी एकता संयोजन समिति बनेर एकताका लागि सकारात्मक वातावरण निर्माण हुनु क्रान्तिकारीहरूका लागि, जनताका लागि ठूलो खुसीको कुरा हो भने प्रतिक्रान्तिकारी, अवसरवादी र संसदीय संशोधनवादीहरूका लागि ईर्ष्या र क्षतिको कुरा हो । त्यसैले मालेमावादीहरूका लागि क्रान्ति पूरा गर्ने कार्यभार समाल्नका लागि पनि क्रान्तिकारी ध्रुवीकरण र पार्टी एकता आवश्यक छ । एकताविरोधी तत्व र शक्तिहरूले विभिन्न बहानामा एकता भाँड्नका लागि दुरुत्साहन गर्न सक्छन् किनकि नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास सधैँ इमानदारहरूको नेतृत्वमा मात्र सञ्चालन भएको छैन । आन्दोलनहरूमा निरन्तर पुष्पलालहरू मात्र आएका छैनन्, मनमोहनदेखि रायमाझीसम्म र मोहनविक्रम, मदन भण्डारी हुँदै प्रचण्ड र नेत्रविक्रम चन्दसम्म पनि विभिन्न भेष धारण गरेर आएको नेपाली जनताले भोगिसकेका छन् । त्यसैले दलाल पुँजीवादी सत्ताले सहमति अवज्ञा गर्दै र सहमति नमान्ने निर्णय सार्वजनिक गर्दै एक किसिमले क्रान्तिकारीहरूलाई लडाइँका लागि चुनौती दिइरहेको सन्दर्भमा क्रान्तिकारी शक्तिहरू एक हुनुपर्छ, देश र जनतामाथि मडारिइरहेको अभाव, घात र अशान्तिको कालो बादल फार्दै मुक्त बनाउने महान् यात्रा आरम्भ गर्नुपर्छ । जनताका शत्रुहरूले क्रान्तिकारी शक्ति र जनतालाई दिएको यो चुनौतीको सामना गर्न तयार हुनुपर्छ ।

# क्रान्तिकारी ध्रुवीकरण र वैज्ञानिक समाजवादका लागि सङ्घर्ष अपरिहार्य

हामी सबैलाई थाहा छ, अहिले देश र जनताको अवस्था दिन–प्रतिदिन गम्भीर र कष्टकर बन्दै गएको छ । वर्तमान सत्ताअन्तर्गतको सरकारमा रहेका, गठबन्धनमा रहेका पार्टी, प्रतिपक्षी पार्टी र नेताहरूले जनताले भोग्नुपरेका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक समस्यासँग कुनै सरोकार राख्ने गरेका छैनन् । उनीहरू सत्ता लुछाचुँडी, वैदेशिक शक्तिको प्रिय बन्ने खेलमा लिप्त भैराखेका छन् । यी संसदीय पार्टी र नेताहरूले लिएका यस्ता नीति र व्यवहारले जनतामा झनै निराशा र आक्रोश पैदा गरेको छ ।

हामी नेपाल कम्युनिस्ट पार्टीमा रहँदा अझ भन्नुपर्दा जनयुद्धका क्रममा तत्कालीन र वर्तमान सत्ता र सरकारले जनता र राष्ट्रका पक्षमा गरिएका सङ्घर्षबाट अत्तालिएर नेता, कार्यकर्ता र जनतालाई विभिन्न झूट्टा मुद्दा लगाउने, गिरफ्तार गर्ने, जेल, कस्टडीमा बन्दी बनाउने काम गर्दै आएको हो । यही क्रममा तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पछि गएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको समयमा २०७५ साल फागुन २८ गतेदेखि प्रतिबन्ध घोषणा गरेको समयमा सयौँ नेता–कार्यकर्तालाई झूट्टा मुद्दा लगाउने, गिरफ्तार गरेर चरम यातना दिने, मुद्दा चलाइएका नेता–कार्यकर्ताको ‘चलअचल सम्पत्ति तथा सेवासुविधा रोक्का एवम् निलम्बन गर्ने’ निर्देशन दिइएका छन् । दु:खको कुरा २०७७ साल फागुन २१ गते सरकार र तत्कालीन नेकपाका बीचमा ३ बुँदे सहमति भएको १९ महिना पुग्दा पनि ती बुँदाहरू सरकारले कार्यान्वयन त गरेको छैन नै, सहमतिप्रति इमानदार नभई सरकारका गृहमन्त्री, कानुनमन्त्री र महान्यायाधिवक्ताले संयुक्त पत्रकार सम्मेलन गरी सहमति कार्यान्वयन गर्न सकारात्मक रहेको तर ‘नकारात्मक ३२२ वटा मुद्दा’ फिर्ता लिन नसकिने सार्वजनिक गरेका छन् । सरकारका प्रतिनिधिले नै यसरी सहमतिविरुद्ध बोल्नुलाई सामान्य रूपमा लिन सकिँदैन । सरकार सहमतिप्रति इमानदार रही तत्कालै जेलजीवन बिताइरहेका हाम्रा सबै कमरेडहरूलाई तत्कालै रिहा गर्न, जनयुद्ध र प्रतिबन्धअघि र पछि लगाइएका सबै झूट्टा मुद्दा खारेज गर्न हाम्रो पार्टी जोडदार माग गर्दछ । तत्कालीन सरकारमा रहेको एमाले, वर्तमान सरकारको गठबन्धनमा रहेका सबै पार्टी र नेताहरूले सहमति लागू गर्न पहल गर्नुपर्ने हुन्छ । हैन भने सरकारले उसको नीति स्पष्ट पारोस् ।

नेपाली जनताले अहिलेसम्म धोका मात्रै पाएका छन् । केही वर्षअघि क्रान्ति गर्ने उद्घोष गरेको एउटा पार्टीका मुख्य नेताले सिङ्गो पार्टीलाई संशोधनवादी कार्यनीति तय गरेर संसद्वादमा फसाउने दुष्कार्य गरेका थिए तर उक्त पार्टीमा रहेका बहुमतभन्दा बढी क्रान्तिकारी शक्तिले उनीहरूलाई कारबाही गरी नयाँ जनवादका कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवादी क्रान्ति गर्ने लक्ष्य तय गर्ने कार्यदिशा निर्माण गरेको छ । यति मात्र नभएर स्वाधीनतासहितको संयुक्त सरकार निर्माणको कार्यनीति किटान गरेको छ । यस कार्यले एकातिर नेपाली क्रान्तिको न्यूनतम् कार्यक्रम, कार्यदिशा, कार्यनीति र तत्कालीन कार्यक्रम बनाएर नेपाली श्रमिक र उत्पीडित जनताको सत्ता निर्माणको मार्गप्रशस्त गरेको छ । अर्कोतिर एकीकृत जनक्रान्तिका नाममा समाजवादी क्रान्तिलाई तत्कालका लागि सुदूर भविष्यको कुरा बनाउने र जुझारु अर्थवादले निर्देशन गरेका आन्दोलनका रूपवादका विरुद्ध विद्रोह गरेर साँच्चैको क्रान्तिकारी पार्टी नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को निर्माण भएको छ । यस कार्यले सबैखाले संशोधनवादका विरुद्ध वैचारिक, सैद्धान्तिक र राजनीतिक धावा बोल्न सफल भएको छ ।

अहिले नेपाल र नेपाली जनताले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका भीमकाय पहाडद्वारा थिचिनुपरेको छ । भारतीय साम्राज्यवादले दशकौँदेखि भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक रूपले नेपाल र नेपालीमाथि उत्पीडन थोपरेको छ । शोषण

*अदालती न्यायप्रणाली जनताको पहुँचबाहिर, महँगो मात्र नभएर एकदमै ढिलासुस्ती र अन्यायपूर्ण रहेको छ । संसदीय निर्वाचनप्रणाली महँगो भएको स्वयम् संसदीय नेताहरूले नै खुलासा गरेका छन् । वर्तमान संसदीय व्यवस्था, पार्टी र नेतासँग वाक्क भएर युवाहरू स्वतन्त्र हुने गरेका छन् ।*

गरेको छ । यसको निरन्तरता कायमै छ । पछिल्लोक्रममा अमेरिकी साम्राज्यवाले यहाँका पुराना र नयाँ संशोधनवादी पार्टी र तिनीहरूका मुख्य नेता, नोकरशाहहरूलाई लोभलालच, डर र धम्कीको भरमा नवऔपनिवेश कायम गरिरहेको छ । त्यसैको पछिल्लो आयाम सहश्राब्दी चुनौती निगम (**MCC**), राज्य साझेदारी कार्यक्रम (**SPP**) हुन् । यी दुवै हिन्द–प्रशान्त रणनीति (**IPS**) अन्तर्गत रहेका छन् । गएको फागुन १५ गते संसद्बाट एमसीसी पारित गरिएको छ भने सन् २०१८ मा नेपाली सेनाका तर्फबाट अमेरिकी सरकारलाई एसपीपी लागू गर्न पठाएको पत्र सार्वजनिक हुनुका साथै नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले स्वीकार गरिसकेका छन् ।

नेपालको सरकारमा रहेका पार्टीहरूले नागरिकताजस्तो अत्यन्तै संवेदनशील, गम्भीर र महत्वपूर्ण विषयमा खेलबाड गर्ने र नेपालको तराई र अन्य स्थानमा पुस्तौँपुस्तादेखि बसोबास गर्दै आएका शोषित–पीडित, दलित र भूमिहीन, निर्धा–निमुखा, श्रमजीवी जनसमुदायले नागरिकता नपाउने तर अनेक जालझेल, लोभ–लाभ, आश्वासन–प्रलोभन, प्रभाव–दबाब र पैसाको चलखेलका आधारमा गैरनेपाली नागरिकले नागरिकता पाउने गरी चलिआएको राष्ट्रहितविपरीतको प्रपञ्चकारी परम्परालाई कानुनी मान्यता दिने गरी नागरिकतासम्बन्धी विधेयक सङ्घीय संसद्बाट हठात् र बलात् पारित गरियो । त्यसले सच्चा नेपाली नागरिकहरूलाई नै अल्पमतमा पार्नेजस्तो गम्भीर र भयावह अवस्था उत्पन्न गर्दछ । भारतको नागरिकता भएका व्यक्तिसँग नेपाली महिलाले विवाह गर्दा उनले भारतको नागरिकता पाउन ७ वर्ष कुर्नुपर्ने तर भारतकी महिलाले नेपाली नागरिकसँग विवाह गरेकै भोलिपल्ट नागरिकता पाउने यो विभेदकारी अवस्था बनाइयो । अङ्गीकृत नागरिकता पाउनुपर्ने जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने प्रावधान राखियो । उक्त विधेयकमा जन्मसिद्ध तथा अङ्गीकृत नागरिकका सन्तानले वंशजको नागरिकता पाउने व्यवस्था गरियो । यो विधेयक पारित भएपछि नेपाली पुरुष नागरिकले वैवाहिक सम्बन्ध कायम गरी ल्याएकी विदेशी महिलालाई तत्काल नेपाली नागरिकता पाउने व्यवस्था गरिएको छ । यो दुवै व्यवस्थाले उत्पन्न गर्ने जनसङ्ख्याको भार हाम्रोजस्तो सानो देशले थेग्न सक्दैन । त्यसकारण नेपालले जनसङ्ख्या अतिक्रमण रोक्नका लागि दह्रो नागरिकता नीति लिनुपर्छ । हाम्रो पार्टीलगायत अन्य ५ पार्टी र एउटा मोर्चाले उक्त विधेयकका विरुद्ध चरणबद्ध आन्दोलन गर्नुका साथै राष्ट्रपतिलाई फिर्ता गर्न दिएको ज्ञापनपत्रका कारण राष्ट्रपतिद्वारा संसद्मा फिर्ता गरिएको छ । सायद संसद्ले फास्ट ट्र्याकबाट पुनः पारित गर्दैछ ।

वर्तमान संसदीय प्रणालीले एकातिर जनताका सामान्य अधिकारहरूलाई सुनिश्चित गर्नुको सट्टा संविधानमा किटान गरिएका प्रावधानहरू कार्यान्वयन गर्न माग गर्दै गरिएका आन्दोलनहरूमा वर्तमान सत्ताले बुट, लाठी, गोलीद्वारा दमन गरेको छ । २०७५ साल साउन १० गते बलात्कार गरी हत्या गरिएकी निर्मला पन्तलगायत सयौँ महिलाले न्याय पाएका छैनन् । महिलामाथिको हिंसा दिन दुई गुना रात चौगुना बढेको छ । निहारिका राजपुतहरू न्याय नपाएर राष्ट्रपति भवनअगाडि शरीरमा पेट्रोल खन्याएर आत्महत्याको प्रयास गरिरहेका छन् । एक्काईसौँ शताब्दीमा पनि वर्ण र जातका आधारमा छुवाछूत कायमै छ । गैरदलितसँग प्रेम गरेबापत दलित युवाहरूको हत्या हुने गरेको छ । नेपालका राजनीतिक पार्टीका मुख्य नेताका आसेपासेहरूले गरिब किसानहरूको जमिन रजिस्ट्रेसन पास गराउने, तमसुक बनाउने, नामसारी गराउने गरेर हडप्ने मात्र होइन, मिटरब्याजका नाममा लाखलाई करोड पुऱ्याउने गरेका छन् । गरिब किसानको जमिन जग्गा दलालहरूले कौडीको भाउमा किन्ने गरेका छन् । यति मात्र होइन, प्रशासन, मालपोत कार्यालय, स्थानीय सत्तामा खडा गरिएका वडा, पालिका, नगरपालिकाको सहयोग र योजनामा तराईका क्षेत्रमा गरिब किसानका जमिन भारतीय नागरिकले हडपेर अरूलाई बेची जग्गाविहीन बनाइदिएका छन् । बैङ्कहरूले धरौटी राख्ने नाममा गरिब किसानका जग्गा हडपेका छन् । सहकारी, लघुवित्तहरू जनतालाई महँगो ब्याज तोकेर आधुनिक सूदखोर बनेका छन् । आर्थिक असमानता कति छ भने १ सयजना दलाल पुँजीपतिसँग देशको ९० प्रतिशत सम्पत्ति केन्द्रित हुन पुगेको छ । वित्तीय अवस्था कति डरलाग्दो भएको छ भने ५० खर्ब बैङ्क मौज्दातमा ३० खर्ब केवल सयजनाले ऋण लिएका छन् । यसरी सरकारी पुँजीमा उनीहरूको एकलौटी पकड छ ।

अदालती न्यायप्रणाली जनताको पहुँचबाहिर, महँगो मात्र नभएर एकदमै ढिलासुस्ती र अन्यायपूर्ण रहेको छ । संसदीय निर्वाचनप्रणाली महँगो भएको स्वयम् संसदीय नेताहरूले नै खुलासा गरेका छन् । वर्तमान संसदीय व्यवस्था, पार्टी र नेतासँग वाक्क भएर युवाहरू स्वतन्त्र हुने गरेका छन् । २०७२ सालको संविधानमार्फत पुनर्स्थापित संसदीय प्रणाली र व्यवस्थाले जनतालाई कुनै राहत दिनुको सट्टा आहत नै आहत दिएको छ ।

जनजीविका झनै अत्यासलाग्दो छ । पढेका, तालिम प्राप्त नवयुवाहरू रोजगारविहीन छन् । त्यसैले कक्षा १२ उत्तीर्ण विद्यार्थीको लर्को विदेशतिर छ । विगत ८ महिनामा १ लाख २ हजार युवा नो अब्जेक्सन लेटर लिएर बिदेसिएका छन् । अहिलेसम्म ६९ लाख श्रम गर्न योग्य जनशक्ति विदेशमा छ । दुई किसिमको शिक्षाप्रणाली मात्र नभएर अचाक्ली महँगो छ । एमबीबीएस पढ्नका लागि सरकारले नै ४४ लाख तोकिदिएको छ । सबै प्राविधिक शिक्षा महँगा र निजी छन् । नेपालका सबैभन्दा धनी र उद्योगपतिहरूले निजी शिक्षा र स्वास्थ्यमा लगानी गरेका छन् । आमजनताले उपचारका लागि आफ्नो चलअचल सम्पत्ति बेच्नुपरेको छ । गत वर्ष मात्र ५ लाख मानिस उपचारका लागि खर्च गरेका कारण गरिबीको रेखामुनि पुगेका छन् । उपभोग्य बस्तुको मूल्य दिन–प्रतिदिन बढिरहेको छ । यातायात, ढुवानीका लागि एकदमै महत्वपूर्ण वस्तु पेट्रोलियम पदार्थको मूल्य बढेको बढ्यै छ । अन्तर्राष्ट्रिय बजारमा दुईदुईपटक मूल्य घट्दा पनि यहाँ घटाइएको छैन । भ्रष्टाचारले नलपेटेको कुनै क्षेत्र छैन । शारीरिक रूपमा अपाङ्ग, वृद्धवृद्धाहरू सडकमा माग्न पुगेका छन् । ८१ लाख नेपाली जमिनविहीन हुन पुगेका छन् ।

माथि उल्लेख गरिएका सबै समस्याको जड वर्तमान दलाल संसदीय राज्यप्रणाली र व्यवस्था हो । जबसम्म यो व्यवस्था र राज्यप्रणालीको समूल नष्ट गरी वैज्ञानिक समाजवाद स्थापना हुँदैन तबसम्म यस्ता समस्या झनै थपिँदै जानेछन् । वैज्ञानिक समाजवादमा मात्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न सकिन्छ । तसर्थ सबै देशभक्त, जनवादी, प्रगतिशील शक्ति एक भएर वैज्ञानिक समाजवादका लागि सङ्घर्ष गर्नुको विकल्प छैन । सङ्घर्ष गर्नका लागि सङ्गठित हुन जरुरी रहेको नेकपा (बहुमत) को स्पष्ट धारणा रहेको यसै पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्न चाहन्छौँ ।

(२०७९ साल भदौ १२ गते नेकपा (बहुमत) द्वारा काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा पार्टी संयोजक कञ्चनद्वारा वितरित प्रेस विज्ञप्तिमा आधारित– सम्पादक ।)

## सुनकाँडाबासीमाथिको अत्याचार ...

पशुपालन मानिसको जीविका हुनुले किसानहरूले आर्थिक उत्पादनका लागि भारतका बम्बै, कालापहाड, पन्जाब, गुजरातलगायत जहाँ–जहाँ गए पनि परिवार र बालबच्चाहरू त्यही सुनकाँडाका घरहरूमा बसाएका हुन्थे र जमिनको स्वामित्व कायम गर्न छोड्दैनथे ।

समय बित्दै जाँदा त्यो जमिन दर्ता भएको २०२२/२८ सालदेखि अहिलेसम्म करिब ५०–५५ वर्ष बितेका छन् । त्यतिबेला जोजसको जमिन थियो अथवा जोजति परिवार बसेका थिए, यो अन्तरालमा उनीहरूका परिवार बढेका छन् । जमिनको जोतखन र आली–आँठामा आएको परिवर्तनसँगै आकृतिमा बदलाव आएको छ । जमिनका सिमानाहरू परिवारको विभाजनअनुसार बदलिएका छन् । तर अहिलेसम्म वास्तविक मोही को–को छन्, उनीहरूका कति परिवार विभाजित भए, जमिनको कुनकुन हिस्सा को–कसको भागमा परेको छ, त्यसअनुसार जमिनको स्वामित्व हस्तान्तरण गरिएन । जमिन केवल तिनै व्यक्तिहरूका नाममा रह्यो जसका नाममा २०२२/२८ सालतिर सामूहिक रूपमा दर्ता गरिएको थियो । मानिसको पवित्र भावना, सीधापना र सामाजिक विश्वासका कारण आफ्नो जमिन आफ्नै नाममा लिनुपर्छ भन्ने मान्यतासमेत विगत ५०–५५ वर्षहरूमा जनतामा सायदै जागेको पाइन्छ । अन्ततः सुनकाँडाका जनता एकाएक निद्राबाट विद्रोहमा त्यतिबेला ब्युँझियो जतिबेला कुनै दलाल कम्पनी जनताको घर भत्काउन सरकारी कर्मचारी, सरकारी कागजपत्र र जनताको हक गुमेका प्रमाणहरू लिएर बस्तीभित्र छिर्‍यो र जनताको जमिनमा काँडेतारको बारबन्देज लगायो । किसानहरूलाई घर छाड्न आदेश दियो । किसानहरूकै बीचमा केही उपदलालहरू पैदा गर्‍यो । केहीलाई पैसा पनि वितरण गर्‍यो र किसानका बीचमा फुट पैदा गरायो ।

यसरी त्यो जमिन अहिले चौकुने सिमेन्ट कारखानाका लागि आवश्यक बन्यो । त्यसको पछाडिका केही कारण हुन सक्छन् : पहिलो, त्यहाँको जमिन पहाडी इलाकाभित्र मैदान परेको छ जुन चौकुने चुनढुङ्गा खानीबाट नजिक रहेको छ । दोस्रो कारण, त्यो जमिन जङ्गलको बीचमा रहेको छ र बस्तीभन्दा अलग छ । तेस्रो कारण माटो रातो प्रकृतिको छ र चौथो कारण त्यहाँ आर्थिक हिसाबले गरिब र विपन्न परिवारहरू रहने गरेका छन् जसलाई सजिलै ठगठाग र लुटपाट गर्न सकिन्छ । त्यसको पर्यावरणीय असरका बारेमा जाँचपड्ताल गरिए–नगरिएको अहिलेसम्म जानकारी छैन तर जमिन पहिलेको तुलनामा धेरै महत्वको बनिसकेको छ किनभने विगत ५० वर्षहरूमा पानीको व्यवस्था हुन नसके पनि अहिलेको आर्थिक लगानी, प्रविधिको प्रयोग र यातायातको सुविधाका कारण कोकली खोलाको कुलो उठाउन र गुटुखोलाको पानी तान्न त अति नै सहज छ । त्यसमाथि अहिलेको प्रविधिले भेरी नदीको पानी उठाएर सुनकाँडा सिँचाइ गर्न असम्भव छैन । यही कारण दलाल पुँजीपति माफियाहरूको आँखा परेको हुनुपर्छ सुनकाँडाको मैदानमा ।

त्यो जमिन हातमा लिनका लागि माफियाहरूले सहज विधि अपनाएको देखियो । पहिलेदेखि बसोबास गरेका मोही, तिनका विदेशमा गएका परिवारहरू र विषयको ज्ञान नभएका बुढापाकाहरूलाई पत्तै नदिईकन जसका नाममा जमिन थियो उनीहरूका छोरानातीहरूका नाममा नामसारी गरियो । त्यसपछि मोहीहरूका परिवारलाई थोरै पैसाको प्रलोभन दिएर धपाउने र धम्क्याउने काम गरियो । गाउँ र समाजका बुद्धिजीवीहरू, किसान र सरोकारवालाहरूलाई तर्साउन यिनै माफियाहरूले अहिले प्रदेशको मुख्यमन्त्रीदेखि केन्द्रको अर्थमन्त्रीसमेत कमिसनमा मिलाएको प्रचार गरिरहेका छन् । कागजी रूपमा नेपालको संविधान, नियम, कानुनबमोजिम मालपोत कार्यालयबाट जमिनको लालपुर्जा हातमा लिएका माफियाहरूले जनताको चित्कारमा वास्ता गरेका छैनन् ।

विकासको काम र जनताको सम्पत्तिको द्वन्द्वात्मक सम्बन्धमा सरकारले ध्यान दिनुपर्छ । जनताको सम्पत्ति रक्षासम्बन्धी केही प्राकृतिक र सैद्धान्तिक नियमहरूमा सरकारले ध्यान दिनैपर्छ । नेपालमा अहिलेको प्रचलित सामन्ती भूउपयोगको नीति होस् वा पुँजीवादी देशहरूमा पुँजीवादी भूउपयोग नीति होस्, कम्युनिस्टहरूले लागू गर्ने समाजवादी भूउपयोग नीति होस् वा साम्यवादी भूउपयोग नीति, सबै समाजहरूमा जमिन मानिसको आधारभूत सम्पत्ति हो । जमिनमाथि जनताको जन्मसिद्ध अधिकार हो र त्यसको प्रत्याभूति सबै समाजले गर्नुपर्छ तर सामन्ती तथा दलाल पुँजीवादी व्यवस्था, त्यसको नियम र कानुनले यो प्राकृतिक नियमलाई पूर्ण रूपले उल्लङ्घन गर्छ र यसले केवल त्यो व्यक्तिको जमिनमाथि अधिकार प्रत्याभूत गर्छ जसले जमिनको मूल्य निर्धारण गरी कुनै व्यक्तिको स्वामित्वको अन्त्य गर्छ र आफ्नो स्वामित्व निर्धारण गर्छ । त्यही कारण सुनकाँडाका जनताको जन्मजात स्वामित्व रहेको जमिन केही माफियाहरूले कुनै निश्चित मूल्य तिरेर उनीहरूको स्वामित्वको अन्त्य गरी आफ्नो स्वामित्व कायम गरेका छन् ।

देशका सरकारी तथा सरोकारवाला निकायहरूले केही प्राकृतिक नियमबारे ध्यान दिनैपर्छ । राज्य व्यवस्था जति नै दलाल पुँजीवादी भए पनि, सामन्ती अधिनायकवादी भए पनि जनताको आधारभूत सम्पत्तिमाथि खेलबाड गर्नु उसको सर्वनाशको बाटो समात्नु हुनेछ । तसर्थ विकासकै निम्ति भए पनि घरबास उठाउँदा पहिलो कुरा घरका सबै परिवारको हिस्साको सुनिश्चित गरिनुपर्छ । दोस्रो कुरा, विदेशमा भएका परिवारका सदस्यहरूको कि अनुमति लिनुपर्छ कि उनीहरूको भाग सुनिश्चित गरिदिनुपर्छ । तेस्रो कुरा, बूढाबूढी, लाटाबहिरा, अपाङ्ग र असक्तहरूको सम्पत्तिको रक्षा गरिदिनुपर्छ । चौथो कुरा, महिला र बालबालिकाको सम्पत्तिको रक्षा गरिदिनुपर्छ र पाँचौँ कुरा त्यसरी जमिनको उठीबास गरिने समयमा महिलाको गर्भमा रहेका भ्रूण वा बच्चाको सम्पत्तिको रक्षा गरिदिनुपर्छ ।

सामान्यतया कुनै व्यक्तिले व्यक्तिगत प्रयोजनमा जमिनको लेनदेन गरेको वा खरिदबिक्री गरिएको अवस्थामा यी विषयहरू स्वविदित हुन्छन् । बाहिर त्यति चासोका रूपमा हेरिँदैन र तर भित्री रूपमा मानिसको व्यवहारमा, भावनामा, र व्यक्तिगत मामिलामा यसको प्रत्याभूत गरिनुपर्छ भन्ने मान्यता स्थापित भएको मानिएको हुन्छ । तर जब पूरै बस्ती उठाइन्छ वा कुनै व्यक्तिलाई छलछामपूर्ण तरिकाले आफ्नो सम्पत्तिको बेदखली भएको अवस्थामा पुर्‍याइन्छ, त्यतिबेला राज्यले यी विषयहरूमा ध्यान दिनुपर्छ किनभने राज्यको दायित्व जनताको रक्षा गर्नु हो । राज्यको दायित्व मानिसको सामूहिक जीवनको मात्र होइन, हरेक व्यक्तिको व्यक्तिगत जीवनको सम्पूर्ण सम्प्रभुताको सुरक्षा गर्नु, उसको सामाजिक सम्बन्धको सुरक्षा गर्नु र सामाजिक जीवन प्रवर्द्धन गर्नु हो ।

मानौँ कुनै व्यक्तिले आफ्ना बालबालिकासहित जमिन छाडेर मुग्लान पसेको रहेछ भने पनि उसलाई के अनुभूति रहेको हुन्छ भने उसको आधारभूत सम्पत्ति जस्तोसुकै अवस्थामा किन नहोस्, घरमा सुनिश्चित रहेको छ । भविष्यमा त्यसको उचित प्रबन्ध गरिनेछ र त्यसले आउने सन्ततिहरूको व्यवस्था गरिनेछ भन्ने योजना घर छाड्ने मानिसको भित्री योजना भैरहेको हुन्छ । जीवनमा सफल होस् वा असफल, मनोवैज्ञानिक हिसाबले हरेक व्यक्तिले यो मान्यताभित्र विदेशमा भएका, घरबाहिर भएका र घरायसी व्यवहारबारे कुनै जानकारी नभएका साना–ठुला बालबालिका र महिलाको गर्भमा बसेर बाह्य संसारको प्रतीक्षामा रहेका भ्रूण तथा बच्चाहरूको सम्पत्तिसमेतको योजना बनाइरहेको हुन्छ । जब कसैको घरबास उठाइन्छ, त्यसले यी सबै भावनात्मक सोपानहरू भत्काइदिन्छ । उठ्नै नसक्ने गरी थिलोथिलो पारिदिन्छ र एउटै परिवारभित्र कैयौँ पुस्ताको मनोविज्ञान ध्वंस गरिदिन्छ ।

के सुनकाँडाको जमिन अधीनस्त गर्दा यी विषयहरूमा कुनै ध्यान दिइएको छ ? यसमा पहिलो कुरा राज्यले ध्यान दिनुपर्छ । दोस्रो, व्यवसायी स्वयम्ले ध्यान दिनुपर्छ । तेस्रो, समाजले पनि ध्यान दिनुपर्छ । जसले यो प्राकृतिक नियमको उल्लङ्घन गर्छ, जसले यो सामाजिक सिद्धान्तको प्रश्नलाई परित्याग गरेको हुन्छ, जसले यो प्राकृतिक नियम र सिद्धान्तको उपेक्षा गर्छ त्यसले सारमा मानवताविरोधी काम गरेको हुन्छ । मानिसले हरेक परिवारको मानवीय सम्प्रभुताको रक्षाको मुद्दा उठाउनु, हरेक वृद्धवृद्धा र अबोध बालबालिकाको अधिकारको रक्षाको विषय उठाउनु, हरेक भ्रूण र प्रकटपूर्वका बच्चाको भविष्यको सुनिश्चितताको माग गर्नु अनुचित विषय हो ? मुनाफाखोर पुँजीपतिका लागि, सामन्त र दलालहरूका लागि यो तत्काल अनुचित हुनसक्छ, प्रकारान्तरमा यो नियम तिनीहरूका लागि पनि निरन्तर लागू भैरहेको हुन्छ ।

सरकारले जनताका लागि न्यायोचित व्यवस्था गर्नुपर्छ । उद्योगका लागि त्यही जमिन आवश्यक परेको हो भने त्यहाँका बासिन्दालाई त्यत्तिकै मात्रामा जमिन दिनुपर्छ जति जमिन उनीहरूले त्यहाँ कमाइ गरेका छन् । माओ त्सेतुङको नेतृत्वमा चलेको तत्कालीन समाजवादी देश चीनमा त भन् थ्री गोर्जेज परियोजना बनाउँदा किसानहरूले बसोबास गरेको जमिन छाड्न नमानेपछि जस्तो आकारको सहर, घर, गल्लीहरू र बगरको प्रकृति थियो, त्यही आकार र प्रकृतिको सहर, घर, गल्ली र बगर निर्माण गरी विकल्प दिइएको थियो र जनतालाई त्यही स्थानमा सारिएको थियो । हाम्रो देशले दलाल पुँजीवादी शासन-प्रणाली बेहोरिरहेको छ । देशका सम्पूर्ण जनताले हरेक दिन यो व्यवस्थाबाट प्रताडित हुनुपरेको छ । धनी होस् वा गरिब, व्यवसायी होस् वा मजदुर, जमिनदार तथा भूमाफिया होस् वा किसान, शिक्षक होस् वा बिद्यार्थी, बुद्धिजीवी होस् वा लफङ्गा, समग्रमा भन्नु पर्दा बालेन होस् या बालकोटे, सबैले आआफ्नै तरिकाले यो देशबाट प्रताडित हुनुपरेको छ । सोपानक्रममा दलालहरू एकाधिकारवादीबाट प्रताडित छन्, जनता दलालबाट प्रताडित छन्, जनता उत्पीडकहरूबाट आतङ्कित छन् । उत्पीडकहरू जनताको विद्रोहबाट आतङ्कित छन् । संसदीय व्यवस्थाको मूल प्रवृत्ति आतङ्क र अस्थिरता हो । सत्ता र सरकारको दुरुपयोग गर्दै देशमा मुठीभर माफियाहरूले जनताको सम्पत्ति खोसेर बहुसङ्ख्यक नेपालीलाई देशभर बिचल्ली बनाइरहेका छन् । सुनकाँडा त्यसको एउटा दृष्टान्त हो । अब सबै जनताले भन्नुपर्छ, सबै मानिसले आवाज उठाउनुपर्छ र सबै सरकारी कर्मचारीहरूले जनताप्रति अनुगृहीत हुनुपर्छ– चौकुने सिमेन्ट कारखानाका लागि सुनकाँडाको जमिन चाहिने हो भने त्यहाँका बासिन्दालाई त्यत्तिकै मात्रामा जमिन र न्यूनतम् रूपमा पनि त्यहाँ भएका घरहरूको व्यवस्था गरिनुपर्छ र ती जनतालाई अर्को स्थानमा स्थानान्तरण गर्नुपर्छ । यसरी स्थानान्तरण गरिएको जमिन अहिलेको भन्दा तुलनात्मक रूपमा राम्रो हुनुपर्छ । यो मानव जातिका लागि प्राकृतिक र मानवीय नियम हो । यो नेपाल कम्युनिस्ट पार्टीको (बहुमत) को नीति हो ।

*भदौ, २०७९*

## नेकपा (बहुमत) माछापुच्छ्रे गाउँपालिकाको भेला सम्पन्न






पोखरा/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) माछापुच्छ्रे गाउँपालिका समितिको प्रथम भेला सम्पन्न भएको छ । भेलाले भीमसेन परियारको नेतृत्वमा १३ सदस्यीय गाउँपालिका समिति निर्माण गरेको छ ।

माछापुच्छ्रे गाउँपालिका लाहाचोकमा भीमसेन परियारको अध्यक्षतामा भएको भेलाका प्रमुख अतिथि नेकपा (बहुमत) सचिवालय सदस्य एवम् गण्डक ब्युरो इन्चार्ज रूपेश थिए । भेलामा कास्की जिल्ला इन्चार्ज गोकुल पराजुली र जिल्ला संयोजक बद्री अधिकारीको उपस्थिति थियो ।

कार्यक्रमका प्रमुख अतिथि पार्टीको गण्डक ब्युरो इन्चार्ज रूपेशले पार्टीको कार्यदिशा र कार्यनीति प्रस्ट पार्दै दलाल संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था ल्याउनुपर्नेमा जोड दिए । कास्की जिल्ला इन्चार्ज गोकुल पराजुलीले लोकतन्त्र भनेको भोट हाल्नु मात्र नभएको बताए । 'अहिले राज्यले जनताको अधिकार मतदान मात्र रहेको सूचित गरेको छ, त्यो सरासर गलत हो', उनले भने ।

माछापुच्छ्रे गाउँपालिका समितिको भेलाले सूर्य परियारको नेतृत्वमा १७ सदस्यीय युवा जनस्वयम्सेवक नेपाल, माछापुच्छ्रे गाउँपालिका समिति चयन गरेको छ । उक्त भेलामै अखिल नेपाल महिला सङ्गठन माछापुच्छ्रे गाउँपालिका समितिसमेत गठन गरिएको छ ।

अखिल नेपाल महिला सङ्गठन माछापुच्छ्रे गाउँपालिका देवी विक अध्यक्ष रहने गरी ७ सदस्यीय समिति निर्माण गरिएको छ । त्यसैगरी राष्ट्रिय दलित मुक्ति मोर्चाअन्तर्गत टेकबहादुर विकको नेतृत्वमा ११ सदस्यीय गाउँपालिका समिति निर्माण भएको जनाइएको छ ।

उक्त कार्यक्रममा जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा अभियान सदस्य निशानद्वारा सञ्चालित कार्यक्रममा स्वागत मन्तव्य सूर्य परियारले राखेका थिए भने अखिल नेपाल महिला सङ्गठन कास्कीकी अध्यक्ष लक्ष्मी खड्का, राष्ट्रिय दलित मुक्ति मोर्चाका कास्की जिल्ला संयोजक विजय विकका साथै युवा जनस्वयम्सेवक कास्कीका संयोजक लोकेन्द्र राईले शुभकामना मन्तव्य राखेका थिए ।

भेलाबाट चयन भएका सदस्यहरूलाई नेकपा (बहुमत) कास्की जिल्ला सदस्य एवम् पोखरा महानगर इन्चार्ज रवीन्द्र राईले बधाई मन्तव्य दिँदै गाउँपालिकालाई लालकिल्ला बनाउन जोड दिन आग्रह गरेका थिए ।

## दार्चुलाको गोकुलेश्वरमा नेकपा (बहुमत) को कोणसभा




गोकुलेश्वर/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दार्चुलाको राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियानका क्रममा शैल्यशिखर नगरपालिका वडा नं. ९ गोकुलबजारमा कोणसभा सम्पन्न भएको छ ।

कोणसभामा सम्बोधन गर्दै पार्टी जिल्ला इन्चार्ज प्रकाश थापाले दलाल संसदीय व्यवस्थाले जनतामाथि ब्रह्मलुट मच्चाइरहेकाले यो व्यवस्थाको अन्त्य अनिवार्य रहेको र सम्पूर्ण जनसमुदाय जागरुक भई वैज्ञानिक समाजवाद स्थापनाका निम्ति लाग्नुपर्ने बताए ।

थापाले प्रदेश सरकार र स्थानीय सरकारका नाममा जनतालाई विकास दिनुको सत्ता विस्थापित गरिरहेको हुँदा डटेर प्रतिवाद गर्ने पनि बताए ।

कोणसभामा सम्बोधन गर्दै बझाङ जिल्ला कार्यालय सचिव कृष्णबहादुर सिंहले स्थानीय सत्ताहरूले व्यापक भ्रष्टाचार, विकृति र विसङ्गति मच्चाइरहेकाले तुरुन्त रोक्न माग गरे । उनले नसच्याइएमा जनकारबाही गर्ने चतावनी पनि दिए ।

अभियानकै क्रममा सोही नगरपालिकाको वडा नं. ५ बगौरामा पनि कोणसभा सम्पन्न भएको छ । कोणसभाको सञ्चालन जिल्ला संयोजक विजय लेखकले गरेका थिए ।

## सर्लाहीमा अभियानमै मनाइयो चार सहिदको स्मृति दिवस



सर्लाही/ नेकपा (बहुमत) मधेस प्रदेश ब्युरोको राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियान टिमले चार सहिदको स्मृति दिवस मनाएको छ । २०६० साल भदौ १३ गते तत्कालीन शाहीसेनाबाट सामूहिक हत्या गरिएका महान् सहिदहरू गणेश पाण्डे 'तारा', भगवती स्याङ्बो 'सिमाना', बेचु पौडेल र सरला देवकोटा 'संरचना' ले बलिदान गरेको दिनको स्मृतिमा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरी स्मृति दिवस मनाइएको हो ।

चारजना सहिदको २० औँ स्मृति दिवस मनाउने कार्यक्रममा प्रमुख अतिथि नेकपा (बहुमत) का केन्द्रीय सचिवालय सदस्य तथा मधेस प्रदेश ब्युरो इन्चार्ज नयन, अतिथिहरू पार्टीको नवौँ महाधिवेशन आयोजक समितिका सदस्यहरू सुमन, विमला, गोविन्दलगायत उपस्थित थिए । इमानको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय उपाध्यक्ष अविनाशले गरेका थिए ।

श्रद्धाञ्जली मन्तव्य दिँदै ब्युरो इन्चार्ज नयनले हजारौँ सहिदले रगत बगाएर ल्याएको गणतन्त्रमा दलालहरूले लुट मच्चाएको बताए । सत्तामा जानेहरूले कहिले एमसीसीका नाममा, कहिले एसपीपीका नाममा त कहिले नागरिकता विधेयकका नाममा निरन्तर राष्ट्रघात र जनघात गरिरहेको, युवालाई बेरोजगार बनाएको, किसानलाई मलबिउसम्म नदिएको उनले बताए । सहिदको सपना अपूरै रहेको र हिजो जनतालाई स्वास्थ्य, शिक्षा, रोजगार, गाँस, बास, सूचना सबै निःशुल्क दिनुपर्छ भन्दै राज्यसत्ताका विरुद्ध लड्नेहरूले नै आज फेरि शिक्षा, स्वास्थ्य र रोजगारका नाममा लुटिरहेकाले यो दलाल पुँजीवादी सत्ता ढालेर वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गरेपछि सहिदका सपना पूरा हुने पनि उनले बताए ।

## सरकारले सहमति पालना नगरे ...

विधेयक खारेज गर्न पनि माग गरे । भारतीयलाई नागरिकता दिन विवादास्पद राष्ट्रघाती विधेयक ल्याइएको पनि उनले बताए । 'नागरिकता विधेयक देश र जनताको हितमा छैन भन्ने हाम्रो पार्टीको धारणा छ । राष्ट्रपतिले फिर्ता गर्नुभएको छ तर फेरि हुबहु पारित गरेर पठाउने तयारी भइरहेको छ । यसका विरुद्ध आमदेशभक्त नागरिक एकजुट हुनुपर्छ', संयोजक कञ्चनले भने ।

नागरिकता विधेयकमा एमालेले दोहोरो चरित्र देखाएको नेता कञ्चनको भनाइ थियो । एमालेले आफू सरकारमा हुँदै यो अध्यादेश ल्याएको र अहिले मत बटुल्नका लागि मात्र विरोध गरेको उनले बताए । संयोजक कञ्चनले कालो धन कमाएका सरकारका उच्च अधिकारी नै मिटरब्याजी भएको सूचना प्राप्त भएकाले त्यस्ता शोषकहरूलाई सख्त कारबाही गर्न सरकारसँग माग पनि गरे ।

काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र साहले सडकमा व्यवसाय गरेर जीवन गुजरा गरिरहेकाको उठीबास लगाएकोमा आपत्ति जनाउँदै अल्फाबिटाको अवैध संरचना भत्काएकोमा समर्थन गरे ।

कार्यक्रममा नेकपा (बहुमत) का प्रवक्ता सुदर्शन, कार्यालय सदस्यहरू दीपक, निर्मल, गम्भीर, बाबुराम, सचिवालय सदस्यहरू, नवौँ महाधिवेशन आयोजक समितिका सदस्यसहित जवस/मोर्चाका नेता–कार्यकर्ताको पनि उल्लेख्य सहभागिता थियो ।

नेकपा (बहुमत) का संयोजक कञ्चनले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषय समेटेर जारी गरेको प्रेस विज्ञप्ति कार्यक्रममा सहभागी सञ्चारकर्मीलाई वितरण गरिएको थियो ।

## पार्टी नेता राजीवलाई ....

राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी विषयहरूमा पार्टीको नीतिलाई जनसमक्ष प्रकाश पार्ने कार्यक्रमहरू भइरहेका छन् । यो अभियानलाई देशभक्त, जनपक्षीय तथा क्रान्तिकारी तप्काबाट सहयोग, सद्भाव र सुझावहरू प्राप्त भइरहेका छन् । यसै सिलसिलामा हाम्रो पार्टीको नवौँ महाधिवेशन आयोजक समितिका सदस्य कमरेड राजीव तामाङलाई शुक्रबार साँझ साढे ५ बजे प्रहरीले गिरफ्तार गरेको छ । अभियानको कार्यक्रममा खटिइरहनुभएका कमरेडलाई बिनाकारण गरिएको गिरफ्तारीप्रति पार्टी घोर निन्दा प्रकट गर्दछ र उहाँको बिनासर्त शीघ्र रिहाइका लागि सरकारसँग जोडदार माग गर्दछ ।'

## 'जनताले लिएको ऋण ...

जमिनको सस्तोमा मूल्याङ्कन गर्ने तर महँगो र चक्रवर्ती ब्याजका कारण खोसिएका छन् । यसैको पछिल्लो र दुःखद् उदाहरण बनेकी छिन् गौरीगङ्गा नगरपालिकाकी रेश्मा चौधरी जसलाई युनिक नेपाल लघु वित्तीय संस्थाबाट लिएको ३ लाख २० हजारमध्ये २ लाख ३९ हजार ऋण तिर्न बाँकी हुँदा नै घरमा ताला लगाइदिएपछि सहन नसकेर भदौ २ गते आत्महत्या गर्न बाध्य बनाइएको थियो । यस्ता सयौँ घटना सार्वजनिक भएका छैनन् ।'


विज्ञप्तिमा भनिएको छ, 'नेपालको कुल गार्हस्थ उत्पादनको ४ प्रतिशत ओगटेको करिब ३५ हजारको सङ्ख्यामा रहेका सहकारीमा ७५ लाखको आसपासमा जनता सदस्य रहेका छन् । यी सहकारीहरूमा कुल पुँजी ९४ अर्ब १० करोड रहेको छ भने बचत ४ खर्ब ७७ अर्ब रहेको छ । सहकारीको उद्देश्यविपरीत ठूला राजनीतिक पार्टी, दलाल पुँजीपतिको पुँजी वृद्धि गर्ने लक्ष्य लिइएकाले चर्को ब्याज, धरौटीका नाममा घरजग्गा राख्नुपर्ने बाध्यता छ । सहकारी र लघुवित्तहरूले गरिब जनताको सम्पत्ति हडपिरहेका छन् । तर विडम्बना ! वर्तमान सरकारले यी तथ्यहरूप्रति जानकार रहँदारहँदै पनि तिनै सहकारी र लघुवित्त सञ्चालकहरूको लुटलाई वैधानिकता दिने मात्र नभएर उनीहरूका विरुद्ध आवाज उठाउनेलाई ठाडै कारबाही गर्न गृहमन्त्रीको निर्देशन भदौ १ गते प्रहरी प्रधान कार्यालयलाई दिएको छ । हामी उक्त निर्देशनको घोर भर्त्सना गर्दै सहकारी र लघुवित्तका नाममा जनताको सम्पत्ति हडप्ने काम तत्कालै बन्द गर्न र उक्त संस्थाहरूबाट लिइएका सबै ऋणहरू माफ गरी धरौटी वा बन्धकीका नाममा रहेका सबै सम्पत्ति फिर्ता गर्न अपील गर्दछौँ । साथै यस्ता लघुवित्त संस्थाहरूका विरुद्ध आन्दोलनमा उत्रिन सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दछौँ ।'

## संसदीय निर्वाचन सक्रिय बहिष्कार गर्न देशभक्त जनगणतान्त्रिक मोर्चाको आह्वान

काठमाडौँ/ नेकपा (क्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले संसदीय निर्वाचन सक्रिय रूपमा बहिष्कार गर्न आह्वान गरेको छ । मोर्चाका अध्यक्ष सीपी गजुरेलले अपिल प्रकाशित गर्दै भनेका छन्, ' नयाँ संविधान बनिसकेपछि गठन भएका विगतका संसद्हरू नेपाली जनताका अपेक्षाविपरीत राष्ट्रघात र जनघातका काममा संलग्न भएको जगजाहेर नै छ । आगामी संसदीय निर्वाचनमा भाग लिनुको अर्थ तिनै राष्ट्रघात र जनघातको अनुमोदन गरेको ठहर्ने कुरा पनि स्पष्ट नै छ ।'

अपिलमा अगाडि भनिएको छ, 'व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सबै असफल भइसकेको अवस्थामा यो व्यवस्थाकै विकल्प खोज्ने समय भइसकेकाले आसन्न संसदीय निर्वाचनलाई सक्रिय बहिष्कार गरी अग्रगामी व्यवस्था एवम् जनगणतन्त्र स्थापनार्थ सङ्घर्षमा संलग्न हुन सम्पूर्ण देशभक्त, वामपन्थी, प्रगतिशील र क्रान्तिकारीहरूलाई हामी हार्दिक आह्वान गर्न चाहन्छौँ ।'

# नागरिकता विधेयकले ल्याएको सङ्कट र यसको समाधानमा हाम्रो भूमिका !



नारायण शर्मा

**विषयप्रवेश**

अहिले प्रतिनिधिसभाले राष्ट्रिय अस्तित्व सङ्कट निम्त्याउने वर्तमान नागरिकता विधेयकबारे देशकै अभिभावक राष्ट्रपतिको सन्देशलाई कुनै विचार, छलफल र सुनुवाइ नै नगरी नितान्त ठूलो दम्भ र प्रतिशोध प्रदर्शन गर्दै जस्ताको तस्तै पुनः पारित गरेपछि देशमा राजनीतिक र संवैधानिक सङ्कट मात्र होइन, राष्ट्रिय अस्तित्वकै सङ्कट चुलिएको महसुस भैरहेको छ । यो अवस्थामा विभिन्न शक्तिकेन्द्रहरूले चलखेल बढाएको सङ्केत पनि पाइएको छ । यस सन्दर्भमा राष्ट्रपतिका गतिविधिहरू भएभन्दा बढी नै बाहिरिएको हो कि भन्ने अनुभव पनि भएको छ । जे होस्, हाल राष्ट्रपतिले राष्ट्रघाती नागरिकता विधेयक पुनः प्रमाणीकरण नगरेर देशमा राष्ट्रपति शासन लगाउनेबारे सैन्य क्षेत्रका वर्तमान-निवर्तमान जनरलहरूसँग, राजनीतिक र संवैधानिक क्षेत्रका विज्ञहरूसँग, वरिष्ठ कानुनविद् र पत्रकारहरूलगायत मूर्धन्य व्यक्तित्वहरूसँग औपचारिक-अनौपचारिक, खुला-गोप्य र आंशिक-समग्र रूपमा परामर्श गरिरहेको जो कुरा बाहिर आएको छ, त्यो कुरा साँच्चै हो भने त स्थिति गम्भीर मात्र होइन, भयावह पनि हुनसक्ने देखिन्छ ! तर स्थिति जतिसुकै संवेदनशील, गम्भीर, भयावह र विस्फोटक नै भए पनि त्यसलाई त्यसैअनुसारको संवेदनशीलता, गम्भीरता र बुद्धि-विवेकसम्मत रूपमा वैज्ञानिक ढङ्गले ह्यान्डल गर्नु, सामना गर्नु र समाल्नुको विकल्प छैन ! जिम्मेवार नागरिक र सक्षम सन्ततिले निर्वाह गर्ने भूमिका र दायित्व पनि यही नै हो !

**राष्ट्रिय सभाको भूमिका**

अहिले प्रथम चरणमा नागरिकता विधेयकरूपी बल एउटा अभिभावक संस्था राष्ट्रिय सभारूपी कोर्टमा पुगेको छ । तसर्थ यो बल संवैधानिक, शान्तिपूर्ण र सरल ढङ्गले ह्यान्डल गर्ने पहिलो अवसर र जिम्मेवारी राष्ट्रिय सभाको हो ।

यससन्दर्भमा सर्वप्रथम राष्ट्रिय सभाले यसप्रकारको भूमिका निर्वाह गर्नु वाञ्छनीय हुन्छ :

१. राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूले राष्ट्रिय अस्तित्व सङ्कटको यो बेलामा आफूहरूलाई साँच्चिकै अभिभावकीय भूमिकामा गम्भीरता र दृढताका साथ उभ्याउनुपर्छ ।

२. यो राष्ट्रिय सङ्कटलाई जिम्मेवार ढङ्गले बोध गर्दै यसको सामना र समाधान गर्न जिम्मेवार, तत्पर र सक्रिय हुनुपर्छ ।

३. विधेयक र यसप्रति राष्ट्रपतिबाट दिइएका सुझावमूलक सन्देश र सङ्केतहरूमाथि पर्याप्त र विहङ्गम छलफल गर्नुपर्छ ।

४. यस्तो छलफल विधेयकलाई समितिमा पठाएर मात्र सार्थक हुने हुँदा समितिमा पठाउनैपर्छ ।

५. समितिले आवश्यक समय लगाएर गम्भीरतापूर्वक विधेयक र यसप्रतिका राष्ट्रपतिका चिन्ता, जिज्ञासा, प्रश्न र सुझावहरूले भरिएको सन्देशका बुँदाबुँदा र अक्षर-अक्षरमा केन्द्रित भई बहस चलाएर यसको गूढ अर्थ पत्ता लगाउनुपर्छ ।

६. छलफलको निष्कर्षका रूपमा समग्रमा नागरिकता विधेयक नेपालको राष्ट्रिय अस्तित्वमाथि नै गम्भीर खतरा र चुनौती भएकाले यस्तो स्पष्ट ठहर गर्दै कुनै हालतमा पनि पारित नगर्ने निर्णय गर्नुपर्छ ।

७. कथंकदा यसप्रकारको निर्णय गर्न प्राविधिक वा अन्य जुनसुकै कारणले राष्ट्रिय सभाले नसकेको खण्डमा छलफलमा उठेका विषय र बहससम्बन्धी सम्पूर्ण यथातथ्य तर्क, तथ्य, कारण र प्रमाणहरूको फेहरिस्तलाई नोट अफ डिसेन्टका रूपमा संलग्न गरी विधेयकलाई अघि बढाइदिनुपर्छ ।

**राष्ट्रपतिको भूमिका**

राष्ट्रिय सभाबाट पनि पारित भएपछि विधेयक पुनः प्रतिनिधिसभाका सभामुखकोमा आउँछ तर दुईदुईपटक फास्ट ट्र्याकबाट पारित गराउन दलालको भूमिका खेलेका सभामुखबाट त्यसमाथि त्यसलाई होल्ड गरेर राख्ने र समाधानका उपाय खोज्नतिर लाग्ने कुनै सम्भावना देखिन्न । फलस्वरूप कथित नियम-कानुनको कठघराबाट उनले प्रमाणीकरणका लागि राष्ट्रपतिकोमा जसको तस पठाउँछन् र यो विधेयक राष्ट्रपतिको कोर्टमा पुग्छ । त्यो अवस्थामा राष्ट्रपतिले निम्नानुसार भूमिका निर्वाह गर्नुपर्छ :

१. सर्वप्रथम राष्ट्रपतिले आफूलाई राष्ट्रको अर्थात् देश र जनताको सच्चा देशभक्त र सबैभन्दा जिम्मेवार अभिभावक भएको कुरा दह्रोसँग आत्मसात् गर्नुपर्छ ।

२. सबै क्षेत्रका विज्ञ-विशेषज्ञ र स्वतन्त्र, स्वच्छ र सच्चा देशभक्त र जनपक्षीय अभियन्ताहरूको सल्लाह-सुझाव लिनुपर्छ ।

३. नेपाल र नेपाली जनताको इतिहास, वर्तमान र भविष्यलाई दिल-दिमागमा राखेर सकेसम्म अझै अग्रगामी, शान्तिपूर्ण र जनपक्षीय तरिकाले राष्ट्रपतिूले आवश्यक कदम चाल्नका लागि आफू, आफ्नो पङ्क्ति र जनपङ्क्तिलाई सबै हिसाबले तयार पार्नुपर्दछ ।

४. त्यो कदम राष्ट्रवादी त हुने नै छ, साथै त्यो अग्रगामी, जनपक्षीय, सुशासन केन्द्रित अनि न्याय, समानता, शान्ति र समृद्धि आदि लक्षित पनि हुनैपर्छ ।

५. राष्ट्रपतिले लिने कदममध्ये एउटा अत्यन्त कठोर बाध्यात्मक कदम भनेको राष्ट्रपति शासन भएकाले त्यो कदम सेनालगायत केही निश्चित शक्तिको आडमा मात्रभन्दा पनि सचेत, स्वाभिमानी र स्वच्छ जनता र जनता र राष्ट्रका लागि निस्वार्थपूर्वक सडकदेखि सदनसम्म र कानुनीदेखि गैरकानुनीसम्म सङ्घर्ष गरिरहेका राजनीतिक र नागरिक शक्तिहरूको भर पर्नु बढी स्वाभाविक र वाञ्छनीय हुन्छ ।

६. राष्ट्रपतिले चाल्ने अन्तिम र कडा कदम भनेको राष्ट्रपति शासन हो जो एक कडा शासन हो । यस्तो शासन त कानुन र व्यवस्था लागू गर्न, सुशासन र सेवा डेलिभरी गर्न अनि हाल व्याप्त भ्रष्टाचार, अनियमितता, मनपर्दी, महँगी, बेथिति, हत्या-बलात्कार (निर्मला पन्तलगायत), शोषण ( मिटरब्याजी, उखु किसानलगायत), दमन, दलाली, माफियागिरी, घूसखोरी, कमिसनखोरी, राष्ट्रघातजस्ता राष्ट्रियता, जनतन्त्र र जनजीविकाका जल्दाबल्दा समस्याहरूलाई दिगो र दह्रो रूपमा सम्बोधन र समाधान गर्नका लागि अलि अघि नै यस्तो कठोर शासनको अत्यावश्यक भैसकेको हो र अहिले यो नै अन्तिम र अत्युत्तम अवसर हो । यसलाई गुमाएमा नेपाल र नेपालीको स्वत्व, स्वाभिमान, सार्वभौमिकता, स्वतन्त्रता र अस्तित्वसमेत सबै गुम्छ । त्यसैले अन्तिम र बाध्यात्मक उपायका रूपमा यो कदम उठाउनेसम्मको ऐतिहासिक भूमिका राष्ट्रपतिले निवाह गर्नुपर्ने नै भएको छ ।

७. राष्ट्रपति जो जननिर्वाचित अभिभावक संस्था हो, ले यसप्रकारको कदम चाल्नु संवैधानिक त छँदैछ, साथै लोकतान्त्रिक र संसदीय पद्धतिसम्मत पनि छ । जहाँसम्म त्यसका लागि आवश्यक पर्ने सेनाको साथको कुरा छ, त्यो अवश्य हुन्छ किनकि नेपाली सेनाले आफ्नो परमाधिपतिले आँटेको र देखेको अनि संविधान र कानुनमा लेखेको काम गर्नैपर्छ । गर्दैन भने आफ्ना परमाधिपति वीरेन्द्र र उनको परिवारको सुरक्षा गर्न पनि नसक्ने, राष्ट्रपतिलाई साथ पनि नदिने र विदेशी दुस्मनसंग लड्न पनि नपर्ने भएपछि त यसको औचित्यमाथि नै दरो प्रश्न उठ्छ । यद्यपि राष्ट्रपति जननिर्वाचित, लोकतन्त्रसम्मत, संविधानसम्मत निर्माण भएको संस्था हुनाले उनले बढी आधार जनता, लोकतान्त्रिक विधि र संविधानलाई बनाउनु उत्तम हुन्छ । त्यसैले राष्ट्रपति शासनका बहुआयामिक प्रभाव र परिणामबारे राष्ट्रपतिले निक्कै नै सावधानीसाथ चौतर्फी तयारी गर्नुपर्छ ।

८. राष्ट्रपति शासनका दौरानमा सर्वप्रथम दलालहरूको अखडा बनेको वर्तमान संसद् तत्काल विघटन गर्नुपर्छ । उसै पनि बहुमत प्राप्त प्रधानमन्त्रीले दुई-दुईपटक विघटन गरेको संसद् हो यो । अहिले पनि संसद्को चुनाव घोषणा भएपछि यो विघटन भैसकेको अवस्था हो । त्यसैले यसलाई यतिबेला नागरिकताजस्तो राष्ट्रघाती विधेयकमा छलफलसम्म नगरी दुवैपटक आँखा चिम्लेर पारित गर्ने यति हदसम्मको दलाल संसद् विघटन गर्न ढिला भए यसले देशै बुझाएर सिक्किमको संसद्जस्तै अन्तिम सङ्घीय संसद् बन्न सक्छ यो । त्यसैले विघटन गर्नुको विकल्पै छैन ।

अझ अहिले चुनाव घोषणापछि यस्तो म्याद गुज्रिसकेको चरम राष्ट्रघाती दलाल संसद्लाई विघटन गर्न कुनै आइतबार पर्खंदा म्याद गुज्रेको औषधी खाएर घात भएझैँ हुन सक्नेतर्फ गम्भीर र होसियार हुनैपर्छ ।

९. संसद्जस्तै देशको अस्तित्व समाप्त पार्ने निहितार्थ र नीतिविधि बोकेको देशी-विदेशी शक्तिकेन्द्रहरूको दलालका रूपमा कुख्यात यो देउवा नेतृत्वको गठबन्धन सरकार विदेशी मैत्री (कम्फर्टेबल) सरकार भएको जगजाहेर नै छ । त्यसैले यसलाई अविलम्ब विघटन गर्नुपर्छ । त्यसै त यो जनादेशबाट भन्दा परमादेशबाट बनेकाले प्रायोजित सरकार हुनाले विघटन पहिले नै गर्नु-हुनुपर्ने हो तर अहिलेसम्म विदेशीहरूको स्वार्थ र चलखेलका कारण बनेको र बचेकाले यसलाई विघटन गर्नु त राष्ट्रपतिको प्राथमिक र प्रमुख कार्यभार नै हो । स्मरणीय के छ भने देउवाले विदेशीकै निर्देशनमा यसअघि लोकतन्त्रलाई दरबारमा बुझाएकाले त्यो टिक्न नसकेकाले अब भने उनले देशलाई नै विदेशीलाई भाडामा हुन्छ वा सित्तैँमा हुन्छ बुझाइदिने दाउमा छन् । यो गम्भीर र भयावह दुर्घटनाप्रति स्वयम् नेपाली काङ्ग्रेस र गठबन्धनका दल-नेताहरू कति होसियार छन् ? त्यो उनीहरूले जान्ने कुरा हो । जे होस्, यस्तै घातक सम्भावनाहरूबाट देश, जनता र हालसम्मका आन्दोलन र युद्धहरूबाट प्राप्त अग्रगामी र जनपक्षीय उपलब्धिहरूलाई बचाउँदै दृढता र तीव्रताका साथ अघि बढ्ने-बढाउने कुरामा राष्ट्रपति स्पष्ट भएरै आफ्नो भूमिका र जिम्मेवारी निर्वाह गर्नु अहिलेको आवश्यकता हो ।

१०. यो संसद्को स्थानमा सर्वपक्षीय गोलमेच सम्मेलन गरेर नयाँ जनप्रतिनिधिसभा गठन गर्नुपर्छ । गोलमेच सम्मेलनमा आजका संसद्का गठबन्धन दलहरूका कम्तीमा मुख्य नेताहरूलाई र साम्राज्यवाद-विस्तारवादपरस्त शक्तिहरूलाई रोक लगाउनुपर्छ भने संसद्बाहिर रहेका देशव्यापी सङ्गठन भएका वा कम्तीमा एउटा प्रदेशका जिल्लाहरूमा सङ्गठन बनेका राजनीतिक शक्तिहरूलाई विचार, भूमिका, शक्ति र प्रभावका आधारमा सहभागी बनाउनुपर्छ ।

११. त्यसै सभाद्वारा राष्ट्रिय जीवनमा ख्यातिप्राप्त स्वच्छ, सक्षम र जिम्मेवार विज्ञ-विशेषज्ञहरूमध्येबाट अस्थायी राष्ट्रवादी क्रान्तिकारी सरकारको गठन गर्नुपर्दछ । राष्ट्रियताको संरक्षण र संवर्द्धन तथा क्रान्तिका उपलब्धिहरूको रक्षा र विकास गर्दै समाजवादतिर जाने नै यो सरकारको मुख्य चरित्र हुनुपर्छ । अनि यही सरकारद्वारा निम्न समस्याहरूलाई सम्भाव्यता र प्राथमिकताका आधारमा निम्न कामहरू गर्नु-गराइनुपर्छ :

क. वर्तमान नागरिकता ऐन तत्काल खारेज गर्नुपर्छ र नेपालमा नागरिकता नीतिबारे साझा रणनीतिक दृष्टिकोण निर्माण गर्नुपर्छ । यसै दृष्टिकोणमा आधारित भएर नेपालका नागरिकताहरू छानबिन र सदर-बदर गर्नका लागि सर्वाधिकार सम्पन्न उच्चस्तरीय नागरिकता छानबिन आयोग गठन गरी युद्धस्तरमा काम अघि बढाउनुपर्छ ! तत्पश्चात् आयोगले सुझाएका आधारमा आगामी कामकारबाहीहरू अघि बढाउनुपर्छ ।

ख. १९५० को सन्धि र मुख्यतः खुला सिमानाको प्रावधान हटाएर सीमा निश्चित, नियमित र व्यवस्थित गर्नुपर्छ । **MCC, SPP** जस्ता थुप्रै घोषित-अघोषित र खुला-गोप्य असंलग्न र स्वतन्त्र परराष्ट्र नीतिविपरीतका असमान, अपमानजनक, फौजी र गैरफौजी सन्धि-सम्झौता, समझदारी र पत्राचारहरूलाई खारेज गर्नुपर्छ ।

ग. संविधान र कानुनमा भएका नागरिकतासँग सम्बन्धित राष्ट्रघाती प्रावधान र अन्य जनविरोधी, राष्ट्रविरोधी र क्रान्तिविरोधी कुराहरूको खारेजी वा संशोधन गर्नुपर्छ ।

घ. भारतसँगका कोसी, गण्डक, महाकालीलगायत असमान सन्धि-सम्झौता खारेज गर्नुपर्छ र कालापानी, सुस्तालगायत भारतद्वारा अतिक्रमित सीमाक्षेत्रका मिचिएका भूभाग फिर्ता लिन राष्ट्रिय र अन्तर्राष्ट्रिय, कूटनीतिक र राजनीतिक आदि प्रयास तत्काल थाल्नुपर्छ ।

ङ. साँच्चिकै स्वतन्त्र र असंलग्न परराष्ट्र नीति कार्यान्वयन गर्दै स्वाधीन, स्वाभिमानी, सार्वभौम, शान्त, समुन्नत, समृद्ध, समतामूलक र शक्तिशाली राष्ट्रनिर्माण गर्नतिर ठोस कार्यक्रमका साथ लाग्नुपर्छ ।

च. बन्द गरिएका राष्ट्रिय उद्योगधन्दाहरूलाई सञ्चालनमा ल्याइहाल्नुपर्छ ।

छ. कृषि मल कारखाना अविलम्ब स्थापना गरेर कृषि उत्पादनमा आत्मनिर्भर बन्ने अभियान सञ्चालन गर्नुपर्छ ।

ज. जिल्ला र प्रदेशका संरचना खारेज गर्ने र एकल जातीय बहुल क्षेत्रहरूमा विशेष स्वायत्त संरक्षित एकाइहरू बनाउनुपर्छ ।

झ. उपयुक्त समयमा स्वच्छ र सस्तो तरिकाले साँच्चिकै बहुमत प्राप्त सच्चा जनसेवी, देशसेवी र शोषित-उत्पीडित वर्ग र समुदायबाट सक्षम जनप्रतिनिधिहरू निर्वाचित हुने निर्वाचन गराउनु पर्दछ ।

कम्तीमा यी र यस्तै कामकारबाहीहरू गर्दा-गराउँदा घरेलु प्रतिक्रियावादी, दलाल र आत्मसमर्पणवादी शक्तिहरू र वैदेशिक साम्राज्यवादी-विस्तारवादी शक्तिहरू घोषित-अघोषित र अलग-अलग वा संयुक्त भएर यसप्रकारको राष्ट्रिय उत्थानका विरुद्ध आइलाग्ने सम्भावना पनि प्रबल छ ! त्यो स्थितिमा पनि देशका देशभक्त शक्ति, जनवादी शक्ति, सैन्य शक्ति र सत्य र न्यायका पक्षधर संसारभरका जनता र राष्ट्रहरूको शक्तिलाई साथ लिएर यो कदमलाई अन्तिम गन्तव्यमा पुराएरै छोड्ने दृढ अडान र अठोटसमेत राष्ट्रपतिले लिनैपर्दछ । यी र यस्तै विभिन्न कामकारबाहीहरूद्वारा देशलाई आत्मनिर्भर बनाउने पहल बढाउन सके राष्ट्रपति विद्यादेवी भण्डारी साँच्चिकै विद्याकै देवी भनौँ कि शक्तिशाली भगवती भनौँ अथवा महान् नेता मदन भण्डारीकी सच्चा जीवनसँगिनी त पक्कै पनि ठहर्नुहुनेछ । अनि नेपाल र नेपाली जनताले सदा स्मरण र सम्मान गर्ने मात्र होइन, स्तुति पनि गाउनेछन् । यसो गर्दाखेरि नै पृथ्वीनारायण शाहद्वारा थालनी गरेको नेपाल निर्माण/विस्तारको इतिहासमा बीपी, पुष्पलाल, मदन भण्डारीलगायत थुप्रै अग्रजहरू र हजारौँ सहिदले देखेका सपनाहरूले सार्थकता पाउनेछन् र उहाँहरूको समेत सच्चा सम्मान, श्रद्धा र सलामी हुनेछ ।

तर राष्ट्रपतिले यी उज्ज्वल र महान् सम्भावनाहरू हुँदाहुँदै केही मुठीभर दलाल र दासहरूका कथित संवैधानिक, तथाकथित लोकतान्त्रिक र अन्तरष्ट्रिय संसदीय अभ्यास आदिका नाममा आफूलाई बन्ध्याकरण गरेर वा यी दलाल राजनीतिक दल-नेताहरू र वैदेशिक शक्तिकेन्द्रहरूसँग अर्को कार्यकालको राष्ट्रपतिको लालसामा परेर वा आफ्नो जिउज्यानको खतरा महसुस भएको बहाना गरेर अथवा अन्य जुनसुकै कारण र परिस्थितिमा झुकेर र चुकेर उपरोक्त कदम रोकियो वा तुहियो भने इतिहासमा काला अक्षरले कलङ्कित, कायर र कठपुतली राष्ट्रपतिका रूपमा दर्ज हुनुपर्ने कुरामा पनि राष्ट्रपति सचेत र सावधान हुनुहुनेछ ।

**नागरिकहरूको भूमिका**

देशका दल, नेता र कार्यकर्ताहरू जेजस्ता भए पनि हामी सचेत देशभक्त नागरिक अभियन्ताहरू जेजति छौँ, त्यही यथार्थबाट हामी अघि बढ्ने प्रयास गर्नु हाम्रो बाध्यता र कर्तव्य हो । हार र हरेस खाने अनि निराश भएर बस्ने गरेर त झन् न आत्मसन्तोष मिल्छ, न त समस्याको समाधान नै हुन्छ, बरु समस्या अझ बल्झिँदै गएर देश र देशका नागरिकहरूलाई नै दास र गुलामको जस्तो मूल्यहीन र अस्तित्वहीन अवस्थामा पुग्नुपर्ने हुन्छ ।

केही राम्रो गर्नका निम्ति सङ्घर्ष नै गर्नुपर्छ । तसर्थ हामी नागरिकहरूका तर्फबाट पनि निर्वाह गर्नुपर्ने भूमिका पनि धेरै नै छ । भनिन्छ, इतिहासका निर्माता जनता हुन् । जनता फलामे किल्ला हुन् र जनता जनार्दन हुन् । त्यसैले जनताका तर्फबाट हामी सचेत र जिम्मेवार देशभक्त नागरिकहरूले निर्वाह गर्नु भूमिका कम्तीमा पनि यी हुन् :

१. हामीजस्ता स्वतन्त्र, देशभक्त नागरिकलगायत किसान, मजदुर, महिला, विद्यार्थी, बुद्धिजीवी, सञ्चारकर्मी, साना व्यापारी आदि देशलाई माया गर्ने परिवर्तनकामी सम्पूर्ण वर्ग, जाति र समुदायहरूलाई पनि सडकमा उत्रिन र उतार्न लागिपर्ने ।

२. संयुक्त र सशक्त सडक सङ्घर्ष, यो पनि केन्द्र केन्द्रित आन्दोलन अहिलेको निर्णायक परिणामदायी सङ्घर्षको रूप हो भन्ने कुरा गुठी आन्दोलनले पनि देखाएको छ । त्यसैले गुठी विधेयकको विरोधमा झैँ उपत्यकाबासी नेवार समुदायलाई जगाउन र सडकमा लाम लगाउन सक्दो प्रयास गर्नु हाम्रो अर्को भूमिका हुनुपर्छ ।

३. कानुनी सङ्घर्षमा तत्काल जाने हाम्रो तेस्रो तत्काल परिणाम दिने भूमिका हुनुपर्छ । वर्तमान कामचलाउ सरकार र एकप्रकारले विघटित संसद्ले नागरिकताजस्तो संवेदनशील, गम्भीर र दीर्घकालीन महत्वको राष्ट्रिय विषयमा राष्ट्रिय सहमतिमा निर्णय गर्नेजस्तो महत्वपूर्ण विषयलाई एक त कोमामा पुगेको संसद्मा, त्यो पनि प्राविधिक बहुमतका आधारमा गरिएकाले बदरयोग्य भएकाले सर्वोच्चमा रिट दिनेलगायत विभिन्न कानुनी सङ्घर्षका रूपहरू सञ्चालन गर्ने ।

४. मिडिया र सामाजिक सञ्जाललाई व्यापक प्रयोग गर्ने । आफू र आफ्नालाई मात्र होइन, नागरिकता विधेयकविरोधी अनि हाम्रो आन्दोलन र अभियानका पक्षधर सबै लेख, अन्तर्वार्ता, टिप्पणी व्यापक बनाउने र तिनलाई सबैले सक्दो सेयर गरी भाइरल गराउने ।

५. नागरिकता विधेयक राष्ट्रघाती भएको विषयमा जनजागरण र जनचेतना बढाउन देशव्यापी अन्तरक्रिया, गोष्ठी, प्रदर्शनका कार्यक्रमहरू गर्ने-गर्न आह्वान गर्ने ।

६. यो विधेयकको समर्थनको वा विरोधको दुवै बहानामा यसको मर्म र तात्पर्यभन्दा बाहिर गएर निहित स्वार्थ र उद्देश्यले पहाडी र मधेसीबीचमा, पुरुष र महिलाका बीचमा अनि राष्ट्रपति र सरकार/संसद्का बीचमा द्वन्द्व बढाएर आन्दोलन भाँड्न खोज्ने भावना, भनाइ र भेदभाव भएका नीति, नेता र नियतको भयङ्कर भण्डाफोर गरी वास्तविक रैथाने अदिवासी, दलित, गरिब, सीमान्तकृत मधेसीहरूको भन्दा विदेशी, नवप्रवेशी, नवविवाहिता र गैरआवासीयका पक्षमा विधेयक भएको कुरा स्पष्ट पार्ने ।

७. यसनिम्ति काठमाडौँ र मधेस-तराईका केही ठाउँमा मधेसी र महिला विद्वान्, पूर्वप्रशासक र स्वतन्त्र विज्ञ-विशेषज्ञहरूसहितका केही गोष्ठी र अन्तरक्रिया प्रकारका कार्यक्रमहरू अविलम्ब गर्ने ।

८. राष्ट्रिय सभाका अध्यक्ष, प्रतिपक्षी दल र तिनका नेताहरू केपी वली, नारायणमान बिजुक्छे, राजेन्द्र लिङ्देन, चित्रबहादुर केसीलगायत राष्ट्रपति आदि सम्बन्धित शक्तिकेन्द्रहरूलाई विभिन्न तरिकाले कन्भिन्स र कन्सोलिडेट गर्दै मोर्चाबद्ध भएर सङ्घर्षमा उतार्नका लागि सबैले सबैतिरबाट अत्यधिक जोड गर्ने ।

९. विरोधमा रहेका सबै वामपन्थी वा दक्षिणपन्थी शक्ति र व्यक्ति-व्यक्तित्वहरूलाई संयोजित, एकीकृत, ध्रुवीकृत आदि गरी सबै प्रकारका सङ्घर्षहरूलाई प्रभावकारी र परिणाममुखी बनाउन सम्बन्धित हामी सबैले सबै शक्ति-व्यक्तिहरूलाई सम्पूर्ण शक्तिका साथ परिचालन गर्न सर्वाधिक जोड दिने ।

*(यी लेखकका निजी विचार हुन्)*


## नागरिक पेन्सन योजना

*नेपालको समृद्धिको सहयात्री*

सर्वसाधारण नागरिक तथा वैदेशिक रोजगारमा रहेका ब्यक्तिहरुलाई बचत गर्न प्रोत्साहित गरी कुल राष्ट्रिय बचत बृद्धिमा समेत सहयोग पुऱ्याउने , त्यस्तो वचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले 'जवानीमा कमाऔँ जमाऔँ, बुढेशकालमा रमाऔ' भन्ने नारा सहित कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराई बृहत रुपमा 'नागरिक पेन्सन योजना ' संचालन र व्यवस्थापन गर्न यो कार्यक्रम ल्याइएको हो ।

**सहभागीता :**

यस पेन्सन योजना अर्न्तगत आय आर्जन गर्ने व्यक्तिहरु, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था एवंम् प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्छन ।

- यस कार्यक्रममा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रु.५००।-देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा रकम जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिकरुपमा रकम जम्मा गर्न सकिने व्यवस्था मिलाइएको छ । यस्तो किस्ता बुझाउँदा मासिक रु.५००।- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।
- मिति २०७७ आश्विन देखि सूरु गरिएको यो योजना कार्यान्वयनको प्रारम्भिक चरणमा रहेता पनि नेपालका लागि पहिलो कार्यक्रम रहेकोले सर्वसाधारणको आकर्षण व्यापक रहेको छ । यस योजनामा छोटो अवधिमा नै सर्वसाधारण एवं स्वरोजगार व्यक्तिहरुको उल्लेख्य सहभागिता रहेको छ । साथै यस योजनामा सहभागी हुन अनलाइन रजिस्टर्ड सेवा समेत सुरु भैसकेको छ ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

- पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको हुनुपर्ने छ ।
- बचतकर्ताले पेन्सन योजनाबाट सहभागी हुन नचाहेमा १५ वर्षको बचत नगर्दै वा १५ बर्ष पश्चात पनि त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिन सक्ने छन ।
- कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रुपमा तोकिएको न्यूनतम किस्ताले हुने रकम जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन् ।

**पेन्सन गणना विधिः**

सहभागीले जम्मा गरेको बचत, त्यसको ब्याज र कोषले यो कार्यक्रममा संकलन भएको रकम लगानी गरी संचालन खर्च कटाएर प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजले जीवनकालभर पेन्सन पाउनेछन् । निजको शेषपछि निजको परिवार र परिवारको पनि शेषपछि निजको हकवालाले बाँकी रकम एकमुष्ठ पाउनेछन ।

**नागरिक लगानी कोष**

केन्द्रीय कार्यालय, नयाँ बानेश्वर काठमाडौं

फोनः ०१-५९७०२०१

वेबसाइटः www.nlk.org.np

# युवा जनस्वयम्सेवक सर्लाहीको संयोजकमा भरत पुलामी





सर्लाही/ युवा जनस्वयम्सेवक नेपाल सर्लाहीको प्रथम जिल्ला भेलाले भरत पुलामीको संयोजकत्वमा २१ सदस्यीय जिल्ला समिति गठन गरेको छ ।

भेलाका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सचिवालय सदस्य तथा मधेस प्रदेश ब्युरो इन्चार्ज नयनले देशको राजनीतिक अवस्था खराब भएकाले जनताले निक्कै सास्ती भोग्नु परिरहेको र युवाहरूले खराब राजनीतिलाई विचार र सङ्घर्षको माध्यमबाट अपरेसन गरी ठीक पार्नुपर्ने बताए ।

जनताले सही राजनीति नबुझ्ेसम्म देश र जनताको दुर्दशा बढिरहने भन्दै उनले महँगी, भ्रष्टाचार, कालोबजारी, मलखादको अभाव, सुकुमबासीले लालपुर्जाविहीन भएर र युवाहरूले बेरोजगार रहिरहनुपर्ने अवस्था अन्त्य गर्न सम्पूर्ण युवाशक्ति दलाल पुँजीवादका विरुद्ध आन्दोलित हुनुपर्ने बताए ।

नयनले जिल्लाका सबै स्थानीय तहबाट उपस्थित प्रतिनिधि तथा पर्यवेक्षकलाई प्रशिक्षण पनि दिएका थिए ।

युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय उपाध्यक्ष अविनाशले प्रशिक्षणात्मक मन्तव्यसहित सङ्गठनका बारेमा प्रस्ट पारेका थिए । अविनाशले सङ्गठित युवाहरूले अब विद्यमान बेथिति, भ्रष्टाचार, मिटरब्याजी र देश बेचुवाहरूलाई चिनेर ठेगान लगाउनुपर्ने बताए ।

भेलामा पार्टीको नवौँ महाधिवेशन आयोजक समिति सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज निर्माण, नवौँ महाधिवेशन आयोजक समिति सदस्य सुमन, महान् सहिद परिवारबाट सानु पौडेल, अर्जुन, सर्लाही जिल्ला संयोजक बिहानी, ब्युरो सदस्य दीपक, अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारी मधेस प्रदेश ब्युरो इन्चार्ज किसुनदेव, मधेसी मुक्ति मोर्चा नेपालका केन्द्रीय सदस्य वीरसिंह, अखिल नेपाल महिला सङ्गठनकी केन्द्रीय सदस्य दृष्टि, अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घ सर्लाहीका संयोजक इन्द्रमानलगायत उपस्थित थिए । भेलाको अध्यक्षता भरत पुलामीले गरेका थिए ।

भेला सफलताको शुभकामना दिँदै महिला सङ्गठनकी दृष्टि, किसान सङ्गठनका किसुनदेव, सहिद परिवारका तर्फबाट महान् सहिद कुमार पौडेलको दिदी सानु पौडेलले निर्वाचित पदाधिकारी र सदस्यलाई बधाई ज्ञापन गरेका थिए ।

# बजार सफा गरेर मान्ममा अभियान उद्घाटन



कालीकोट/ नेकपा (बहुमत) कालीकोटले जिल्ला सदरमुकाम मान्म बजारमा सडकको फोहोर सफा गरेर राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान उद्घाटन गरेको छ ।

प्राप्त समाचारअनुसार कालीकोट जिल्ला सदरमुकाम मान्ममा आयोजित अभियान उद्घाटन कार्यक्रममा जिल्ला इन्चार्ज रणबहादुर विकले सडकको फोहोरजस्तै दलाल पुँजीवादी फोहोर बढारेर वैज्ञानिक समाजवाद स्थापना गरिने बताए ।

अभियान उद्घाटन कार्यक्रममा नेकपा (बहुमत) कर्णाली ब्युरोका सहइन्चार्ज आर्जनले मुलुकमा राष्ट्रघात, महँगी, अभाव, मूल्य वृद्धि, गरिबी र भ्रष्टाचार लाद्ने दलाल पुँजीवादी सत्ताबाट जनता वाक्क भइसकेकाले यो व्यवस्थालाई जरैदेखि फ्यालेर समाजवाद स्थापना गर्ने उद्देश्य अभियानको रहेको धारणा राखे ।

कार्यक्रम शीतल बिष्टले सञ्चालन गरेका थिए । पार्टीका सबै नेता-कार्यकर्ताले बजारमा सरसफाइ गरेपछि अभियान आरम्भ भएको थियो ।

# नेकपा (बहुमत) मेलम्चीको १३ नम्बर वडा भेला सम्पन्न

सिन्धुपाल्चोक/ नेकपा (बहुमत) सिन्धुपाल्चोकले दुईमहिने राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियानका क्रममा मेलम्ची नगरपालिका वडा नम्बर १३ मा कुमार दनुवारको संयोजकत्वमा ४० सदस्यीय वडा समिति गठन गरेको छ ।

पार्टीको नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् सिन्धुपाल्चोक-दोलखा जिल्ला इन्चार्ज विनयराज शर्माको प्रमुख आतिथ्य, नेकपा (बहुमत) बागमती पूर्वी ब्युरो इन्चार्ज अटलको विशेष आतिथ्य र जिल्ला संयोजक प्रतीकको अध्यक्षतामा सप्पन्न वडा भेलाले उक्त समिति गठन गरेको हो ।

भेलालाई सम्बोधन गर्दै इन्चार्ज शर्माले दलालहरूको सत्तामा पिछडिएको वर्गको हकहितको काम नहुने भएकाले यो सत्तासँग आफ्नो अधिकार खोसेर लिनुपर्ने बताए । उनले वैज्ञानिक सत्ता प्राप्त गर्न नेपाली जनताको साथ लिई आमदेशप्रेमी नेपाली जनता अगाडि बढ्नुपर्ने पनि बताएका थिए ।

विशेष अतिथि बागमती पूर्वी ब्युरो इन्चार्ज अटलले जिल्लाभरि दुईमहिने राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियानलाई तीव्र रूपले चलाउन, चुस्तदुरुस्त एकाइ, वडा समिति निर्माण गर्न निर्देशन दिँदै पार्टीको कार्यनीति, रणनीति र विद्रोहका बारेमा प्रशिक्षण दिएका थिए ।

# आन्दोलनकारीमाथि बनेपामा भएको आक्रमण आपराधिक दुष्कर्म : नेकपा (बहुमत) काभ्रे

बनेपा/ नेकपा (बहुमत) काभ्रेपलाञ्चोकले विज्ञप्ति जारी गरी मङ्गलबार चार कम्युनिस्ट घटकले तीनबुँदे सहमति कार्यान्वयन गर्न माग गर्दै आयोजना गरेको नेपाल बन्द कार्यक्रमका क्रममा बनेपा नगरपालिकामा आन्दोलनकारीमाथि भएको जघन्य आक्रमण र बीभत्स प्रहारलाई आपराधिक दुष्कर्मको संज्ञा दिँदै अपराधीहरूमाथि कारबाही गर्न माग गरेको छ ।

पार्टीका जिल्ला संयोजक किरणले जारी गरेको प्रेस विज्ञप्तिमा शान्तिपूर्ण ढङ्गले माग पेस गर्नु संवैधानिक अधिकार रहेको तर आन्दोलन र आन्दोलनकारीमाथि भौतिक आक्रमण गर्नु घोर असंवैधानिक, अराजनीतिक, अलोकतान्त्रिक र असहिष्णु रहेको उल्लेख छ । विज्ञप्तिमा दोषीमाथि निष्पक्ष छानबिन गरी कडा कारबाही गर्न पनि माग गरिएको छ ।

## युवा जनस्वयम्सेवक र ट्रेड ...




पुँजीवादी व्यवस्थाका कारण देश चरम आर्थिक सङ्कटमा परेकाले यो व्यवस्थालाई मिल्काएर वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्नुपर्ने बताए । वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्न युवा र मजदुरको विशेष भूमिका रहेको प्रस्ट पार्दै नेता शार्दूलले युवा र मजदुर एकजुट भएर दलाल सत्ताका विरुद्ध निर्मम सङ्घर्ष गर्नुपर्ने धारणा पनि राखे ।

युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय अध्यक्ष तथा कार्यक्रमका विशेष अतिथि हरिश भट्टले भष्टाचार, महँगी दिन-प्रतिदिन मौलाइरहेकाले त्यसका विरुद्ध युवा जनस्वयम्सेवक नेपालले निर्मम सङ्घर्ष गर्ने बताए । दलाल, भ्रष्टाचारी र घूसखोरहरूलाई नै दलाल राज्यसत्ताले संरक्षण गरिरहेको भन्दै भट्टले सचेत युवाहरू एकजुट भएर भ्रष्टहरूलाई कारबाही गरिने बताए । अधिकांश युवा बिदेसिनुमा संसदीय व्यवस्थाभित्रको दलाल सरकार जिम्मेवार रहेको प्रस्ट पार्दै अध्यक्ष भट्टले नेपाली युवाहरू एकजुट भएर आवश्यक पहलकदमी लिँदै यसको विकल्पमा वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्नुपर्ने बताए ।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका केन्द्रीय संयोजक तथा कार्यक्रमका विशेष अतिथि विनोद थापाले मजदुरहरूको श्रम शोषण गरेर पुँजीपति वर्ग झनै पुँजीपति हुँदै गएको र काम गर्ने श्रमिक वर्ग झनै न्यूनतम् समस्या पनि परिपूर्ति गर्न नसक्ने अवस्थामा पुगेको अवस्थामा दलाल संसदीय व्यवस्थाको अन्त्य गर्दै वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्नु अपरिहार्य बनिसकेको बताए । अझै पनि मजदुरहरूलाई दिनको १५/१६ घण्टा न्यून ज्यालामा श्रमशोषण गरेर दलालहरू मोटाइरहेको उनको भनाइ थियो । कामअनुसारको दाम र दामअनुसारको काम अझै पनि मजदुरले नपाएको अवस्थामा आफ्नो अधिकारका लागि मजदुरहरू एकजुट भएर दलाल पुँजीपति वर्गका विरुद्ध सङ्घर्ष अघि बढाइने थापाले बताए ।

सम्मेलनले अजयको अध्यक्षतामा ७७ सदस्यीय युवा जनस्वयम्सेवक दाङ जिल्ला समिति गठन गरेको छ । त्यस्तै अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घमा प्रेम परियारको अध्यक्षतामा १७ सदस्यीय दाङ जिल्ला कार्यसमिति चयन गरिएको छ । सम्मेलनमा पार्टीका दाङ जिल्ला इन्चार्ज तिलक, युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय उपाध्यक्ष वीरेन्द्र, युवा जनस्वयम्सेवक लुम्बिनी ब्युरो इन्चार्ज चिरागलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सजकले गरेका थिए ।

## बालेनलाई क्रान्तिकारी ट्रेड ...

निमुखा, स्वरोजगार तथा फुटपाथ मजदुरहरूमाथि बुल्डोजर आतङ्क उत्पन्न गरी आफ्नो दानवीय चरित्र उदाङ्गो बनाएको, आमनिमुखा सर्वसाधारणको बाँच्न पाउने अधिकारसमेत खोसिदिएकाले शोषित-पीडित जनताले यो दर्दनाक अवस्थाको भागीदार हुनुपरेको उल्लेख गरेका छन् । अध्यक्ष थापाले बालेन शाहका महानगरबासी मतदाताले पनि आफ्नो मतप्रति गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको भन्दै थापाले व्यक्ति बदल्ने होइन, व्यवस्था बदल्नेतिर लाग्नुको सट्टा गलत व्यवस्थाको छत्रछायामा परेका हरेक सर्वसाधारणले यी दुःखद् क्षणहरू पलपल भोग्नुपर्ने बाध्यता आइलागेको पनि प्रस्ट पारेका छन् ।

थापाले आफ्नो सङ्गठन महानगरका प्रहरीको ज्यादती र मेयरको दादागिरीको घोर भर्त्सना गर्दै सडक तथा स्वरोजगार श्रमिकहरूको उचित विकल्प व्यवस्था नगरी त्यस्ता अमानवीय हर्कत नगर्न र फुटपाथ पसलमाथि गरिएको ज्यादती तत्काल बन्द गर्न जोडदार माग पनि राखेका छन् ।

थापाको विज्ञप्तिको पूर्ण विवरण यसप्रकार रहेको छ : यतिखेर नेपालको राजनीतिक सत्ता दलाल पुँजीवादको हातमा पुगेको छ । संसदीय पार्टी तिनका आदेशका परिपालकबाहेक अरू केही हुन सकिरहेका छैनन् । दिनानुदिन जनविश्वास गुमाइरहेको छ । दृश्य-अदृश्य शक्तिकेन्द्रको चलखेल डरलाग्दो ढङ्गबाट बढिरहेको परिप्रेक्ष्यमा नेपालमा राजनीतिक सत्ता समीकरणदेखि लिएर दलीय गठबन्धन पनि विदेशी इसारा र आफ्नो असफलतालाई ढाकछोप गर्ने गरी अप्राकृतिक रूपमा हुने गरेको छ । समग्रमा भन्नुपर्दा संसद्वादीहरू नाङ्गेझार भई जनताको दृष्टिमा गिर्न पुगेका छन् । यसै बेला मौकाको फाइदा लिई विभिन्न आवरणधारी पात्र र प्रवृत्तिहरू सहर र गाउँमा टकराउन आइरहेका छन् । कोही स्वतन्त्रका नाममा, कसैले भने मेसनरीको डिजाइनमा स्थानीय चुनाव पनि अप्रत्यासित ढङ्गवाट जितेका छन् जसको दादागिरी पछिल्लो चरण राज्यद्वारा उत्पीडित वर्ग र समुदायमाथि पर्न गएको छ । त्यो प्रकरण काठमाडौँ महानगरपालिकाका नवनिर्वाचित कथित स्वतन्त्र उम्मेदार बालेन शाहबाट प्रस्फुटित भएको छ । निमुखा, स्वरोजगार तथा फुटपाथ मजदुरहरूमाथि बुल्डोजर आतङ्क उत्पन्न गरी आफ्नो दानवीय चरित्र उदाङ्गो मात्र बनाएका छैनन्, आमनिमुखा सर्वसाधारणको बाँच्न पाउने अधिकार पनि खोसिदिएका छन् । यो दर्दनाक अवस्थाको भागीदार शोषित-पीडित जनता हुनपुगेका छन् । महानगरबासी बालेन शाहका मतदाताहरूले पनि गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको छ । व्यक्ति बदल्ने होइन, व्यवस्था बदल्नेतिर लाग्नुको सट्टा गलत व्यवस्थाको छत्रछायामा परेका हरेक सर्वसाधारणले यी दुःखद् क्षणहरू पलपल भोग्नुपर्ने बाध्यता आइलागेको छ । तसर्थ हाम्रो सङ्गठन महानगरका नगरप्रहरीको ज्यादती र मेयरको दादागिरीको घोर भर्त्सना गर्दै सडक तथा स्वरोजगार श्रमिकहरूको उचित विकल्प व्यवस्था नगरी त्यस्ता अमानवीय हर्कत नगर्न र फुटपाथ पसलमाथि गरिएको ज्यादती तत्काल बन्द गर्नु जोडदार माग राख्छ ।

## सहिद कुमार पौडेल...

अभियानमा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सचिवालय सदस्य तथा मधेस प्रदेश ब्युरो इन्चार्ज नयन, नवौँ महाधिवेशन आयोजक समिति सदस्यहरू निर्माण, बाबु, सुमन, इमान र विमलालगायत सहभागी छन् ।

त्यसैगरी जिल्ला संयोजकहरू बिहानी, नवीन, दीपक, अर्जुन, अखिल नेपाल महिला सङ्गठनकी केन्द्रीय कोषाध्यक्ष सन्जु, महिला सङ्गठनकी केन्द्रीय सदस्य दृष्टि, सङ्गठनकी महोत्तरी जिल्ला संयोजक गीता खड्का, धनुषा जिल्ला संयोजक बुधनीदेवी सदा, पुनम महरा, अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घका केन्द्रीय सचिवालय सदस्य तथा मधेस प्रदेश ब्युरो इन्चार्ज किसुनदेव, युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय सचिवालय सदस्य भरत, युवा जनस्वयम्सेवक नेपाल केन्द्रीय सदस्य तथा रौतहट, बारा जिल्ला इन्चार्ज सुबलाल कुशवाहा, सर्लाही जिल्ला सचिवालय सदस्य ठगाराम, मदन महतो, भरत पुलामी, इन्द्रमान लामा, रामन्द महतो, दिनेश महरा, सुबनारायण महतो, नरेश साह, राजकिशोर महतोलगायत उपस्थित थिए ।

अभियान टोलीले मार्च पास्ट, कोणसभा, अन्तरक्रिया, संसदीय प्रणालीको भन्डाफोर, वालपेन्टिङ, जनसभालगायत कार्यक्रम गर्ने पार्टीका सर्लाही जिल्ला संयोजक बिहानीले बताए ।

अभियान टोली प्रमुख नयनले सहिद परिवारको स्वागतपछि पुँजीवादी दलाल सत्ता र सर्लाहीका दलाल, सूदखोर, कमिसनखोर, भ्रष्टहरूको मिलोमतोमा देशभक्त, क्रान्तिकारी, सुकुमबासीका नेता कुमार पौडेलको निर्मम हत्या गरिएको बताए । हत्याराहरूलाई कारबाही नहुँदासम्म र कुमार पौडेलको विचारले न्याय नपाउँदासम्म आफूहरूले निरन्तर सङ्घर्ष जारी राख्ने नयनले बताए । सर्लाहीका सुकुमबासी जनता साँच्चिकै एक ढिक्का भएको दिन कुमार पौडेलका हत्याराहरू अनिवार्य दण्डित हुनुपर्ने उनले बताए । सर्लाही जिल्लामा सुकुमबासी बसोबास गराउन कुमार पौडेलकै बलिदानको कारण सफल भएको उनको भनाइ थियो । कुमार पौडेल नहुँदा धेरै सुकुमबासी उत्पीडनमा परेको, अहिलेका जनप्रतिनिधिले निष्पक्ष जनताका पक्षमा काम नगरेको र विभेदकारी हिसाबले व्यवहार गरिरहेको प्रस्ट पार्दै नयनले अहिले पनि धेरै सुकुमबासीको जमिन र घडेरी खोसेर आफ्ना कार्यकर्ता र मतदातालाई वितरण गराई झन् पीडित बनाइरहेको उनले बताए ।

कार्यक्रमको सञ्चालन सर्लाही जिल्ला इन्चार्ज निर्माणले गरेका थिए ।

## भीनपास्थित राजेन्द्र निर्माण ...

लापरबाहीलगायत अनियमितताबारे पटकपटक ध्यानाकर्षण गराउँदा पनि जनतालाई सास्ती खेप्न बाध्य बनाएकाले कालो ब्यानर टाँस्नु परेको नेकपा (बहुमत) कञ्चनपुरले जनाएको छ ।

निमार्ण कम्पनीद्वारा गरिएका कामहरूका बारेमा खबरदारी गरेको छ ।

सङ्गठनले गत साउन २९ गते सडक डिभिजन कार्यलय महेन्द्रनगरमार्फत पूर्वाधार विकास तथा यातायात मन्त्रालयलाई ध्यानाकर्षणपत्र बुझाएको थियो तर निर्माण कम्पनी र सञ्चालकले कुनै चासो नदेखाएको भन्दै कालो ब्यानर टाँसेको हो ।





राजेन्द्र निर्माण सेवा प्रालिद्वारा सञ्चालित भीमदत्त नगरपालिका ९ मा निर्माणाधीन अवस्थामा रहेको कामीकाटे खोला पुल सम्झौता भएर काम सुरु भएको ५ वर्षसम्म पनि अलपत्र पारेकाले जनचेतनाका लागि साङ्केतिक कारबाहीस्वरूप युवा जनस्वयम्सेवक नेपाल कञ्चनपुर जिल्ला समितिले उक्त ठाउँमा कालो ब्यानर टाँसेको हो । यसअघि पनि भीमदत्त नगरपालिका ११ मा सङ्गठनले कालो ब्यानर टाँसेको थियो ।

### थप तीन ठाउँमा कालो ब्यानर

कम्पनीका सञ्चालक भीम साउदले निर्माण थालेर चरम लापरबाही गरेका थप तीन ठाउँमा बिहीबार कालो ब्यानर टाँसेको छ ।

प्राप्त जानकारीअनुसार कम्पनीको लपरबाहीप्रति खबरदारी गर्दै सङ्गठनले भीमदत्त नगरपालिका ११ भुजेला माताकुटिया पुल, भीनपा ९ कामीकाटे खोला पुल र वेदकोट नगरपालिका वडा नम्बर ६ र ७ मुसेपानी खोला पुलमा पनि कालो ब्यानर टाँस्दै पार्टीद्वारा सञ्चालित दुईमहिने अभियानकै क्रममा सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपालले देशैभरि राजनीतिक गतिविधि तीव्र बनाएको छ । देशभर नै राज्यले गर्ने हरेक नकारात्मक गतिविधिलाई खबरदारी गर्दै अगाडि बढ्ने क्रममा युवा जनस्वयम्सेवक नेपाल कञ्चनपुरले राजेन्द्र निर्माण सेवा प्रालि कम्पनीका सञ्चालक भीम साउदले निर्माणकार्य थालेर चरम लापरबाही गरेका ठाउँहरूमा कालो ब्यानर टाँसी जनतालाई सुसूचित गरेको हो ।

### कालो ब्यानरमा लेखिएको छ :

मुसेपानी खोला पुलको सम्झौता २०७४/२/१०
सक्नुपर्ने मिति २०७७/२/१० र २०७८/१२/३० गते
.भुजेला खोला माताकुटिया पुल सम्झौता २०७४/२/७
सक्नुपर्ने मिति २०७५/८/५ र २०७८/१२/३०
.कामीकाटे पुल सम्झौता मिति २०७४/२/७
सक्नुपर्ने २०७५/९/५ र २०७८/११/२९ गते
ढोडा देखतभुली पुल सम्झौता मिति २०७२/९/२६
सक्नुपर्ने मिति २०७५/९/२५ र २०७७/१०/२५ गते
दैजी-बेल्डाँडी हुलाकी सडक सम्झौता मिति २०७३/११/१
सक्नुपर्ने मिति २०७६/५/१५ र २०७८१२/३० गते

२. उक्त निर्माणाधीन अवस्थामा रहेका पुल र सडकहरूमा कमसल खालको मेटरियल प्रयोग गरेको जसका कारण पुलहरू भत्किन सुरु भएको पाइएकाले ।

३. उक्त निर्माण कम्पनीमा कार्यरत कर्मचारी र मजदुरहरूको पारिश्रमिक/ज्याला विगत २/३ वर्षदेखि नदिएको पाइएकाले ।

४. दैजी-बेल्डाँडी-धनगढी हुलाकी सडक निर्माणकार्यमा चरम लापरबाही भएका कारण जनताले दैनिक सास्ती खेप्नुपरेकाले ।

राजेन्द्र निर्माण सेवा प्रालिद्वारा गरिएका गैरजिम्मेवारीपूर्ण काला कर्तुत र कम्पनीका सञ्चालक भीम साउद नेपाली काङ्ग्रेसका जिल्ला सभापति तथा पूर्वपर्शुराम नगरपालि काका मेयर पनि हुन् भनी कालो ब्यानर र पर्चा टाँसिएको जानकारी युवा जनस्वयम्सेवक नेपाल कञ्चनपुरका इन्चार्ज दीपेन्द्रसिंह ऐरीले दिएका छन् । ऐरीले निर्माणकार्य तत्काल सञ्चालन नगरेमा सङ्घर्ष सुरु गर्ने चेतावनी पनि दिएका छन् ।

## विद्यार्थी नेता गणेश रोकाय...



नवप्रवेशी रोकायलाई नेकपा (बहुमत) केन्द्रीय सचिवालय सदस्य एवम् विद्यार्थी फ्र्याक्सन इन्चार्ज पूर्णबहादुर सिंह, अखिल क्रान्तिकारीका अध्यक्ष मिलन राई र सङ्गठनका पदाधिकारीले माला र अबिर लगाएर सङ्गठनमा स्वागत गरेका थिए ।

बैठक अखिल क्रान्तिकारीका अध्यक्ष मिलन राईको अध्यक्षता नेकपा (बहुमत) का संयोजक कञ्चनको प्रमुख आतिथ्य, पार्टी प्रवक्ता सुदर्शनको विशेष आतिथ्य तथा पार्टी सचिवालय सदस्य एवम् विद्यार्थी फ्र्याक्सन इन्चार्ज पूर्णबहादुर सिंहको आतिथ्यमा सम्पन्न भएको बताइएको छ ।

बैठकमा मुलुकको राजनीतिक अवस्था, शैक्षिक विकृति, विसङ्गति, अराजकताका साथै समसामयिक शैक्षिक-राजनीतिक विषयमा प्रशिक्षण, छलफल र निर्णय भएको पनि बताइएको छ ।

## पार्टीको राष्ट्रिय जनजागरण...

भएको जनाइएको छ ।

अभियानमा युवा जनस्वयम्सेवकका अध्यक्ष हरि बिष्ट, मजदुर सङ्गठनका अध्यक्ष रामहरि थापा, महिला सङ्गठनकी अध्यक्ष विष्णु, उपाध्यक्ष लक्ष्मी, सुकुमबासीका अध्यक्ष पस्तुत पाखुरे, किसान मोर्चाका अध्यक्ष सुवास भुजेल, उपाध्यक्ष चित्र भुजेल, गुरुङ मुक्ति मोर्चाका अध्यक्ष तीर्थ गुरुङ, तामाङ मुक्ति मोर्चाका अध्यक्ष सन्तबहादुर स्याङ्तान, उपाध्यक्ष चित्र मोक्तान, ट्रक व्यवसायी सङ्घका अध्यक्ष जितबहादुर, थारू मुक्ति मोर्चाका अध्यक्ष सुरज, प्रेम र राजेश, चेपाङ मुक्ति मोर्चाका अध्यक्ष राजु प्रजा र मनीषा प्रजा, उद्योग वाणिज्य सङ्घका अध्यक्ष डेबिट गौतम संलग्न रहेको समाचारमा उल्लेख छ ।

त्यसैगरी वडा नं. १४ का अध्यक्ष प्रेम रसाइली, वडा नं. का अध्यक्ष १६ हरि बिष्ट, वडा नं. ७ का अध्यक्ष रामविलास, नगर सदस्यहरू सीमा, रोहित र सरिता अभियानमा संलग्न रहेको जिल्ला पार्टीले जनाएको छ ।

*(अभियानसम्बन्धी सामग्री विभिन्न पृष्ठमा हेर्नुहोस् ।)*

संस्कृति/उत्खनन

# सांस्कृतिक आन्दोलन र वैज्ञानिक समाजवादी संस्कृति



अशोक सुवेदी

## पृष्ठभूमि

नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ, '२१ औँ शताब्दीमा पुग्दा विश्वको सांस्कृतिक विशेषतामा पनि परिवर्तन देखापरेको छ । विगतकालको साम्राज्यवादी, पुँजीवादी, समाजवादी सांस्कृतिक चरित्रमा फेरबदल भएको छ । विश्व उत्तरआधुनिकताको चपेटामा पर्दै गएको छ । समाजका मानवीय मूल्यमान्यताहरू विघटित र विखण्डित हुँदै गएका छन् ।'

यो साम्राज्यवादी र दलाल पुँजीवादी सांस्कृतिक अवस्थाको चित्रण हो । पार्टी दस्ताबेजमा वर्तमान संस्कृतिका विशेषतालाई उल्लेख गर्दै भनिएको छ, ' उत्तरआधुनिकतावादी संस्कृति आजको मुख्य विशेषता हो । सबै वस्तुलाई विभाजन, विखण्डन र विसर्जनमा हेर्नु यसको सार हो । यो संस्कृतिले मानवजीवन, समाज र राज्यलाई प्रगति र परिवर्तनतिर नलगेर विकृति, विसङ्गति र अराजकतातर्फ धकेल्ने गरेको छ । यसले सबै वस्तुलाई केवल उपभोगको दृष्टिले मात्र हेर्छ । राजनीतिक दृष्टिले पुरानै राज्यव्यवस्थालाई कायम राख्न सहयोग पुऱ्याउँछ । उपभोगवादी र प्रयोगवादी प्रवृत्ति संस्कृतिको अर्को विशेषता हो । जनता, समाज र राज्यलाई फाइदा पुग्छ-पुग्दैन यसलाई मतलब हुँदैन । केवल आफ्नो ग्रुप, कम्पनी र लगानीकर्तालाई मुनाफा हुन्छ कि हुँदैन भन्नेसँग मात्र मतलब छ । यो कति उपभोगवादी छ भने निजी फाइदाका लागि जे पनि गर्न पुग्छ । समाजमा हुर्किरहेका सबै विकृतिको स्रोत यही संस्कृति बनेको छ । यो संस्कृति अप्राकृतिक र अराजकतावादी पनि छ । यतिसम्म कि गर्नै नहुने पशुवत्खालका क्रियाकलाप गरिरहेको छ । पुरुषले पुरुषलाई र महिलाले महिलालाई विवाह गर्ने, पर्यावरण र प्राकृतिक हुने नाममा छाडा र अराजकतापूर्ण क्रियाकलाप सञ्चालन गर्ने, पैसाको स्वार्थमा शरीर किनबेच गर्नेजस्ता कार्यहरू यसैका परिणाम हुन् ।' *(आठौँ महाधिवेशनबाट पारित दस्ताबेजबाट)*

विश्व-साम्राज्यवादी अराजकतावादी, शोषण र दोहनमा टिकेको उपभोक्तावादी संस्कृतिकै कारण मार्क्सवादी, जनवादी संस्कृतिको आवश्यकता खड्कियो र समाजमा नयाँ संस्कृति निर्माणका लागि वर्गसङ्घर्ष चल्यो । वर्गसङ्घर्षको उच्चतम रूप जनयुद्ध सञ्चालन भयो । जनयुद्धले पुरातन, सामन्ती र साम्राज्यवादी संस्कृतिका विरुद्ध धावा बोल्यो र नयाँ, जनसंस्कृति निर्माण गर्न थाल्यो । कालान्तरमा जनयुद्धको पनि विघटन गरियो र राजनीतिक प्रतिक्रान्तिसँगै सांस्कृतिक प्रतिक्रान्ति पनि चरमचुलीमा पुगेको छ । साम्राज्यवादी र दलाल पुँजीवादी अराजक संस्कृतिको चिहानमा वैज्ञानिक समाजवादी संस्कृति निर्माणका लागि वैज्ञानिक समाजवादी क्रान्ति जारी छ ।

स्थापित वैज्ञानिक समाजवादमा समाजवादी संस्कृति र जनसंस्कृतिलाई वैज्ञानिक सम्बन्धमा राख्न नसक्नाले पनि प्रतिक्रान्तिहरू भएका दृष्टिकोणहरू सार्वजनिक भएका छन् । राज्यको चरित्रले निर्धारण गर्ने दलाल संस्कृतिले जनताको संस्कृतिलाई निल्दै लगेको अवस्थामा जनसंस्कृति अर्थात् वैज्ञानिक समाजवादी संस्कृति निर्माण गर्नु अपरिहार्य छ र वर्गसमाजमा यो वर्गसङ्घर्षबाट मात्रै प्राप्त हुन्छ । वैज्ञानिक समाजवादमा निर्माण हुने वैज्ञानिक समाजवादी संस्कृति विचारधारात्मक, राजनीतिक चेतसहितको हुन्छ । भावनात्मक, मनोवैज्ञानिक, सामाजिक विशेषतासहितको जनसंस्कृतिलाई वैज्ञानिक समाजवादी संस्कृतिले परिष्कृत गर्दै र परिमार्जन, रूपान्तरण गर्दै वैज्ञानिक समाजवादअनुकूल बनाउँदै लग्नुपर्छ । जनसंस्कृति मात्र हाबी हुँदा रूढिवादी, सङ्कीर्ण र स्वच्छन्दतावादी हुने खतरा हुन्छ । वैज्ञानिक समाजवादमा उच्च आदर्शसहित वैज्ञानिक संस्कृति निर्माण र प्रयोग नभएमा र विकसित संस्कृतिलाई जनजीवनमा घुलमिल नगराइएमा सत्ता र जनताबीच फेरि वैचारिक-सांस्कृतिक दूरी बढ्न जान्छ र प्रकारान्तरले जनयुद्धका नायक भनिएका प्रचण्डको भैँसीपूजामा पतन भएझैँ पतन हुन पुग्छ ।

## उठान

संस्कृति समाज र मानवजीवनको सर्वोच्चता र सारसँग सम्बन्धित छ । संस्कृति जीवनको उद्देश्यसँग सम्बन्धित छ । मार्क्सवादी सौन्दर्यचिन्तक किरणका शब्दमा संस्कृति भनेको समाजको ऐतिहासिक विकासको प्रक्रियामा निर्मित भौतिक तथा आत्मिक मूल्यहरूको संश्लेषण हो । संस्कृतिको निर्माण श्रमप्रक्रियाका बीचबाट हुन्छ । *किरण, नेपाली समाज र संस्कृति : एक सङ्क्षिप्त अध्ययन, (काठमाडौं, विवेक सिर्जनशील प्रकाशन, २०६५), पृ. १६ ।*

नेपाली बृहत् शब्दकोषले भने संस्कृतिको अर्थ कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृत रूप दिएर चम्किलो, उज्यालो र निखुट बनाउने काम, संस्कार, परिष्कार भनेर लगाएको छ ।

संस्कृति र सत्ताका बीच सम्बन्ध छ । सत्ता वा राज्यसत्ता भन्नाले एक वर्गले अर्को वर्गलाई शासन गर्न प्रयोग गर्ने शक्ति हो । त्यस्तै संस्कृति भन्नाले समाज विकासका क्रममा निर्मित भौतिक तथा आत्मिक मूल्यहरूको संश्लेषण हो । त्यसैले सत्ता वा राज्यसत्ताको संस्कृति सत्ताको स्वरूपअनुसार जुन वर्गको हातमा सत्ता हुन्छ, त्यो सत्ताको संस्कृति पनि सोही सत्ताको वर्गीय स्वरूपअनुसार नै हुन्छ । वर्गविभाजित समाजमा राज्यसत्ता शोषक वर्गको हातमा भएमा त्यस सत्ताको संस्कृति पनि शोषण, दोहन, अन्याय, अत्याचार र व्यभिचारमा आधारित हुन्छ भने शोषित वा सर्वहारा वर्गको हातमा भएको राज्यसत्ताको संस्कृति न्याय, समानता र उन्मुक्तिमा आधारित हुन्छ । नेपालको राजनीतिक स्वरूप दलाल पुँजीवादी तथा नवऔपनिवेशिक रहेकाले यहाँको सत्ताको संस्कृति पनि दलाल र नवपनिवेशिक प्रकृतिकै रहेको तथ्य प्रमाणहरूले पुष्टि गर्छन् । विश्व-सर्वहारा वर्गका महान् नेता क. माओ त्सेतुङको भनाइमा संस्कृतिले सम्बन्धित समाजको अर्थतन्त्र र राजनीतिको विचारधारात्मक प्रतिबिम्बन गर्छ । *माओ त्सेतुङ सेलेक्टेड वर्क्स अफ माओ त्सेतुङ, भोलुम २ (पेकिङ, फरेन ल्याङ्ग्वेज प्रेस, १९६५), पृ. ३६९ ।*

नेपालमा सामन्तवादको केन्द्रीय स्वरूप राजतन्त्रको अन्त्य भएर गणतन्त्र घोषणा भइसके पनि सामन्ती सत्ताको संरक्षणमा हुर्किएको अन्धविश्वास, रूढि र अवैज्ञानिक चिन्तनको प्रभाव प्रचुर मात्रामा व्याप्त छ । विसं १८७२ को सुगौली सन्धिपछि ब्रिटिस साम्राज्यवादको अर्धउपनिवेशका रूपमा परिणत नेपालको राजनीतिक अवस्था भारतबाट बेलायती साम्राज्यवाद फर्किएको ७० वर्ष पुगिसक्दा पनि पूर्ण रूपमा स्वतन्त्र हुनसकेको छैन । त्यसैले नेपालका हरेक राजनीतिक तथा सांस्कृतिक आन्दोलनका स्वरूप मुख्यतः राष्ट्रिय रूपमा सामन्तवादविरोधी जनतान्त्रिक प्रकृतिको र बाह्य रूपमा भारतीय तथा अमेरिकी साम्राज्यवादका विरुद्ध राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताका पक्षमा हुने गरेको छ ।

शाहकालीन, राणाकालीन, निरङ्कुश राजतन्त्रात्मक तथा संसदीय सबै शोषणमूलक राज्यसत्ताले जनतामाथि आफ्नो शासनव्यवस्थाअनुकूलको अवैज्ञानिक, अन्धविश्वासयुक्त, रूढिग्रस्त र पराधीन प्रकृतिका संस्कार र संस्कृति लाद्दै आएका छन् । नेपाली जनताले इतिहासका हरेक कालखण्डमा ती शोषणमूलक, पुरातनपन्थी, अन्धविश्वासी संस्कृतिका विरुद्ध स्वतन्त्र, समानतामूलक, वैज्ञानिक समाजवादी र जनवादी संस्कृति निर्माणको लडाइँ लड्दै पनि आएका छन् । दलाल पुँजीवादी, उपभोक्तावादी, अश्लील, भद्दा, छाडा, शोषणप्रधान र व्यभिचारवादी संस्कृतिका विरुद्ध नेपाली जनताको सङ्घर्षको पछिल्लो केन्द्रीकृत अभिव्यक्ति नेकपा (माओवादी) को नेतृत्वमा २०५२ साल फागुन १ गतेबाट सञ्चालित जनयुद्ध हो । १० वर्षसम्मको भीषण जनयुद्धका क्रममा नेपाली जनताले पुरानो सत्ताको स्थानमा नयाँ सत्ता र पुरानो संस्कृतिलाई प्रतिस्थापन गरेर नयाँ संस्कृति निर्माणको थानी गरे । यद्यपि शोषणमूलक सत्ताको पुरानो स्वरूपको पूर्ण रूपमा अन्त्य नभइसकेको अवस्थामा जनसंस्कृतिको निर्माण पनि विकास र विस्तारकै चरणमा रह्यो र त्यो पनि वर्गयुद्धको स्वरूपमा ल्याइएको परिवर्तनसँगै क्रमशः मत्थर हुँदै न्यूनीकरण/अवरोहको बाटोमा भएर प्रतिक्रिान्तिमा रूपान्तरण भयो । तथापि सामन्ती राजतन्त्रको अन्त्यसँगै सङ्घीय, धर्मनिरपेक्ष गणतन्त्रको घोषणासम्म र त्यसपछिको प्रक्रियामा पनि पुरातन संस्कृतिका विरुद्ध नूतन संस्कृतिको निर्माण र विकासका लागि वर्गसङ्घर्ष जारी रहेको तथ्यलाई भने नकार्न मिल्दैन ।

वर्गगुद्धको चापसँगै नयाँ संस्कृति र नयाँ सत्ताको निर्माणको क्रम पनि तीव्र गतिमा भइरहेको तथ्य उजागर गर्दै तत्कालीन नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले युद्धकालमा यसरी परिभाषित गरेका थिए : 'जनयुद्धमा ध्वंसको अर्थ पुरानो सामन्ती सत्ताका राजनीतिक र भौतिक ध्वंस मात्र नभएर समग्रमा उसको सामन्ती संस्कृतिको ध्वंसका अर्थमा समेत बुझ्नुपर्छ । यसैगरी, नयाँ निर्माणको अर्थ जनसत्ताको राजनीतिक र भौतिक निर्माण मात्र नभएर समग्रमा नयाँ जनसंस्कृतिको निर्माणका अर्थमा समेत बुझ्नुपर्छ । ...महान् जनयुद्धले वस्तुतः ध्वंस र निर्माणको त्यही ऐतिहासिक प्रक्रियालाई आफ्नो सम्पूर्ण मौलिकता, तीव्रता र भव्यतासहित अगाडि बढाइरहेको छ । आज देशको समग्र ग्रामीण इलाकामा सामन्ती सत्ताका शोषण-उत्पीडनमूलक आर्थिक र राजनीतिक आधारसँगसँगै अन्धविश्वास, रूढिवादी भाग्यवाद, छुवाछूत, रहस्यवाद, अवतारवाद, जातीय र लिङ्गीय भेदभाव, जालझेल र फट्याइँजस्ता जनविरोधी र पाखण्डी सामन्ती संस्कृतिका जरा पनि उखेलिँदै गएका छन् । ग्रामीण क्षेत्रमा पाखण्डी सामन्ती संस्कृतिका जराहरू जुन स्तरमा उखेलिएका छन्, त्यही स्तरमा वैज्ञानिक र जनवादी सांस्कृतिक मूल्य र मान्यताहरू विकसित र स्थापित पनि हुँदै गएका छन् । पुरानो सामन्ती आधारलाई भत्काएर नयाँ आधारमा नयाँ नेपालको निर्माण गर्ने महान् सपनालाई साकार पार्ने यो नै वैज्ञानिक प्रक्रिया हो । यो प्रक्रियामा दुस्मनप्रति जनसमुदायका घृणा र आक्रोश, प्रत्येक विजयहरूमा हर्ष र गर्व तथा क्षति र पराजय, आँसु र पीडाजस्ता सबै प्रकारका

**'साहित्य र कलाको स्तरलाई त्यस दिशार्फ उकास्नुपर्छ, जतातिर मजदुर, किसान र सिपाहीहरू लम्किरहेका छन् । जतातिर सर्वहारा वर्ग लम्किरहेको छ ।'**

*(माओ, सङ्कलित रचना, भाग ३, येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन, ऐ, पृ. ५७) ।*

संवेदना र अनभूतिहरू आज देशव्यापी रूपमा गीत, सङ्गीत, कथा, कविता, संस्मरण, नाटक, उपन्यास आदिका रूपमा अभिव्यक्त हुँदै र संश्लेषित बन्दै गएका छन् । सांस्कृतिक रूपले समाजवादी यथार्थवादको अभिन्न अङ्गका रूपमा अगाडि बढिरहेको नेपाली जनवादी संस्कृतिको यो विशिष्ट धारालाई २१ औँ शताब्दीको नयाँ जनसंस्कृतिका रूपमा संश्लेषित गर्न सकिन्छ भन्ने मलाई लाग्दछ ।' *प्रचण्ड, अन्तर्वार्ता, कलम, अङ्क ३३/३४*

जनयुद्धको भीषण चापका बीचमा यसो भन्ने प्रचण्ड आज जनयुद्ध निर्मित विचार, राजनीति, सत्ता, सेना, संस्कृति सबै समाप्त गर्दै दलाल पुँजीवादमा आत्मसमर्पण गर्न पुगेका छन् । जनयुद्ध विघटन गरिएको छ । राजनीतिक रूपमा दलाल पुँजीवादलाई आत्मसाथ गरेर र सांस्कृतिक रूपमा भैँसीपूजा गरेर जनयुद्धको महानायक नै राजनीतिक-सांस्कृतिक रूपमा प्रतिक्रान्तिको पनि खलनायक बनिसकेको अवस्थामा जनयुद्धनिर्मित संस्कृति पनि विघटित बनेको छ । हिजो टाउकाको मूल्य तोक्ने दलाल पुँजीवादी सत्ताका नायक शेरबहादुर देउवालाई आज कथित लोकतन्त्रको रक्षक मान्दै प्रचण्ड सत्ता साझेदारी र गठबन्धन गरिरहेका छन् । यो मार्क्सवादी संस्कृति र सांस्कृतिक आन्दोलनमाथिको भद्दा र कुरूप प्रहार हो । यो अवस्थामा प्रचण्डले हिजो गरेको संश्लेषण आजका लागि पुरानो भइसकेको छ ।

दसौँ हजार योद्धाको बलिदानपछि निर्मित महान् जनयुद्ध विघटन, माओवादी पार्टीको एउटा ठूलो हिस्सा दलाल पुँजीवादमा पतन, जनयुद्धनिर्मित जनसत्ता, जनसेना, आधारइलाका, जनकम्युन, जनअदालतहरूको विघटनका कारण जनयुद्ध सुन्दर सपनाहरूको इतिहास बन्न पुगेको छ भने नयाँ संस्कृति पनि क्रमशः विघटनको सिकार बनेको छ । यसका लागि सत्ताको स्वरूप र त्यसको संस्कृतिसँगको सम्बन्धलाई परिभाषित गर्नु आवश्यक हुन्छ ।

सत्ताको अर्थ शक्ति प्रयोग गर्ने केन्द्र हो । सत्ताको सामान्य अर्थ र अस्तित्व सामाजिक, सांस्कृतिक तथा राजनीतिक क्रियाकलापहरूमा शक्ति ९उयधभच० का रूपमा प्रयोग भएको पाइए पनि यसको व्यापक अर्थ राज्यसत्ता (राजसत्ता) *राजसत्ता : १ राज्यको शक्ति वा सामर्थ्ययुक्त स्वामित्व, राज्याधिकार (बृहत् नेपाली शब्दकोश, पृ. ११३५ ।*

का रूपमा प्रयोग भएको पाइन्छ । वामपन्थी बुद्धिजीवी डा. ऋषिराज बरालका शब्दमा सत्ताको अर्थ यथार्थतः राज्यसत्ता नै हो र राज्यसत्ता वा राजसत्ताको अर्थ राज्यको शक्ति वा सामर्थ्ययुक्त स्वमित्व वा राज्याधिकार हो । *डा. ऋषिराज बराल, सत्ता र संस्कृति, पृ. ११९ ।*

**जनयुद्ध पुरानोको ध्वंस र नयाँको निर्माणका लागि सञ्चालित महान् प्रक्रिया थियो । यसले नयाँ विचार, नयाँ आदर्श, नयाँ मूल्यबोध, त्याग, शौर्य, उदात्तता र बलिदान तथा नयाँनयाँ बिम्ब, प्रतीक र महाआख्यानहरूको निर्माण गऱ्यो । समाजमा विद्यमान रूढि, अन्धविश्वास, छुवाछूत, जातपात, धार्मिक आडम्बर, कुसंस्कार, विभेदहरूको अन्त्य गरी वैज्ञानिक चेतना, वैज्ञानिक सत्ता र संस्कृति निर्माणका लागि उल्लेख्य पहल गऱ्यो ।**

नेपाली बृहत् शब्दकोशका अनुसार, सत्ता भनेको १. मूर्त रूपमा वर्तमानमा रहने वा हुने भाव, गुण वा वस्तुस्थिति, विद्यमानता, अस्तित्व, २. उपभोगका साथसाथै सक्षमता देखाएर काम गर्ने शक्तिसामर्थ्य वा अधिकार हो । *सत्ता : १. मूर्त रूपमा वर्तमानमा रहने वा हुने भाव, गुण वा वस्तुस्थिति विद्यमानता, अस्तित्व । २. उपभोगका साथसाथै सक्षमता देखाएर काम गर्ने शक्ति, सामर्थ्य वा अधिकार । (ऐ. पृ १२९३ । राजसत्ता : १ राज्यको शक्ति वा सामर्थ्ययुक्त स्वामित्व, राज्याधिकार (बृहत् नेपाली शब्दकोश, पृ. ११३५ ।*

बरालका अनुसार सत्तालाई कुनै स्थान, जिल्ला तथा क्षेत्रगत रूपमा लिई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ तर सत्ता भूगोलमा मात्र सीमाबद्ध भई परिभाषित हुन सक्तैन । राज्यसत्ताका समग्र अङ्गहरूको भौतिक-आत्मिक उपस्थितिले सत्ताको स्वरूपलाई निर्धारण गर्दछ । *डा. बराल ऐ. पृ. ११९ ।*

भी.आई. लेनिनले राज्यसत्तालाई शक्तिको सङ्गठनका रूपमा परिभाषित गर्नुभएको छ । लेनिनका अनुसार, राज्यसत्ता एउटा वर्गले अर्को वर्गलाई दबाउनका निम्ति बल प्रयोगको सङ्गठन हो । *भी. आई. लेनिन, सङ्कलित रचनाएँ (मास्को, प्रगति प्रकाशन- १९८८), पृ. १७ ।*

यसरी हेर्दा सत्ता जुन वर्गको हातमा हुन्छ, संस्कृति पनि त्यही वर्गको हुन्छ । प्रतिक्रियावादी वर्गको हातमा सत्ता हुँदा राज्यको संस्कृति पनि सोहीअनुरूप हुन्छ र जनताको हातमा हुँदा जनपक्षीय हुन्छ । जनयुद्धको समयमा जनताले आधारइलाकाहरूमा नयाँ राज्यसत्ता सञ्चालन गरेको अवस्थामा त्यहाँ जनसत्तासँगै जनसंस्कृति निर्माण हुनु र हाल त्यसको विघटनको अवस्थामा क्रमशः जनसंस्कृति कमजोर बन्दै गएर विघटित हुँदै जानुका पछाडि यही अवस्थाले काम गरेको छ ।

यहाँ सत्तासँग सम्बन्धित संस्कृतिको स्वरूप र वर्गसङ्घर्षको नयाँ कडीका रूपमा नेपालमा भएको १० बर्से महान् जनयुद्धले निर्माण गरेको नयाँ संस्कृतिका बारेमा गरिएको नयाँ संश्लेषणबारे सङ्क्षेपमा चर्चा गर्ने प्रयास मात्र गरिएको हो । यो संश्लेषणले दलाल पुँजीवादी सत्ता-संस्कृतिका विरुद्ध वैज्ञानिक समाजवादी सत्ता र संस्कृति निर्माणका लागि जारी आन्दोलनलाई सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

नेपालको राजनीतिक अवस्था अर्धसामन्ती र अर्धऔपनिवेशिक रहँदै दलाल पुँजीवादी र नवऔपनिवेशिक हुन पुगेको छ । इतिहासका विभिन्न कालखण्डमा नेपालको यो अवस्थाको अन्त्य र स्वतन्त्र, सार्वभौम, मौलिक राज्यसत्ता र संस्कृति निर्माणका लागि आन्दोलन, सङ्घर्ष, क्रान्ति र वर्गयुद्धहरू हुँदै आएका छन् । विशेषगरी पृथ्वीनारायण शाहले केन्द्रीय सामन्ती राज्यसत्ता स्थापना गर्ने क्रममा हिन्दुधर्म तथा ब्राह्मणवादलाई प्रोत्साहन दिएर सोहीअनुसारको संस्कृति लादेपछि त्यसका विरुद्ध जोसमनी सन्त मत राख्नेहरूले वैचारिक विद्रोह गरेको पाइन्छ । मार्क्सवादी सौन्दर्यचिन्तक चैतन्य भन्नुहुन्छ, 'पृथ्वीनारायणकालीन तन्त्रवादले पञ्चमकारवादमा फसी चरम विकृतीकरणको रूप लिएको स्थितिमा नेपालमा ब्राह्मणवाद र हिन्दुधर्मका विरुद्ध जोसमनी सन्त मतले वैचारिक धावा बोल्यो । यो मत निर्गुणभक्ति र आदर्शवादी अद्वैतवादमा आधारित थियो । नेपालमा सामन्तवादको समग्र अवधिमा सामाजिक चेतनाका सबै रूपहरूमा धर्मको वर्चस्व रहिआएको छ र त्यसका विरुद्धको सङ्घर्ष पनि धार्मिक भेष धारण गरेर नै विकासित हुँदै गएको पाइन्छ ।' *किरण, नेपाली समाज र संस्कृति : एक सङ्क्षिप्त अध्ययन, पृ. १२७ ।*

हाम्रो देशमा विभिन्न जाति, संस्कृति र राष्ट्रहरू छन् । सबै जाति, संस्कृति र राष्ट्रका आआफ्ना भाषा, भूगोल, अर्थतन्त्र र ऐतिहासिक रूपमा विकसित सांस्कृतिक मनोविज्ञानमा आबद्ध रही स्थिर मानवसमुदायका रूपमा विकासित हुँदै आएको विषय पनि किरणले सोही प्रसङ्गमा उल्लेख गर्नुभएको छ । नेपालमा मार्क्सवादको प्रवेश र विकास हुनुअघि धर्मका विरुद्ध विभिन्न धर्म, राजनीतिका विरुद्ध नवीन चेतनासहितको राजनीति, पुरातन संस्कृतिका विरुद्ध समकालीन नूतन संस्कृति र साहित्यका विविध विधागत माध्यमहरूद्वारा विरोध, विद्रोह र सङ्घर्षहरू भएका छन् । योगमाया न्यौपाने (कोइराला) हरूले निरङ्कुश राणाशासनको शोषणमूलक राजनीतिक र सांस्कृतिक विभेदका विरुद्ध भजन, गजल तथा सामूहिक जलसमाधिद्वारा गरेको विद्रोह, प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारीले मकैको खेती पुस्तक लेखेर राणाशासनविरुद्ध गरेको विद्रोह र सहादत, त्यसपछि महानन्द सापकोटा, धरणीधर कोइराला, सिद्धिचरण श्रेष्ठ, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री तथा दशरथ चन्द, गोपालप्रसाद रिमालहरूले गरेको साहित्यिक, राजनीतिक विद्रोह र कतिपयको बलिदानबाट पनि पुरातन सामन्ती र परनिर्भर सत्तासंस्कृतिका विरुद्ध नवीन संस्कृति स्थापनाका लागि भएका प्रयासहरूबारे बुझ्न सकिन्छ । २००६ सालको आसपास र विशेषगरी कम्युनिस्ट पार्टीको स्थापनापछि भने सामन्ती सत्तासंस्कृति र शोषणमूलक राजनीतिका विरुद्ध संस्थागत रूपमा आन्दोलन, सङ्घर्ष र विद्रोहहरू भएका छन् । नेपाल कम्युनिस्ट पार्टीको प्रथम घोषणापत्र (१५ सेप्टेम्बर १९४९) मा लेखिएको छ : 'नेपालमा सामन्तवादको बलियो जग सन् १३८१ मा बनेको हो । त्यसैबेलादेखि विभिन्न सामन्ती खलकहरूले नेपाली जनतालाई शोषण गर्दै आएका छन् । यी शताब्दीहरूका बीचमा नेपालमा जेजति हेरफेरहरू भए तापनि सबैले सामन्तवादलाई बलियो तुल्याए र नेपालका केही भागहरूमा पुँजीवादी उत्पादनप्रथा चालू गरिएका भए तापनि सामन्तवादी उत्पादनप्रथा र सामन्तवादी शासनव्यवस्था नै सर्वोपरि छन् ।' *पुष्पलाल, नेपालमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास, पुष्पलाल स्मृति प्रतिष्ठान, (२०५३), पृ. ४३ ।*

नेपालको अर्धऔपनिवेशिक अवस्थाका बारेमा नेपाल कम्युनिस्ट पार्टीको प्रथम घोषणपत्रमा स्पष्ट उल्लेख गरिएको छ । घोषणापत्रमा लेखिएको छ : 'सन् १८४६ मा एउटा षड्यन्त्र रची (जुन कोतपर्वको नामले प्रख्यात छ) राणाले नेपालको बागडोर हत्याए । त्यसैबेलादेखि विदेशी साम्राज्यवादीहरूले नेपालमा आफ्नो पन्जा छिटछिटै फैलाउन थाले । आज नेपाल अर्धउपनिवेशको हालतमा पुगेको छ । विदेशी साम्राज्यवादीहरूको हातमा राणाशाहीको लगाम छ । नेपाल त्यसै बेलादेखि अंग्रेजी साम्राज्यवादको फौजको निम्ति सिपाही भर्ना गर्ने अखडा हुन गयो । नेपाली जनतालाई साम्राज्यवादको हातमा बेच्ने काममा मुख्य गोठाला (नाइके) नेपालका प्रधानमन्त्री नै बने । आज पनि कंगाल नेपाली किसान युवकलाई हजारौंको सङ्ख्यामा भर्ना गरी अंग्रेजी उपनिवेशहरूमा चलिरहेका मुक्तिआन्दोलनका विरुद्ध उनीहरूको प्रयोग गर्न भारतको पूजीवादी नेहरू सरकार मनोमानी खुशी-राजी भएको छ । *११ पुष्पलाल ऐ. पृ. ४४ ।*

वास्तवमा नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र प्रकाशन भएको ४७ वर्षसम्म नेपाली जनताले विविध प्रकारका वैधअवैध आन्दोलनहरू सञ्चालन गरी अर्धसामन्ती र अर्धऔपनिवेशिक राजनीतिक सत्ता र सांस्कृतिक सत्ताका विरुद्ध आवाज मुखरित गरे पनि नेपालको अवस्था सापेक्षिक रूपमा उस्तै रह्यो । फलस्वरूप नेपाली जनताले २०५२ साल फागुन १ गते नेकपा (माओवादी) को नेतृत्वमा जनयुद्ध सञ्चालन गरे । अर्धऔपनिवेशिक अर्धसामन्ती अवस्थाका विरुद्ध जनयुद्ध छेडिएको अवस्थालाई क. किरणले यसरी चित्रण गर्नुभएको छ : 'अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा रहेको नेपालको यो समग्र प्रक्रियामा एकातिर जनविरोधी, अराष्ट्रिय तथा अवैज्ञानिक विचार र अर्कोतिर जनवाद, राष्ट्रियता तथा वैज्ञानिक विचारमा आधारित संस्कृतिका बीच निरन्तर सङ्घर्ष चल्दै आएको छ । अनेकौं जनआन्दोलन, वर्गसङ्घर्ष र दस वर्षको जनयुद्धका बीचबाट जनचेतना र वर्गचेतना सशक्त रूपमा विकसित हुँदै आएको पाइन्छ । *१२ किरण, नेपाली समाज र संस्कृति, ऐ. पृ. १२८ ।*

नेपालमा इतिहासदेखि वर्तमानसम्म सञ्चालित सङ्घर्षहरू विश्व-सर्वहारावर्गको एक अभिन्न कडीका रूपमा अघि बढेका छन् । नेपालमा सञ्चालित राजनीतिक आन्दोलनजस्तै सर्वहारा सांस्कृतिक आन्दोलनहरू पनि विश्वसर्वहारा सांस्कृतिक आन्दोलनकै अभिन्न कडी हुन् भन्ने बुझ्न कुनै कठिनाइ पर्दैन । चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिका सन्दर्भमा क. किरण लेख्नुहुन्छ : 'महान् सर्वहारा सांस्कृतिक क्रान्तिको उद्देश्य शोषक वर्गका पुराना विचार, संस्कृति, रीतिरिवाज र आदतका विरुद्ध सर्वहारा वर्गका नयाँ विचार, संस्कृति, रीतिरिवाज र आदर्शलाई व्यावहारिक रूप दिने आर्थिक आधारसँग मेल नखाने संरचनाको रूपान्तरण गर्ने, पुँजीवादको पुनर्स्थापना रोक्ने समाजवादको विजय सुनिश्चित गर्नका लागि भौतिक तथा वैचारिक आधार तयार पार्दै जाने र संशोधनवादलाई निर्मूल गर्दै विश्वदृष्टिकोणको समस्या हल गर्ने थियो ।' *किरण, सङ्घर्षको दर्शन महान् सर्वहारा सांस्कृतिक क्रान्तिका दार्शनिक मान्यताहरू, पृ.१८०-८१, नवदीप प्रकाशन प्रालि, २०६० ।*

नेपालमा १० वर्षसम्म सञ्चालित जनयुद्ध राजनीतिक मात्र नभएर आफैँमा एउटा सांस्कृतिक क्रान्ति पनि थियो । यसले ग्रामीण भूभागमा विद्यमान सामन्ती संस्कृति, संस्कार र अन्धविश्वासी परम्परालाई समाप्त पार्दै नयाँ जनसंस्कृति निर्माण गऱ्यो । जनयुद्धकालीन र त्यसपछि विकसित संस्कृतिका सम्बन्धमा चैतन्यका भनाइहरू महत्वपूर्ण छन् । नेपालको परम्परागत संस्कृतिका सम्बन्धमा चैतन्य भन्नुहुन्छ : 'नेपालमा लामो समयदेखि दुई प्रकारका संस्कृतिहरूका बीच सङ्घर्ष चल्दै आएको छ । ती हुन् : प्रतिगामी र जनवादी संस्कृति । प्रतिगमी संस्कृति भनेको सामन्तवाद, विस्तारवाद र साम्राज्यवाद मिलेर बनेको खिचडी संस्कृति हो । सामन्तवादी संस्कृति धार्मिक मतवाद, रूढिवादी, अन्धविश्वास, दैव, भाग्य, कर्म, पूर्वजन्म, पुनर्जन्म, स्वर्ग-नर्क, धामीझाँक्री, तन्त्र-मन्त्र आदि आदर्शवादी तथा रहस्यवादी मान्यतामा आधारित छ । यो संस्कृति राजालाई विष्णुको अवतार मान्ने, जनतालाई रैती र प्रजाका रूपमा ग्रहण गर्ने, सामन्त, मुखिया, जिम्मवाल, गुरूपुरोहित आदिको सत्कार गर्नुपर्ने, जनतालाई तिनको सेवक मान्ने हिन्दुधर्मको वर्ण तथा जातव्यवस्था र मनुवादी आचारसंहितामा आधारित छ । यसले जातपात, छुवाछूतलाई प्रश्रय दिन्छ, महिलाहरूलाई अबला र पुरुषकी चरणकी दासी ठान्ने गर्छ । यो संस्कृतिले मानवसम्बन्धलाई उचनीचको व्यवस्था र भेदभावपूर्ण मान्यतामा ढाल्ने गरेको छ । यो संस्कृतिले दलित, महिला, जनजाति, मजदुरवर्गसहित श्रमिक जनसमुदायको विमानवीयकरण र उनीहरूको मानवीय सारतत्व तथा पहिचानको अपहरण गरेको छ । उनीहरूको श्रमशक्ति र रचनात्मक ऊर्जालाई क्षतविक्षत तुल्याएको छ । *चैतन्य, समीक्षा र सौन्दर्य, पाठ्यसामग्री पसल, २०६५, पृ.११३ ।*

नेपालमा यस किसिमको अर्धसामन्ती, अर्धऔपनिवेशिक, दलाल पुँजीवादी र नवऔपनिवेशिक संस्कृतिका विरुद्ध नेपाली जनताले निरन्तर सम्झौताहीन सङ्घर्ष पनि गर्दै आएका छन् । नेपालको सर्वहारा वर्ग स्वतन्त्रता, समानता र साझा शोषणदमनहरूबाट मुक्ति चाहन्छ । मुक्तिका लागि जनताले निरन्तर सङ्घर्ष, त्याग, शौर्य र बलिदान पनि गर्दै आएका छन् । जनयुद्धका क्रममा झन्डै १५ हजार क्रान्तिकारी योद्धा तथा जनता र करिब दुई सयको हाराहारीमा संस्कृतिकर्मीहरूले पनि रगत बगाइसकेका छन् । नेपाली जनताले पनि ठूलो सङ्ख्यामा बलिदान गर्नुपर्नाको कारण के थियो त ? किरण मुलुकको सामन्ती तथा सामन्तवादी चिन्तन र संस्कृतिको चित्रण यसरी गर्नुहुन्छ : 'साम्राज्यवादी संस्कृति साम्राज्यवादी विचारधारा विकृत पुँजीपति वर्गको एकाधिकारवादी अर्थतन्त्र, फासिवादी राजनीति र आदर्शवादी एवम् अधिभूतवादी विश्वदृष्टिकोणमा आधारित छ । अतर्क बुद्धिवाद, बहुलवाद, व्यवहारवाद, सारसङ्ग्रहवाद र शून्यवाद यसका मूल विशेषता हुन् । आज यो साम्राज्यवादी भूमण्डलीकरणका रूपमा पेस भइरहेको छ । साम्राज्यवादलाई श्रेष्ठ र उत्पीडित राष्ट्रलाई असहाय तथा जनसमुदायलाई

निरीह भीडका रूपमा लिनु, ज्ञानविज्ञानका विरुद्ध अन्धविश्वास, रूढिवादी र आदिम चेतनामा जोड दिनु, जनतालाई प्रविधिको कठपुतलीका रूपमा पेस गरी उसको क्रान्ति र वर्गसङ्घर्षप्रतिको चेतनालाई कुण्ठित तुल्याउनु, बजारीकरण, विलासिता र यौनअराजकताको पुर्पक्ष गर्नु, मार्क्सवादी विश्वदृष्टिकोण, क्रान्ति र कम्युनिज्मका विरुद्ध विष वमन गर्नु यो विचारधाराका मुख्य विशेषता हुन् ।' *किरण, नेपाली समाज र संस्कृति : एक सङ्क्षिप्त अध्ययन, (दो.सं.), पृ.१०७–१०८, विवेक सिर्जनशील प्रकाशन प्रालि, २०६५ ।*

जनताको निरन्तर सङ्घर्षबाट पुरातन मानवद्वेषी संस्कृतिको अन्त्य र नयाँ संस्कृति स्थापनाको प्रक्रिया अघि बढेको छ । महान् जनयुद्धका क्रममा यसको मात्रा र गुण दुवै उचाइमा पुग्दै गएको कुरा पनि सत्य हो (यद्यपि अहिले त्यसको बिन्दु तल झर्दै गएको छ) । चैतन्यका शब्दमा नेपाली जनताले सञ्चालन गरेको जनयुद्धले पुरातन मूल्यमान्यतालाई विस्थापन गरी कयौं नयाँ मूल्यमान्यता स्थापित गरेको हो । उहाँ भन्नुहुन्छ : 'नेपालमा प्रतिगामी संस्कृतिको विरोधमा लामो समयदेखि जनवादी संस्कृतिको विकास हुँदै आएको छ । यसप्रकारको नयाँ संस्कृतिको निर्माण नेपाली जनसमुदायले उत्पादनका निम्ति सङ्घर्ष र अनेकौं वैज्ञानिक मूल्यमान्यता र नेपाली जनताले हाल आएर चलाएका जनआन्दोलन र महान् जनयुद्धका बीचबाट विकसित नयाँ मूल्यमान्यताहरूको संश्लेषणका रूपमा भएको छ ।' *चैतन्य, समीक्षा र सौन्दर्य, पृ. ११३ ।*

जनयुद्धनिर्मित संस्कृतिका बारेमा तत्कालीन प्रचण्डको संश्लेषण थियो, 'बन्दुक, कलम र मादलको एकीकृत कमान्ड आजको ज्वलन्त आवश्यकता हो । इतिहासका कुनै पनि महान् राजनीतिक क्रान्ति आफैंमा महान् सांस्कृतिक क्रान्ति पनि हुने गर्छन् । समग्र युद्ध ९त्यतबꣳध्बिच० का रूपमा अगाडि बढ्दै आएको नेपाली जनयुद्ध आफ्नो सारतत्त्वमा सामन्तवाद र साम्राज्यवादविरुद्ध एउटा महान् संस्कृतिक युद्ध हो । *प्रचण्ड, अन्तर्वार्ता, कलम, अङ्क २५/२६*

तर आज प्रचण्डको संश्लेषणले उल्टै उनैलाई जिस्क्याइरहेको प्रतीत हुन्छ ।

नेपालको जनवादी सांस्कृतिक आन्दोलनको सङ्गठित इतिहास २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापनापछि आरम्भ भए पनि यसले घनीभूत रूप भने २०५२ सालपछि नै पाएको देखिन्छ । यसअघि कला, साहित्य र संस्कृतिका विभिन्न रूपबाट अभिव्यक्त हुँदै आएको सांस्कृतिक आन्दोलन अधिकांश समय त गेग्र्यानमा दबेर बगेको पानीजस्तो पाइन्छ । २०५२ सालपछि देशको शोषित, उत्पीडित, दमित वर्ग, महिला, किसान, मजदुर, बुद्धिजीवी, संस्कृतिकर्मी, पत्रकार, विद्यार्थी सबैसबै आआफ्ना ढङ्गबाट जनयुद्धमा एकाकार भएर नयाँ, उन्नत, विकसित, वैज्ञानिक जनसंस्कृति र जनसत्ता स्थापनामा लामबद्ध रहेको पाइन्छ । डा. बरालका शब्दमा जनसंस्कृति भनेको नयाँ संस्कृति, श्रमजीवी वर्गले श्रमसङ्घर्षका क्रममा आर्जन गरेको संस्कृति हो । कुरूपताका विरुद्ध सुन्दर र उदात्त भावचेतनाको सिर्जना र सम्प्रेषण गर्दै यसले आत्मिक चेतनलाई भौतिक शक्तिमा फेर्न अभिप्रेरित र उत्साहित पार्दछ । नयाँ संस्कृति आत्मिक र भौतिक दुवै उत्पादन हो । वैज्ञानिक दृष्टिकोणमा आधारित नयाँ संस्कृति परिस्थितिको व्याख्यामा मात्र सीमित र चित्रणको सन्दर्भमा मात्र सीमाबद्ध नभई यसले समाजलाई कसरी बदल्ने भन्ने कुरामा जोड दिन्छ । त्यसैले नयाँ संस्कृति परिवर्तनको संस्कृति हो । यसलाई जनसंस्कृति पनि भन्ने गरिन्छ । ***बराल, सत्ता र संस्कृति, २०६६ ।***

जनयुद्धले नयाँ संस्कृतिसँगै नयाँ सत्ता पनि जन्मायो । अर्थात् जनयुद्धका क्रममा नयाँ सत्ता र नयाँ संस्कृतिका भ्रूणहरू सँगसँगै जन्मिए र एकअर्काका पूरक बने ।

पुरानो सत्ता र संस्कृतिलाई विस्थापित गरेर निर्माण भएको नयाँ सत्ता र नयाँ संस्कृतिले सर्वहारा वर्गको जीवनपद्धति, संस्कार र संस्कृति बोकेको हुन्छ । यसले सर्वहारा वर्गले नयाँ सत्ता स्थापनाका लागि लडेको वर्गसङ्घर्षका उपलब्धिहरूको रक्षा र विकास गर्छ । जनयुद्धले स्थापना गरेको नयाँ सत्ता र नयाँ संस्कृतिले पनि सर्वहारा वर्गको जीवनपद्धति, संस्कार र संस्कृति बोकेको कुरामा कुनै द्विविधा थिएन । यस विषयमा बरालको भनाइ छ, 'नयाँ सत्ताले नयाँ संस्कृतिलाई जन्माउँछ । नयाँ संस्कृतिले नयाँ सत्तालाई सुदृढ तुल्याउँछ । यथार्थवादको कोणबाट हेर्दा नयाँ संस्कृति समाजवादी यथार्थवादको नेपाली समाजको विशिष्टतामा गरिएको प्रयोग र उपज हो । मार्क्सवादी सैन्दर्यचिन्तनको कोणबाट हेर्दा नयाँ संस्कृति मालेमावादी...सौन्दर्यचिन्तनको उपज हो । वर्गद्वन्द्वको कोणबाट हेर्दा नेपाली नयाँ संस्कृति महान् जनयुद्धको मूल्यद्वारा निर्मित नयाँ यथार्थको परिणाम हो । ***सत्ता र संस्कृति, ऐ.***

महान् जनयुद्धको भीषण द्वन्द्वमार्फत सिर्जित नयाँ संस्कृति नयाँ सामाजिक मूल्य र सम्पत्तिका रूपमा स्थापित भएको थियो । हिजो जनयुद्धले विकास गरेको नयाँ विचारशृङ्खलालाई प्रचण्डपथ भनिएको थियो र प्रचण्डपथ नेपाली जनयुद्धले स्थापना गरेको नयाँ विचारशृङ्खला, नयाँ सत्ता र नयाँ संस्कृतिको आधारभूमि रहेको निष्कर्ष निकालिएको थियो । जनयुद्धले स्थापना गरेको नयाँ सत्ता र नयाँ संस्कृतिले जनयुद्धका नायकहरूले गरेको आत्मसमर्पणकै कारण उल्टो दिशातर्फ छलाङ हान्दै जानु र नयाँ सत्ता र नयाँ संस्कृति बिस्तारै इतिहासको कथामा रूपान्तरित हुँदै जानुमा पार्टीलाई खुला, विशाल बनाउने महत्वाकांक्षाद्वारा प्रेरित भएर र पलायनवादी, आत्मसमर्पणवादी चिन्तनबाट ओतप्रोत भएर माओवादलाई माओविचारसँग वैकल्पिक बनाउने निर्णय पनि एक प्रमुख कारक थियो भन्ने सत्य क्रमशः प्रमाणित हुँदै गएको छ ।

जनयुद्ध विश्वसर्वहारा वर्गले निरन्तर लड्दै आएको वर्गसङ्घर्षको पछिल्लो कडी हो । जनयुद्धले वर्गस्वार्थको रक्षा र नयाँ संस्कृतिको निर्माणका क्रममा भीषण त्याग, शौर्य, उदात्तता, एकता, निरन्तरता, बलिदानलगायत त्याग, समर्पण र निर्माणमा असङ्ख्य कीर्तिमानहरू कायम गरेको छ । 'ध्वंस र निर्माणका बीचमा द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ । महान् निर्माणको सम्बन्ध ठूलो स्तरको ध्वंससँग अविभाज्य छ । असत्यको ध्वंस नगरी सत्यको स्थापना हुनै सक्तैन । पुरातनलाई ध्वंस नगरी नूतनको स्थापना हुन सक्तैन । प्रकृति, समाज र मानवचिन्तनको समग्र विकास नै यही ध्वंस र निर्माणको द्वन्द्वात्मकताद्वारा निर्देशित रहँदै आएको छ । ध्वंसबिना निर्माणको कल्पना नै गर्न सकिन्न । पुरानो सत्ता (जसमा उसका विचार, संस्कृति, सेना, नोकरशाहीयन्त्र सबै पर्छन्) लाई ध्वंस नगरी नयाँ सत्ताको निर्माण हुनै सक्तैन । *(प्रचण्ड, संस्कृति, कला र सौन्दर्यचिन्तन, पृ. ७२–७३ ।)* भन्ने प्रचण्ड प्रकारान्तरले जनयुद्धबाट आत्मसमर्पण गरी दलाल पुँजीवादको शरणमा पुग्नु, एमसीसी, नागरिकता विधेयकजस्ता राष्ट्रघाती सम्झौताहरू पारित गर्नु, नेकपामाथि प्रतिबन्ध लगाउनु र गठबन्धन नै बनाएर नेपाली काङ्ग्रेससँग सत्ता साझेदारी गर्नुले उनको हिजोको भनाइ भ्रम र घातशिवाय केही पनि प्रमाणित हुँदैन ।

जनयुद्ध पुरानोको ध्वंस र नयाँको निर्माणका लागि सञ्चालित महान् प्रक्रिया थियो । यसले नयाँ विचार, नयाँ आदर्श, नयाँ मूल्यबोध, त्याग, शौर्य, उदात्तता र बलिदान तथा नयाँनयाँ बिम्ब, प्रतीक र महाआख्यानहरूको निर्माण गऱ्यो । समाजमा विद्यामान रूढि, अन्धविश्वास, छुवाछूत, जातपात, धार्मिक आडम्बर, कुसंस्कार, विभेदहरूको अन्त्य गरी वैज्ञानिक चेतना, वैज्ञानिक सत्ता र संस्कृति निर्माणका लागि उल्लेख्य पहल गऱ्यो । वर्गीय स्वार्थका लागि साझा बन्धनहरू चुँडाल्दै र व्यक्तिगत सुखसुविधा र स्वार्थहरू त्याग्दै सर्वहारा वर्गले उदात्तताको कीर्तिमान नै कायम गऱ्यो । जागृत नयाँ चेतनाले दमित, कुण्ठित र अपहेलित चेतनामाथि भीषण धक्का दियो । फलस्वरूप ग्रामीण तहमा जेलिएर रहेका रूढि र अन्धविश्वासका जालहरू क्रमशः टुट्दै गए र जनयुद्धका क्रममा वर्ण र जातका आधारमा गरिने जातपात, छुवाछूतलगायत मानवद्वेषी प्रचलनको अन्त्य हुँदै त्यस स्थानमा वर्गीय संस्कार र संस्कृतिको निर्माण हुँदै गयो । जनयुद्धले सर्वहारावर्गीय चेतना स्थापना गऱ्यो । अन्धविश्वास र रूढिमा आधारित भाग्यवादको जगमा खडा भएका पर्व, चाडबाड, रीति र संस्कारको स्थानमा जनताको त्याग, शौर्य र बलिदानबाट स्थापित नयाँ चाड र पर्वहरू स्थापित बन्दै गए । समाजमा व्याप्त रूढि, अन्धविश्वास र जादु, तन्त्रमन्त्रमा आधारित पूर्वजुनी, पुनर्जन्म, धामीझाँक्री, टुनामुना, बोक्सीलगायत अवैज्ञानिक, मानवद्वेषी, अन्धविश्वास र रूढिवादमा आधारित अपसंस्कारप्रतिका भ्रमहरू हट्दै गए र जीवनवादी, वैज्ञानिक संस्कार/संस्कृतिको विकास हुँदै गयो । मानवद्वेषी मृत्युसंस्कार, जन्म, न्वारान, व्रतबन्ध, विवाहलगायत पुरातनपन्थी कर्मकाण्डहरूप्रति नवीन संस्कृतिले धक्का दिँदै गयो ।

पुराना संस्कार र संस्कृतिमाथि नयाँ संस्कार र संस्कृतिको चाप पर्न थाल्यो । जनवादी, अन्तर्जातीय विवाहले प्रोत्साहन पायो । १३ दिन लगाएर गरिने काजकिरिया, मृत्युपछि घरघरमा भनिने मानवद्वेषी गरुडपुराणजस्ता आपराधिक क्रियाकलापहरू घटे । महिला, दलित, विपन्न वर्ग, किसान, मजदुरलगायत श्रममाथिका पुरातन चिन्तन र दृष्टिकोणहरू बदलिए । बिधुवा महिलाहरूलाई हेर्ने दृष्टिकोण बदलियो । जात र क्षेत्रका आधारमा गरिने विभेद अन्त्य हुँदै गयो । सर्वहाराकरण हुने, सम्पूर्ण परिवारलाई नै पार्टीकरण/क्रान्तीकरण गर्ने संस्कृतिको विकास हुँदै गयो । निजी स्वार्थको सकेसम्म र बढीभन्दा बढी तिलाञ्जली दिने र वर्गीय स्वार्थका लागि बढीभन्दा बढी त्याग, शौर्य र उदात्तता प्रदर्शन गर्ने होड नै चल्यो । आत्मिक संस्कृतिलाई जीवनव्यवहारमा रूपान्तरण गरेर भौतिक संस्कृतिमा बदल्ने क्रमको आरम्भ भयो । कमरेड्ली संस्कृति लदाबदी भयो । नयाँ र उदात्त चेतना र संस्कृतिको विकास भयो । यो वर्गयुद्धले विकास गरेको नयाँ र उन्नत संस्कृति थियो । जातीय, क्षेत्रीय र लैङ्गिक विभेद अन्त्य हुने क्रममा कुनै जाति, क्षेत्र र लिङ्गविशेषका परम्परागत संस्कृति सर्वहारावर्गीय संस्कृतिमा रूपान्तरित हुँदै गए । पुरातन संस्कार/संस्कृतिलाई परिमार्जन/रूपान्तरण गर्दै र बदल्दै जनवादी संस्कार/संस्कृतिमा ढाल्ने क्रमको विकास भयो । महान् जनयुद्धले निर्माण गरेको यो सुन्दर पाटो थियो ।

## विचलन

वर्गसङ्घर्ष घनीभूत बन्दै जाँदा नयाँ सत्ता र नयाँ संस्कृतिको विकास र विस्तार पनि उत्तिकै घनीभूत बन्दै जान्छ । जनयुद्ध विसर्जनपछि तत्कालीन पार्टी नेकपा (माओवादी) मा वर्गसङ्घर्षको स्वरूप बदलिएको हो र होइन भन्नेमा गम्भीर अन्तरविरोधहरू उत्पन्न भए । नेकपा माओवादी जनयुद्धको प्रक्रियाबाट शान्ति, सम्झौता र कूटनीतिको हतियार चलाएर विजयतर्फ लम्किरहेको समयमा वर्गयुद्ध यहाँसम्म ल्याइपुऱ्याउने महत्वपूर्ण शक्ति जनमुक्ति सेनालाई अपमानपूर्वक विघटन गरियो । समायोजन र पुनर्स्थापनका नाममा पुरानो सेना र शक्तिहरूको स्वार्थअनुकूल विघटन गर्दा एक समय वर्गसङ्घर्षको ठूलो उपलब्धि नै विघटनमा पऱ्यो । जनमुक्ति सेनालाई क्यान्टोनमेन्टबाटै हतियाबार अलग्याएर नष्ट गराइयो । माओवादीको क्रान्तिकारी नेतृत्वमाथि राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिक्रियावादी शक्तिहरूद्वारा घेरा हालियो । पार्टीभित्रको क्रान्तिकारी पङ्क्तिले जनमुक्ति सेना र हतियार अलग गराएर दुस्मनको स्वार्थ र निर्णयअनुसार बुझाउने खेलमा मुख्य नेतृत्वकै संलग्नता मात्र नभएर योजना रहेका तथ्यहरू सार्वजनिक दैं त्यसप्रकारको आत्मसमर्पणवादी चिन्तन, प्रवृत्ति र निर्णयप्रति असहमति जनाउँदै विद्रोह पनि गऱ्यो । जनयुद्धको जगमा नयाँ विद्रोह गर्ने पालुङटार विस्तारित बैठकको निर्णयअनुरूप नभएर शान्ति र संविधानका नाउँमा पार्टीको मूल नेतृत्व सुधारवादमा फसेकोमा क्रान्तिकारी पङ्क्तिले चिन्ताका साथ चेतावनी व्यक्त गर्दै, अन्तरसङ्घर्ष चलाउँदै विद्रोह गरेको थियो ।

उता अन्तर्राष्ट्रिय क्रान्तिकारी शक्तिहरूले पनि माओवादीको नेतृत्व सुधारवाद र संशोधनवादमा फसेकोमा चिन्ता व्यक्त गरे । पार्टी खुला भएपछि अवसरवादी झुन्डहरू पनि आआफ्नो प्रवृत्ति बोकेरै माओवादीमा छिरे । प्रतिक्रियावादी र अवसरवादी चिन्तन र प्रवृत्ति लिएर पसेका झुन्डहरूले क्रान्तिकारी शक्तिलाई आफूजस्तै बनाउन होड गरे । युद्धबाट आएका इमानदार क्रान्तिकारीहरू पाखा लाग्ने र ताकछोपुवाहरूको हालीमुहाली हुने अवस्था बन्यो । अवसरवादी प्रवृत्तिले सांस्कृतिक आन्दोलनका विरासत सामना सांस्कृतिक परिवार विघटन गराउने र फुटको बीजरोपण गर्ने षड्यन्त्र पनि गऱ्यो । हिजोसम्म प्रतिक्रियावादी सत्तासँग मिलेर जनयुद्ध र क्रान्तिको विरोध गर्नेहरू आज क्रान्तिकारीहरूलाई कक्षा दिइरहेका दारुण दृश्यहरू पचाउन क्रान्तिकारीहरूलाई असाध्यै असहज बन्यो । युद्ध सकियो, अब सुरक्षित होइन्छ भनेर मोलमोलाइ गरेर छिर्नेहरूले पार्टी र आन्दोलनलाई प्रदूषित मात्र बनाएनन्, विघटन नै गराए । क्रान्तिको गला रेटे । क्रान्तिबाटै आएको दाबी गर्ने कतिपय व्यक्ति र तत्वहरूमा चरम उपभोक्तावादी, सुविधाभोगी, अवसरवादी र क्रान्तिविरोधी प्रवृत्ति र चिन्तन मुखरित हुँदै गयो । क्रान्ति पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नेहरूलाई अमेरिकी साम्राज्यवादले अल कायदालाई गरेजस्तो व्यवहार गर्ने प्रवृत्ति बढ्यो । विचार र चिन्तनलाई होइन, व्यक्ति, शक्ति र सत्ताको पूजा गर्ने खराब चिन्तनको विकास भयो । दलाल पुँजीवादी सत्तालाई केन्द्रमा राखेर गुटबन्दीले चरम रूप लियो । पद, पैसा र शक्तिको आडमा मानिसलाई प्रभावित पार्ने घातक प्रवृत्तिको विकास भयो छ । क्रान्तिप्रतिको दृढ आस्था र निष्ठाका कारण हिजो 'मोडल' वा 'हिरो' बनेकाहरूमा निजी स्वार्थहरू ब्युँतिए । क्रमशः क्रान्तिकारी पार्टी र क्रान्तिकारी संस्कृति पनि क्रमशः सुधारवादी-संशोधनवादी र उपभोक्तावादी दलदलमा जाकियो । हिजो व्यक्तिगत स्वार्थलाई तिलाञ्जली

***सांस्कृतिक विचलनको प्रमुख कारण राजनीतिक विचलन र नेतृत्वपङ्क्तिमा विकसित भएको उपभोक्तावादी/पलायनवादी/संशोधनवादी संस्कृति प्रमुख कारण थियो । सांस्कृतिक विचलन जनताबाट होइन, नेतृत्वबाटै आरम्भ भएको थियो । पार्टी कार्यकर्ता र जनता भोकै, तिर्खै र नाङ्गै रहेको अवस्थामा नेतृत्वलाई लाखौँको पलङ, डसना र सुरासुन्दरी नभई निद्रा नलाग्ने अवस्था उत्पन्न हुनु भनेको आन्दोलनको एउटा पङ्क्ति पूर्ण रूपमा दलाल पुँजीवादी वा प्रतिक्रियावादी बन्नु हो ।***

दिएर सर्वहाराकरण हुनुमा, त्याग, शौर्य, उदात्तता र बलिदानमा भविष्य देख्नेहरूमा पनि पद, प्रतिष्ठा र व्यक्तिगत लाभका लागि मरिहत्ते गर्ने प्रवृत्ति बढ्यो छ । हुँदाहुँदा मन्त्रीलाई भेट्न जाँदा मन्त्रीकी श्रीमतीलाई सारीचोलो उपहार लगेर पद हत्याएका र पदमा रहँदा जम्मा गरेको रकमले ठाउँठाउँमा सम्पत्ति जोडेर जनताभन्दा माथिल्लो देखिने पुँजीवादी संस्कृतिको विकास भयो । सहिदका नाउँमा स्थापित संस्थामा समेत भ्रष्टाचार गरियो । हिजो क्रान्तिका लागि जस्तोसुकै कष्ट सहन र जस्तोसुकै जोखिम पनि मोल्न तयार हुने योद्धाहरूमा सुखसुविधा र प्रतिष्ठाको भोक बढ्दै गयो । हिजो लड्न, अग्रमोर्चामा लामबद्ध हुन तँछाडमछाड गर्नेहरूमा पछिल्लो मोर्चामा, कम जोखिम मोल्ने स्थानमा मिसिने र उस्तै परे एकएकवटा बहाना बनाएर पलायन हुने खतरा बढ्दै गयो । पार्टी, क्रान्ति, सर्वहारा वर्ग र कमरेड भनेपछि हुरुक्क हुन मनपराउनेहरूमा परिवार, निजी सम्पत्ति, पद, सस्तो 'व्यक्तित्व' र तामझामप्रतिको रुचि बढ्दै गयो । क्रान्ति नगर्नेहरू, महान्, त्याग, शौर्य र बलिदानको बाटोलाई 'फासिवादी आतङ्क', सामाजिक फासिवाद भन्दै दुत्कार्ने र तिरस्कार गर्नेहरू रातारात क्रान्तिकारी योद्धाहरूका 'नेता' बने/बनाइए । ठूलो जोखिम मोलेर र त्याग गरेर जनयुद्धमा लामबद्ध बनेकाहरू, जनयुद्धका विभिन्न मोर्चाहरूमा जिम्मा लिएर जनयुद्ध सफल पार्न जीवन बलिदान गर्न तम्सिएकाहरूको जिम्मेवारी, पद, हैसियत, विश्वास लथालिङ्ग र भताभुङ्ग पारियो । त्याग, शौर्य र बलिदानलाई हिँड्दैछ, पाइला मेट्दैछ को अवस्थामा पुऱ्याइयो । 'शान्तिकाल' अघिसम्म, अझ संविधानसभाको निर्वाचनसम्म पनि माओवादीलाई आतङ्ककारी, उग्रवादी वा बाटो बिराएको देख्नेहरू रातारात पार्टीको उच्च ओहोदासम्म पुगेर तिनै क्रान्तिका सिपाहीहरूलाई खुच्चिउँ गर्दै तिनको हैसियतमा प्रश्न उठाए । राजनीतिक सत्तामा हारेका प्रतिक्रियावादीहरूले कब्जा जमाएझैँ पार्टीको सत्तामा तिनै हरूवा र डरछेरुवाहरूको हालीमुहाली सुरु भयो । गुटबन्दीमा रमाउन बानी परेकाहरूले नेतृत्वलाई भ्रममा पारेर क्रान्तिकारीहरूलाई टाढा देख्ने र कुरौटे र भरौटेहरूलाई नजिकको देख्नेजस्तो विडम्बनापूर्ण दृश्यहरू सतहमा आए । युद्धकालमा क्रान्तिकारीहरूलाई पोल लगाइदिने, सहिदका परिवारलाई यातना दिने, सहिद परिवारका महिलाहरूलाई निजी स्वार्थमा उपभोग गर्ने र बार्गेनिङ गर्नेहरू नै पार्टीको नेतृत्व तहमा पुगेका घिनलाग्दा दृश्यहरू देखिए । यी घटनाक्रमहरूले नै राजनीतिक प्रतिक्रिान्तिसँग सांस्कृतिक प्रतिक्रान्ति सुरु भएको देखाएपछि विद्रोह भयो र नयाँ ढङ्गले राजनीतिक र सांस्कृतिक क्रान्ति अघि बढिरहेको छ ।

स्थापित जनसंस्कृति अन्त्य गर्दै दलाल पुँजीवादी संस्कृति अपनाउनु उल्टो संस्कृति थियो । जनयुद्धले विकास गरेको र बलिदानबाट जन्मिएको नयाँ संस्कृतिसँग पटक्कै मेल नखाने पतनोन्मुख संस्कृति थियो त्यो । महान् सहिदका परिवार, बेपत्ता, घाइते योद्धाहरूलाई यस्ता उल्टा दृश्यहरूले आक्रोशित बनायो र विद्रोहमा साथ दिए ।

क्रान्तिकारीहरूले त्याग गर्न जानेका छन्, देश र जनताका लागि खुम्चिन, सहन र पार्टीको आदेश शिरोपर गर्न सिकेका छन् तर साझा अन्याय, अत्याचार, शोषण, दमन, थिचोमिचो, जालझेल र तिरस्कारको अन्त्य गरेर समानतामूलक नयाँ साम्यवादी समाज निर्माण गर्न हिँडेका क्रान्तिकारीहरू आफ्नो विचार र स्वाभिमानलाई नै तिलाञ्जली दिएर लामो समयसम्म धैर्य गरिरहनु सम्भव थिएन । महान् जनयुद्धले स्थापना गरेका जनसत्ता, जनकम्युन, जनसकार, जनअदालत, जनशिक्षालय, जनस्वास्थ्यालयहरू विघटन भइसकेका छन् । जनसत्ता, जनसंस्कृतिलाई मात्र होइन, खलनायकहरूले जनयुद्धलाई नै इतिहासको विषय बनाउँदै लगे । जनयुद्धमा कुनै लगानी नै नभएहरूलाई नेतृत्व दिइएपछि र मूल पात्र नै दुस्मनको स्वार्थमा बिक्री भएपछि यसो हुनु अस्वाभाविक थिएन ।

कथित शान्तिसम्झौताको समयमा भएको सहमतिविरुद्ध जनयुद्धकालका मुद्दाहरू ब्युँताइए । वर्गसङ्घर्षको उद्भव र चाप रहेका स्थानहरूमा मानिसले खान नपाएर आत्महत्या गरेका समाचारहरू आए । तिनै स्थानहरूमा कथित उच्च जातिकी महिलासँग प्रेम गरेको बहाना बनाएर कथित दलित समुदायका युवाहरूको समूहिक हत्या गरियो । जस्तोसुकै कठिनाइ, यातना, लाञ्छना र पीडालाई क्रान्तिका लागि पचाएर वा आक्रोशमा रूपान्तरण गरेर जनताको राज्यसत्ता स्थापना गर्न क्रान्तिसिवाय केही सत्य होइन भनेर मोर्चाबन्दी गरेका आधारइलाकाहरूमै यस्तो घटना हुनु प्रतिक्रान्ति उत्कर्षमा पुगेको ज्वलन्त उदाहरण हो । सिङ्गो परिवार नै जनयुद्धमा बलिदान गरेकाहरू, आफन्त गुमाएकाहरू, बेपत्ता योद्धाका परिवारजन र घाइते योद्धाहरू, जनयुद्धमा लागेर शिक्षा, स्वास्थ्य, रोजगारी, व्यवसाय र आफन्त गुमाएकाहरू हिजो स्थापना भएको नयाँ सत्ता र संस्कृति स्खलन र विघटन हुँदै गएपछि आक्रोशित बन्नु र विद्रोह गर्नु स्वाभाविक मात्र होइन, अपरिहार्य थियो । हिजोसम्म जनयुद्धमै भविष्य देखिरहेकाहरू पार्टीभित्र प्रवेश गरेको सुविधाभोगी, विलासी, उपभोक्तवादी र अन्त्यमा दलाल पुँजीवादी संस्कृति अवलम्बन गरेर पतनको सँघारमा पुगेपछि नै आन्दोलनमा पटकपटक विद्रोह भयो र नयाँ आन्दोलन अघि बढ्यो ।

## विकल्प

सांस्कृतिक विचलनको प्रमुख कारण राजनीतिक विचलन र नेतृत्वपङ्क्तिमा विकसित भएको उपभोक्तावादी/पलायनवादी/संशोधनवादी संस्कृति प्रमुख कारण थियो । सांस्कृतिक विचलन जनताबाट होइन, नेतृत्वबाटै आरम्भ भएको थियो । पार्टी कार्यकर्ता र जनता भोकै, तिर्खै र नाङ्गै रहेको अवस्थामा नेतृत्वलाई लाखौँको पलङ, डसना र सुरासुन्दरी नभई निद्रा नलाग्ने अवस्था उत्पन्न हुनु भनेको आन्दोलनको एउटा पङ्क्ति पूर्ण रूपमा दलाल पुँजीवादी वा प्रतिक्रियावादी बन्नु हो । त्यसै कारण समाजमा मात्र होइन, पार्टीभित्रै वर्ग जन्मियो र विद्रोह भयो । नेताहरूले जिम्मेवारी र अनुभव देखाउँदै आफूलाई ठूला ठाने तर ती जनताभन्दा ठूला कहिल्यै थिएनन्, छैनन् र हुँदैनन् पनि । नेताहरूमा आफू र आफ्ना सन्तानलाई जनताभन्दा माथि, भरिपूर्ण र सुरक्षित गराउने चेत कहाँबाट पलायो ? पार्टीका इमानदार कार्यकर्ताभन्दा अन्यत्रा चाहार्दै हिजो मात्र पार्टीमा छिरेका उपभोक्तावादी चैतेहरू किन प्रिय बने ? हिजोको मूल नेतृत्व नै यस्तो दलाल पुँजीवादी र उपभोक्तावादी भुलभुलैयामा फस्दै र खराब संस्कृति निर्माण गर्दै गएकाले हिजोका आदर्श र निर्मितिहरू भत्किएर विद्रोह अपरिहार्य बन्यो । दुस्मनले समेत कुरीकुरी, छिः र छ्याः भन्ने गरी मूल नेतृत्वको जीवनशैली, आचरण र संस्कार रूपान्तरण हुन सकेन । क्रमशः झन् अधोगतितर्फ लाग्दै गयो ।

संस्कार र संस्कृति मूल नेतृत्वबाटै निर्माण हुने हो । यसका लागि पार्टी र सांस्कृतिक मोर्चा हरदम इमानदार, चनाखो र क्रियाशील हुनुपर्छ । जनताको चेतनाअनुसार नेतृत्व र सामूहिक रूपमा निर्माण हुँदै गएको परिवर्तिन नयाँ स.स्कृतिलाई जनताले ग्रहण गर्दै जाने हो । जनयुद्धमा त्यो अवस्था उत्पन्न भएको पनि हो ।

वैज्ञानिक समाजवादी संस्कृति वैज्ञानिक, क्रान्तिकारी, जनवादी, समानतामूलक, सिर्जनात्मक, समाजवादी यथार्थवादी हुन्छ । यो संस्कृतिले मानव समाजको विकाससँग सम्बन्धित वैज्ञानिक तथ्यहरूमा आधारित र श्रमिक जनताको जीवनसँग अन्तरसम्बन्धित नयाँ संस्कृतिलाई मात्र आत्मसात् गर्छ । वैज्ञानिक समाजवादले मात्र समाजमा मानिसको श्रम, पसिना, त्याग, शौर्य, समर्पण, बलिदान, मेहनत, उत्पादन, सिर्जना नै संस्कृतिको स्रोत हो भन्ने मान्यता राख्छ र श्रम संस्कृतिको सम्मान गर्छ । वास्तवमा मानिसले जीवनसङ्घर्ष र वर्गसङ्घर्षका क्रममा भौतिक, मानसिक श्रम र क्रियाकलापको प्रतिबिम्बन संस्कृतिका रूपमा स्थापित गरेको हुन्छ र त्यो संस्कार र व्यवहारका रूपमा अभिव्यक्त हुन्छ । दलाल संस्कृति भने दलालहरूले संस्कृतिमा गरेको दलालीकरण र भ्रष्टीकरण हो । वैज्ञानिक समाजवादी संस्कृतिले अवैज्ञानिक रूढिवादी, अन्धविश्वासी, आध्यात्मिक अपसंस्कृति भत्काएर नयाँ र वैज्ञानिक संस्कृति स्थापना र लागू गर्छ । वैज्ञानिक संस्कृतिले यो संसारको निर्माणकर्ता श्रमिक मानिसको उत्थानका लागि प्रेरित गर्छ । वैज्ञानिक समाजवादी संस्कृतिले मानिसलाई विज्ञानमा जिउनसक्ने, भौतिकवादी, सामाजिक, मानवीय, सुसंस्कृत, सामूहिक, शान्तिप्रेमी र सिर्जनशील बनाउँछ । मानवसमाजलाई समान, सुखी, समुन्नत, समृद्ध, उच्च चेतना र उच्च सभ्यता बसाल्न प्रेरित गर्ने संस्कृति नै वैज्ञानिक समाजवादी संस्कृति हो । यो मानवभसभ्यताको सर्वोच्च रूप हो । यसले साम्यवादी स.स्कृति र समाजसम्म पुऱ्याउन सहयोग गर्छ ।

## निष्कर्ष

नयाँ संस्कृति निर्माणका क्रममा 'अहिले यस्तै भो, पछि ठीक हुँदै जान्छ' भन्ने नियतिवादी र चरम सम्झौतावदी प्रवृत्ति बढी जिम्मेवार हुन्छन् । हिजो युद्धका क्रममा जनताका घरका जाँडरक्सीका घ्याम्पा फोर्ने र मादमदिरा नष्ट पार्ने आन्दोलनको नेतृत्व गर्ने नेताहरू र मूलतः प्रचण्ड नै मदिराका प्यालासहित देखिनु र घरभित्रबाट दर्जनौँ बोरा रक्सीका बोतल खाली सिसीमा बेचिएका दृश्यहरू सार्वजनिक हुनुले हिजो सिङ्गो आन्दोलनलाई न बदनाम र प्रभावित बनाएको थियो । यसबाट निरन्तर पाठ सिक्नुपर्छ । हिजो सामान्य लवाइखुवाइ, भेषभूषा र नम्र व्यवहारमा देखिने नेतृत्वहरूको शरीरमा पर्फ्युमको 'सुगन्ध', र कपालमा जेलको प्रयोगको चर्चाले बजार तताएको थियो । पार्टीका वरिष्ठ नेता कहलिएकाहरूको सन्तानको बिहेमा स्याम्पेनका बोतल फोरिएका, नेताहरू नै मठमन्दिर घुम्न गएका र 'बाबा' आश्रममा धाएका अनि सुन्दरी प्रतियोगिता र तीजको विरोध गर्दै हिँडेका नेता भएको पार्टीमा आबद्धहरू सुन्दरी प्रतियोगिताका निर्णायक बसेका र तीज, बिहे पार्टीमा रातो सारी, चुरा र झरझुट्ट गहनामा उत्ताउला नृत्य प्रदर्शन गरेका सन्दर्भले आन्दोलनलाई उठाउनै गाह्रो हुने गरी बदनाम बनाएका थिए । त्यसलाई चिरेर आन्दोलन अघि बढाउन निकै मुस्किल परेको थियो । राजनीतिक क्रान्तिसँगैसँगै जनवादी सांस्कृतिक क्रान्ति अघि नबढ्दा रुस, चीनलगायत मुलुकमा क्रान्तिकारी नेतृत्व फेरिनासाथ रातो पोसाक लगाएकै सेनाले प्रतिक्रान्तिलाई नै 'सलाम' गरेर स्वीकारेका तीता उदाहरणहरूबाट हामीले पनि पाठ सिक्नुपर्छ । आफूलाई कम्युनिस्ट पार्टीको खोल ओढाएर राखेको नेकपा एमालेले पार्टीलाई 'बहुदलीय जनवाद' को बुर्जुवा जामा पहिऱ्याउँदा पनि 'हाम्रो पार्टी कम्युनिस्ट नै हो' भनेर नतमस्तक बनेका कार्यकर्ताहरू, पार्टी र नेता दलाल पुँजीवादको अगुवा बनिसक्दा पनि पार्टीलाई माओवादी नै देख्ने रतन्धो लागेका माओवादी केन्द्रका कार्यकर्ताहरू, संसदीय संशोधनवादी बनेर नेता र पार्टीले दलाल पुँजीवादी सत्तासँग आत्ममसमर्पण गरेर चुनावमा भाग लिँदा पनि त्यहीँ दास बनेर रुमल्लिइरहेका विप्लव समूहका कार्यकर्ताहरूले दास संस्कृतिको विरोध र विद्रोह गर्दै वैज्ञानिक समाजवादी क्रान्ति अघि बढाइरहेको नेकपा -बहुमत) र सांस्कृतिक मोर्चामा लामबद्ध हुनु आवश्यक छ । जीवनमा एकपटक त जो पनि क्रान्तिकारी हुनसक्छ । जो निरन्तर क्रान्तिकारी बनिरहनसक्छ र क्रान्तिमा भाग लिइरहनसक्छ र क्रान्ति अघि बढाइरहन सक्छ, वास्तवमा सच्चा क्रान्तिकारी उही हो । अब जनतालाई हिजोका कुरा देखाएर होइन, आज र भोलिका कुरा देखाएर नयाँ विद्रोहको तयारी गर्नु र अझ नयाँ सस्कृतिको निर्माण गर्नु आवश्यक छ । नेपालको जनयुद्ध विश्व-सर्वहारावर्गकै आशा र भरोसाको केन्द्र थियो । त्यसको विघटन, मूल नेतृत्वको पलायन र पतनका साथै त्यसपछि एकीकृत जनक्रान्ति गर्छु भन्ने मूल नेतृत्वले पनि दलाल पुँजीवादमा आत्मसमर्पण गरिसकेपछि अब नेकपा (बहुमत) को नेतृत्वमा वैज्ञानिक समाजवादी क्रान्तिले नयाँ नेतृत्व निर्माण गरिरहेको छ । यस्तो अवस्थामा जनयुद्धका बाँकी कार्यभार पूरा गर्न सम्पूर्ण उत्पीडित पङ्क्ति जुट्नुपर्छ, उठ्नुपर्छ र क्रान्तिकारी आन्दोलनमा लामबद्ध हुनुपर्छ । नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीच एकताप्रक्रिया अघि बढेको सन्देशले क्रान्तिकारीहरूमा एउटा गहिरो आशा र विश्वास उत्पन्न भएको छ । निरन्तर राजनीतिक र सांस्कृतिक क्रान्ति सञ्चालन गरेर र क्रान्तिकारी जनता, कार्यकर्ता र नेतृत्वलाई विद्रोहमा होमेर मात्र क्रान्तिको लक्ष्य पूरा हुन र क्रान्तिकारी संस्मृति निर्माण हुनसक्छ । यसका लागि दलाल पुँजीवादको अन्त्य हुनु आवश्यक छ र दलाल पुँजीवादलाई सघाउने संसदीय संशोधनवाद, सुधारवाद र सबैखाले क्रान्तिविरोधी तप्काको अन्त्य आवश्यक छ ।

*(नयाँ यथार्थ, २०६६ मा प्रकाशित यो लेख सामान्य सम्पादन र परिमार्जनसहित पुनः प्रकाशन गरिएको हो- लेखक ।)*

# नेकपा (बहुमत) बागमती उपत्यका ब्युरोको अपिल

*संसद्‌वाद र संशोधनवादका विरुद्ध सङ्घर्ष गरौँ ! वैज्ञानिक समाजवाद स्थापनाको बाटोमा अघि बढौँ !!*

**आदरणीय जनसमुदाय !**

अहिले नेपाल र नेपाली जनताले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका भीमकाय पहाडद्वारा थिचिनुपरेको छ । भारतीय साम्राज्यवादले दसकौँदेखि भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक उत्पीडन थोपरिरहेको छ । पछिल्लो क्रममा अमेरिकी साम्राज्यवादले यहाँका ठूला पार्टी र तिनीहरूका मुख्य नेता, नोकरशाहहरूलाई लोभ, डर र धम्कीको भरमा नवउपनिवेश लादिरहेको छ । त्यसैको पछिल्लो आयाम सहश्राब्दी चुनौती निगम (MCC), राज्य साझेदारी कार्यक्रम (SPP) हुन् । सरकारमा रहेका पार्टीहरूले नागरिकताजस्तो अत्यन्तै संवेदनशील विषयमा खेलबाड गर्ने र नेपालको तराई र अन्य स्थानमा पुस्तौँपुस्तादेखि बसोबास गर्दै आएका शोषित-पीडित, दलित र भूमिहीन, श्रमजीवी जनसमुदायले नागरिकता नपाउने तर अनेक जालझेल, लोभ-लाभ, आश्वासन-प्रलोभन, प्रभाव-दबाब र पैसाको चलखेलका आधारमा गैरनेपाली नागरिकले नागरिकता पाउने गरी चलिआएको राष्ट्रहितविपरीतको कार्यलाई कानुनी मान्यता दिने गरी नागरिकतासम्बन्धी विधेयक सङ्घीय संसद्‌बाट हठात् र बलात् पारित गरियो । भारतको नागरिकता भएका व्यक्तिसँग नेपाली महिलाले विवाह गर्दा ७ वर्ष कुर्नुपर्ने तर भारतकी महिलाले नेपाली नागरिकसँग विवाह गरेकै भोलिपल्ट नागरिकता पाउने यो विभेदकारी व्यवस्था बनाइयो । यो व्यवस्थाले उत्पन्न गर्ने जनसङ्ख्याको भार हाम्रोजस्तो सानो देशले थेग्न सक्दैन । त्यसकारण नेपालले जनसङ्ख्या अतिक्रमण रोक्नका लागि दह्रो नागरिकता-नीति लिनु पर्दछ ।

**आदरणीय जनसमुदाय !**

वर्तमान सत्ताले एकातिर जनताका सामान्य अधिकारहरूलाई सुनिश्चित गर्नुको सट्टा संविधानमा किटान गरिएका प्रावधानहरू कार्यान्वयन गर्न माग गर्न गरिएका आन्दोलनहरूमा बुट, लाठी, गोलीद्वारा दमन गरेको छ । बलात्कार गरी हत्या गरिएकी निर्मला पन्तलगायत सयौँ महिलाले न्याय पाएका छैनन् । महिला हिंसा दिन दुई गुना रात चौगुना बढेको छ । निहारिका राजपुतहरू न्याय नपाएर राष्ट्रपति भवनअगाडि पेट्रोल खन्याएर आत्महत्याको प्रयास गर्दैछन् । एक्काईसौँ शताब्दीमा पनि वर्ण र जातका आधारमा छुवाछुतजन्य अपराध कायमै छ । राजनीतिक पार्टी, सुरक्षा निकाय, कर्मचारीको आड र मिलोमतोमा गरिब किसानहरूको जमिन जालझेल गरेर रजिस्ट्रेसन पास गराउने, तमसुक बनाउने गरेर हडप्ने गरेका छन् । मिटर ब्याज त्यसको चरम नमुना हो । यति मात्र होइन, प्रशासन, मालपोत कार्यालय, स्थानीय सत्तामा खडा गरिएका वडा, गाउँ तथा नगरपालिकाको सहयोग र योजनामा तराई क्षेत्रमा गरिब किसानको जमिन भारतीय नागरिकले हडपेर अरूलाई बेची जग्गाविहीन बनाइदिएका छन् । बैङ्कहरूले धरौटी राख्ने नाममा किसानको जग्गा हडपेका छन् । सहकारी, लघुवित्तहरू महँगो ब्याज तोकेर आधुनिक सूदखोर बनेका छन् । आर्थिक असमानता कति छ भने १ सयजना दलाल पुँजीपतिहरूसँग देशको ९० प्रतिशत सम्पत्ति केन्द्रित हुन पुगेको छ । वित्तीय अवस्था कति डरलाग्दो बनेको छ भने ५० खर्ब बैङ्क मौज्दातमा ३० खर्ब केवल सयजनाले ऋण लिएका छन् । यसरी सरकारी पुँजीमा उनीहरूको एकलौटी पकड छ ।

न्यायप्रणाली महँगो मात्र नभएर ढिलासुस्ती र अन्यायपूर्ण रहेको छ । निर्वाचनप्रणाली महँगो भएको स्वयम् संसदीय नेताहरूले नै खुलासा गरेका छन् । वर्तमान संसदीय व्यवस्था, पार्टी र नेतासँग वाक्क भएर युवाहरू स्वतन्त्र हुने गरेका छन् । संसदीय प्रणाली र व्यवस्थाले जनतालाई कुनै राहत दिनुको सट्टा आहत नै आहत दिएको छ । २०७७ साल फागुन २१ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी र सरकारबीच भएको ३ बुँदे सहमति अहिलेसम्म लागू भएको छैन जसका कारण अहिले पनि दर्जनौँ नेता-कार्यकर्ताले जेलजीवन बिताउनु परिराखेको छ । अदालतले धमाधम पक्राउ पुर्जी जारी गरेको छ । मुद्दा लगाइएकाहरूमध्ये कैयौँको सम्पत्ति जफत गरिएको छ । यसबाट वर्तमान राज्यप्रणाली, सरकार फासिस्ट बन्दै गइराखेको छ । जनजीविका झनै अत्यासलाग्दो छ । पढेका, तालिम प्राप्त नवयुवाहरूसमेत रोजगारविहीन छन् । कक्षा १२ उत्तीर्ण विद्यार्थीको लर्को विदेशतिर छ । विगत ८ महिनामा १ लाख २ हजार युवा नो अब्जेक्सन लेटर लिएर बिदेसिएका छन् । अहिलेसम्म श्रम गर्नयोग्य ६९ लाख जनशक्ति विदेशमा छ । दुई किसिमको शिक्षाप्रणाली छ र त्यो पनि अचाक्ली महँगो छ । सबै प्राविधिक शिक्षा महँगा र निजी छन् । नेपालका सबैभन्दा धनी र उद्योगपतिहरूले निजी शिक्षा र स्वास्थ्यमा लगानी गरेका छन् । आमजनताले उपचारका लागि आफ्नो चलअचल सम्पत्ति बेच्नुपरेको छ । उपभोग्य वस्तुको मूल्य दिनप्रतिदिन बढिरहेको छ । पेट्रोलियम पदार्थको मूल्य बढेको बढ्यै छ । अन्तर्राष्ट्रिय बजारमा दुई-दुईपटक मूल्य घट्दा पनि यहाँ घटाइएको छैन । भ्रष्टाचारले नलपेटेको कुनै क्षेत्र छैन ।

माथि उल्लेख गरिएका सबै समस्याको जड वर्तमान दलाल संसदीय राज्यप्रणाली र व्यवस्था हो । जबसम्म यो व्यवस्था र राज्यप्रणालीको समूल नष्ट गरी वैज्ञानिक समाजवाद स्थापना हुँदैन तबसम्म यस्ता समस्या झनै थपिँदै जान्छन् । वैज्ञानिक समाजवादमा मात्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न सकिन्छ । तसर्थ सबै देशभक्त, जनवादी, प्रगतिशील शक्ति एक भएर वैज्ञानिक समाजवादका लागि सङ्घर्ष गर्नुको विकल्प छैन । सङ्घर्ष गर्नका लागि सङ्गठित हुन जरुरी छ । त्यसैले सम्पूर्ण श्रमिक, उत्पीडित जनसमुदायलाई नेपाल कम्युनिस्ट पार्टी (बहुमत), यसका जनवर्गीय सङ्गठन र मोर्चामा सङ्गठित हुन अनुरोध गर्दछ । आउनुस्, सबै देशभक्त, सच्चा वामपन्थी, प्रगतिशील शक्ति एक होऔँ ।

हाम्रो पार्टीले नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई लिएर तपसिलका मुद्दाहरू किटान गरेको छ :

**राष्ट्रियतासम्बन्धी मुद्दाहरू**

१) हिन्द-प्रशान्त रणनीतिअन्तर्गत अमेरिकी साम्राज्यवाद र नेपालबीच भएको सहश्राब्दी चुनौती निगम (MCC) तथा राज्य साझेदारी कार्यक्रम (SPP) सम्बन्धी सम्झौता खारेज गरिनुपर्छ ।

२) नेपाल र भारतबीच भएका असमान सन्धि-सम्झौताहरू खारेजी तथा पुनरावलोकन गरिनुपर्छ ।

३) नेपालका विभिन्न स्थानमा भारतद्वारा अतिक्रमित भूभाग फिर्ता गराउन राज्यद्वारा पहल गरियोस् । यसका साथै खुला सिमाना बन्द गरी वर्क पर्मिट (श्रम स्वीकृति) को व्यवस्था गरिनुपर्छ ।

४) साम्राज्यवादी तथा प्रतिक्रियावादी उद्देश्यद्वारा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सरकारद्वारा नियन्त्रण तथा नियमन गरिनुपर्छ ।

५) आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासका लागि उद्योग, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ । यसको विकल्पमा राज्यद्वारा सञ्चालित राष्ट्रिय उद्योगहरू स्थापना गरिनुपर्छ ।

६) सम्पूर्णखाले साम्राज्यवादी सांस्कृतिक अतिक्रमण अन्त्य गरिनुपर्छ ।

**जनतन्त्रसँग सम्बन्धित मुद्दाहरू**

१) जनताको वास्तविक जनगणतन्त्र स्थापना गर्न प्रत्याह्वानको व्यवस्थासहित निर्वाचित कार्यकारी प्रमुख र न्यायपालिका भएको स्वाधीन संयुक्त सरकार गठन गरिनुपर्छ ।

२) आत्मनिर्णयको अधिकारसहित उत्पीडित राष्ट्रियता र उत्पीडित क्षेत्रहरूको स्वायत्तता लागू गरिनुपर्छ ।

३) महिला हिंसा तथा लैङ्गिक विभेद, जातीय प्रथा, वर्ण विभेद, मुस्लिम तथा मधेसी समुदायमाथिको विभेद अन्त्य गरिनुपर्छ ।

४) तीनबुँदे सहमतिविपरीत र जनयुद्धको प्रक्रियामा लगाइएका झूट्टा मुद्दा खारेज गरी सम्पूर्ण राजबन्दीहरू रिहा गरिनुपर्छ ।

**जनजीविकासम्बन्धी मुद्दाहरू**

१) सम्पूर्ण नेपाली जनतालाई जमिनमाथि जन्मसिद्ध अधिकार सुनिश्चित गरिनुपर्छ ।

२) दलाल तथा नोकरशाही पुँजीको राष्ट्रियकरण गरी राष्ट्रिय उद्योगहरूको स्थापना गरिनुपर्छ ।

३) सम्पूर्ण नेपाली नागरिकको आवासको व्यवस्था राज्यद्वारा सुनिश्चित गरियोस् र सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको तुरुन्त वैकल्पिक व्यवस्था गरिनुपर्छ ।

४) सम्पूर्ण श्रमिकहरूको न्यूनतम् ज्याला दैनिक १ हजार हुने गरी कडाइपूर्वक लागू गरिनुपर्छ ।

५) विदेशमा पलायन भइरहेको सीप र श्रमलाई रोक्न स्वदेशमा रोजगारीको योजनाबद्ध व्यवस्था गरिनुपर्छ ।

६) किसानहरूलाई उपयुक्त समयमा नै मल, बिउ, औजारको सस्तो र सुलभ उपलब्धताका साथै किसानको उपज राज्यद्वारा खरिद गर्ने व्यवस्था गरिनुपर्छ । मल उत्पादन कारखाना सरकारी नियन्त्रणमै खोलिनुपर्छ ।

७) सबैलाई निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गरिनुपर्छ ।

८) साना तथा मझौला उद्योगहरूलाई विशेष सहुलियतको व्यवस्था गरिनुपर्छ ।

९) अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाको राज्यद्वारा उचित संरक्षण प्रदान गरिनुपर्छ ।

१०) जनयुद्ध र जनआन्दोलनका घाइते तथा अपाङ्ग योद्धाहरूको उपचार तथा जीविकाको उचित व्यवस्था गरिनुपर्छ ।

११) कालोबजारिया, तस्कर, घूसखोर, भ्रष्टाचारी, कमिसनखोरहरूलाई कडा सजाय गरी अनुचित रूपले आर्जित सम्पत्ति राष्ट्रियकरण गरिनुपर्छ ।

१२) मिटरब्याजी, लघुवित्तहरू, सहकारीहरू र बैङ्कहरूद्वारा गरिएको सूदखोरीको नियमन गरी संलग्नहरूलाई कडा कारबाही गरिनुपर्छ ।

१३) लागूपदार्थको दुर्व्यसन अन्त्य गर्न राष्ट्रिय संयन्त्र गठन गरिनुपर्छ ।

**नाराहरू**

- स्वाधीन संयुक्त सरकार गठन गर- प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर ।
- जनताको नैसर्गिकता- जमिन, शिक्षा, स्वास्थ्य र आवासको सुनिश्चितता ।
- व्यक्ति होइन सत्ता बदलौँ- सुधार होइन आमूल परिवर्तन गरौँ ।

# नेकपा (बहुमत) सर्लाहीको अभियान जारी, जनसङ्गठन निर्माण तीव्र




सर्लाही/ नेकपा (बहुमत) मधेस प्रदेशको आयोजनामा सर्लाहीमा राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान २०७९ का क्रममा तीव्र रूपमा जनसङ्गठनहरू निर्माण भएका छन् ।

अभियानकै क्रममा जिल्लाको गोडैता वडा नं. १० र ११ मा आयोजित जनभेलाबाट कृषनन्दन चौधरी अध्यक्ष रहेको १३ सदस्यीय अखिल (क्रान्तिकारी) को एकाइ समिति गठन गरिएको छ ।

त्यसैगरी सोमारीदेवी मण्डलको अध्यक्षतामा १५ सदस्यीय अखिल नेपाल महिला सङ्गठन, अमरेश चौधरी अध्यक्ष रहेको युवा जनस्वयम्‌सेवक नेपाल, महेन्द्र चौधरी अध्यक्ष रहेको १३ सदस्यीय मधेसी मुक्ति मोर्चाको एकाइ समिति गठन गरिएको छ ।

यसैगरी अभियानकै क्रममा गोडैता नगरपालिका, हरिवन नगरपालिका, बागमती नगरपालिका, विष्णु गाउँपालिका, मलङ्गवा नगरपालिकालगायत स्थानमा मार्च पास्ट, कोणसभा, भित्तेलेखन गरिएको छ । अभियानमा मिटरब्याजी, स्थानीय तहहरूको बेरुजू, भ्रष्टाचार, दलाल संसदीय व्यवस्थाको भण्डाफोर गर्दै जनजागरण सञ्चालन गरिएको छ ।

अभियानमा देशभक्त, वामपन्थी, क्रान्तिकारी शक्तिहरूलाई सङ्गठित गरिएको छ । सर्लाही जिल्लाको सदरमुकाम मलङ्गवामा मार्च पास्टपछि कोणसभा आयोजना गरिएको थियो । कोणसभामा पार्टी नवौँ महाधिवेशन आयोजक समितिका सदस्य सुमन र नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा सर्लाही जिल्ला इन्चार्ज निर्माणले सम्बोधन गरेका थिए । निर्माणले गाउँगाउँमा अभियान पुग्दा नागरिकहरू राज्यसत्ताबाट ज्यादै उत्पीडनमा परेको पाइएको बताए । पार्टीको अभियान गाउँमा पुग्दा जनता निकै उत्साहित भएर सङ्गठित भएको पनि उनले बताए ।

# नवलपुर र नवलपरासीमा जनजागरण अभियान उद्‌घाटन





काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) नवलपुर र नवलपरासीको संयुक्त अभियान उद्‌घाटन भएको छ ।

अभियान उद्‌घाटन गर्दै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सल्लाहकार समिति सदस्य विश्वासले विद्यमान नवऔपवेशिक दलाल नोकरशाही पुँजीवादी व्यवस्थाका विरुद्ध राष्ट्रिय जनजागरण अभियान सञ्चालन गरी स्वाधीन सरकार निर्माण गरिने बताए । उनले शान्ति र समृद्धिका लागि अहिलेको अस्थिर सरकार मात्र नभएर संसदीय व्यवस्थाकै अन्त्य गरेर मात्र स्थायी शान्ति प्राप्त सकिने धारणा पनि राखे ।

अभियानमा नेपाल कम्युनिस्ट पार्टी (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा नवलपुर जिल्ला इन्चार्ज बन्दना, नवलपरासी इन्चार्ज शीतल, युवा जनस्वयम्‌सेवककी केन्द्रीय सचिवालय सदस्य रोशनीलगायतको आतिथ्य रहेको थियो भने अभियान उद्‌घाटन कार्यक्रमको सञ्चालन विशालले गरेका थिए ।

# नेकपा (बहुमत) रूपन्देहीको दोस्रो पूर्ण बैठक सम्पन्न

रूपन्देही/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) रूपन्देहीको दोस्रो पूर्ण बैठक सम्पन्न भएको छ । बैठकले नवऔपनिवेशिक दलाल नोकरशाही पुँजीवादी व्यवस्थाका विरुद्ध एकीकृत जनयुद्ध सञ्चालन गर्ने निर्णय गरेको छ ।

रूपन्देहीको बुटवलमा बसेको बैठकले भ्रष्टाचार, महँगी, कालोबजारी, तस्करीलगायत राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा सङ्घर्ष गर्ने निर्णय पनि गरेको छ । बैठकले विभिन्न विभाग निर्माण गरी विभागीय जिम्मेवारीसमेत तोकेको छ । बैठकले यही भदौ १० गते अखिल नेपाल महिला सङ्गठन रूपन्देहीको जिल्ला सम्मेलन गर्ने निर्णय पनि गरेको छ ।

बैठकमा प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का केन्द्रीय सचिवालय सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज शार्दूल, विशेष अतिथि नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य तथा रूपन्देही जिल्ला इन्चार्ज प्रवेश, अतिथिहरू अर्घाखाँची जिल्ला संयोजक बारुद, पाल्पा जिल्ला संयोजक दिग्दर्शन, युवा जनस्वयम्‌सेवक लुम्बिनीका मिलनको उपस्थिति रहेको थियो । बैठकको अध्यक्षता तथा सञ्चालन जिल्ला संयोजक सुनिलले गरेका थिए ।


## बुढानीलकण्ठ नगरपालिकाको अनुरोध

- बालविवाहलाई निरुत्साहित गरौ र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं, गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफनो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं तथा कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं ।
- लैगिक हिंसा विरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचार संहिता पालना गरौं। - दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, वागमती प्रदेश, नेपाल



## खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरूरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।



**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१-४२६२९७०, ४२६३४८५



## तारकेश्वर नगरपालिकाको अनुरोध

- बालविवाहलाई निरुत्साहित गरौ र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं, गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफनो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं तथा कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं ।
- लैगिक हिंसा विरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचार संहिता पालना गरौं। - दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, वागमती प्रदेश, नेपाल


निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : झनक श्रेष्ठ, डिजाइन : अग्निराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ